मुहिगुम अङसीमाङ फाल्गुनन्दका

चार अमर धाम



चन्द्रकुमार सेर्मा लिम्बू 'पापोहाङ'



मुहिगुम अङसीमाङ फालगुनन्दका चार अमर धाम

चन्द्रकुमार सेर्मा लिम्बु 'पापोहाङ'

प्रकाशक
नरबहादुर एभेङ लिम्बु
श्रीमती शान्ति आङबुहाङ एभेङ

मुहिगुम अङसीमाङ फाल्गुनन्दका चार अमर धाम

लेखक : चन्द्रकुमार सेर्मा लिम्बु,
वलने-५, पान्थर, ०१-२०२२६८८, ०२३-५८२४५२

सर्वाधिकार : किरात याक्थुङ पापोहाङ सेर्मा चन्द्रकुमार सेर्मा लिम्बु प्रतिष्ठान

प्रथम संस्करण : २०६६ पुस ३ गते, ११११ प्रति
टाइप : नोवाहाङ सेर्मा लिम्बु रकेशव अधिकारी
डिजाइन : स्नेह डिजाइन, बागबजार, ९८०३९९२१५३
मूल्य : व्यक्तिगत रू. २००।-
संस्थागत रू.५००।-
सहयोग रू.

प्रकाशक : नरबहादुर एभेङ लिम्बु
श्रीमती शान्ति आङबुहाङ एभेङ
भरौल, सुनसरी/विशाल चोक, ललितपुर
हाल : हङकङ, चीन
०१-५५३५८५९, ००८५२-९८३४०८१४, २६२५१४१५

मुद्रक : श्वेतकाली छापाखाना, काठमाण्डौ

किरात धर्मगुरू
अडसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ'
बाँझो-९, लारुम्बा, इलाम, फोन नं. ०२३-८११४६

आनोमु:ई आशीर्वचन

किरात धर्मदर्शन र मुहिगुम अडसीमाङ फाल्गुनन्दको विषयमा मेरो सामिप्यमा रही तीन दशकभन्दा बढी खोज अनुसन्धान, अध्ययन गरि गहिराइमा डुबुल्की मारेका मेरो प्रिय चेला चन्द्रकुमार सेर्माको धेरै पुस्तकहरूमध्ये पन्ध्रौं कृति अत्यन्त महत्व राख्ने *मुहिगुम अडसीमाङ फाल्गुनन्दका चार अमर धामहरू* नामक पुस्तक लेख्नु भएको आद्योपान्त हेर्न पाउँदा अत्यन्त खुशी लाग्यो।

किरात धार्मिक वाङमयमा भूल्न नहुने बारबार सम्झना र पूण्यताको आदर्श बोकेर ऐतिहासिक दस्तावेजहरू भएको १. जन्मभूमि, २. ज्ञानभूमि, ३. कर्मभूमि र ४. तीर्थभूमि यी चार पूण्यभूमिहरू वास्तविक मानवमात्रको मुक्तिभूमि, मोक्षभूमि, ज्ञानभूमि, ध्यानभूमि, चेतनाभूमि र तीर्थभूमिको रूपमा स्थापित स्थलहरू शास्वत माङनिङवा माङसेवा भएका छन्।

उहूको ज्ञान उपदेश र साम्जीक मुन्धुममध्ये यी चार अमर धामहरू बहुचर्चित, बहुआयामिक र बहुजन हितायको रूपमा कोशेढुङ्गा भएको तथ्य सत्यहरू समेटिएको वर्णनात्मक विश्लेषणात्मक धार्मिक संगालो अत्यन्त सान्दर्भिक समसामयिक छ। अवश्यमेव किरात धर्ममा एउटा सानो ईंटा थपिएको सम्झेको छु।

यस पूण्य काममा योगदान पुऱ्याउने प्रकाशकद्वय सुनसरी भरौल-३, हालः हङकङ निवासी नरबहादुर एभेङ र श्रीमती शान्ति एभेङहरूको स्वच्छ पवित्र भक्त भावना औ किरात धर्म र मुहिगुम अडसीमाङ फाल्गुनन्द लिङ्देनप्रति देखाउनु भएको धार्मिक आस्था, श्रद्धा सुमनको हार्दिक प्रशंसा गर्दै आशीर्वाद आनोमुईः दिन चाहन्छु। तागेरा निङवाभूमाङ्को कृपाले उहाँहरूमा सिद्धिशक्ति, ज्ञानशक्ति, विवेकशक्ति माङवा-हाङवा कुङमा, नोमावा-तामावा खोःमा, माङलिङमा माङओप्मा, माङकेप्मा तागेरा निङवाभूमाङ केप्माको लागि हार्दिक धन्यवाद आशीर्वाद दिन चाहन्छु।

यसरी नै लेखकको खोजमूलक अनुसन्धानात्मक चिन्तन लेखनको प्रशंसा गर्दै पुस्तक सफल तथा अमर रहोस् भन्ने शुभकामनासाथ परमात्मा परमेश्वर तागेरा निङवाभूमाङले हामी सबैको कल्याण गरून्। तियाहा !

किरात धर्मको - जय !

मुहिगुम अडसीमाङ फाल्गुनन्द लिङ्देन - अमर रहुन !!

गुरूआश्रम बाँझो - ९, इलाम
०२३-६९४४०९

आत्मानन्द लिङ्देन 'सेइङ'
प्रमुख संरक्षक, किरात धर्म

संविधानसभाका अध्यक्षको कार्यालय

कार्यालय : ४-२००१५९
☎ ४-४८५३७४
निवास : ४-४२४०६६
फ्याक्स : ९७७-१-४२००१३७
संसद भवन, सिंहदरबार ।

सुवाषचन्द्र नेम्वाङ्ग
अध्यक्ष

मिति २०६६।५।१२

शुभकामना सन्देश

वरिष्ठ ज्योतिषी एवं धार्मिक अध्येता श्री चन्द्रकुमार सेर्माको निरन्तर कियाशिलताको परिणामस्वरुप "महागुरु फाल्गुनन्दका चार अमर धामहरु" नाम पुस्तक प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

लामो समय देखि किरांत धर्म, भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा निरन्तर कलम चलाउदै आउनु भएका लेखकको लगन र मिहनेतको म सराहना गर्दछु । यस पटक पन्ध्रौं कृतिको रुपमा प्रकाशन हुने प्रस्तुत पुस्तकले किरांत धर्मका महागुरु फाल्गुनन्दसग सम्वन्धित चार अमर धामहरुको वारेमा पर्याप्त जानकारी प्रदान गर्नेछ र महागुरु फाल्गुनन्द वारे अहिलेसम्म जानकारीमा नआएका धेरै तथ्यहरुको सम्वन्धमा प्रकाश पार्नेछ भन्ने मेरो विश्वास छ ।

अन्तमा पुस्तक पठनीय र संग्रहणीय हुने विश्वास व्यक्त गर्दै लेखक र पुस्तकको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुवास चन्द्र नेम्वाङ्ग

मा. पूर्णकुमार सेर्मा लिम्बू
मन्त्री
स्थानीय विकास

निवासः ५-५४२१४६
कार्यालयः ५-५२३३२९
५-५२३४९७
फ्याक्स नं.: ५-५२३४९७

पत्र संख्याः-
चलानी नं.:-

शुभकामना

किरात धर्मका महागुरु महान दार्शनिक हुन्, उहाँद्वारा प्रतिपादित किरात धर्म, दर्शन र कर्मकाण्डहरु आज किरात धर्मावलम्बीहरुको शास्वत जीवन दर्शन बन्न पुगेको छ। यो नेपाल राष्ट्र र नेपाली मात्रको गौरवको कुरा हो।

यद्यपि उहाँको जीवन दर्शन र ज्ञानबारे गहिरो खोज, अनुसन्धान, अध्ययन मनन क्षेत्रमा विद्वतवर्गहरु लागिरहनुपर्ने देखिन्छ। यस विधामा लामो समयदेखि सेवागर्दै आउनु भएका भतिजा श्री चन्द्रकुमार सेर्मा लिम्बूको "महागुरु फाल्गुन्दका चार अमर धामहरु" नामक कृति प्रकाशन हुन लागेको सुन्दा महागुरुको उपदेश, धर्म दर्शनमा एउटा गहकिलो इँटा थपिइएकोमा अत्यन्त खुशी लागेको छ।

लेखकको कृतित्व, व्यक्तित्व महागुरु फाल्गुनन्दको अमरनाम सँगसँगै अवश्य रहि रहनेछ भन्ने कुरामा दृढ विश्वास लिएको छु।

अन्तमा यो ज्ञानमूलक पुस्तकका मर्महरुले सम्पूर्ण पाठकवृन्द, धर्मभक्तजन र ज्ञान पिपासु लगायत महागुरु फाल्गुनन्द अनुयायीहरुको मन, बुद्धि, हृदय र आत्मा चुम्न सकोस्, पुस्तक प्रकाशकः सुन्सरी भरौल निवासी हाल-हडकडका नरबहादुर एभेड श्रीमती शान्ति एभेड समेतलाई हार्दिक धन्यवाद दिंदै लेखकप्रति शुभ आशीष, शुभ कामना व्यक्त गर्दछु। धन्यवाद

जय नेपाल !

पूर्णकुमार सेर्मा लिम्बू
मन्त्री
स्थानीय विकास

प्रकाशकीय

किरात धर्म दर्शन र आध्यात्ममा विश्वास राख्ने मुन्धुममार्गी हौं। मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको साम्जीक मुन्धुम अङसीमाङ आत्मानन्द लिङ्देनको धर्मोपदेशलाई आत्मासात् गर्दै सात्विक जीवनयापन गर्ने सामान्य धर्मावलम्बी भक्तको रूपमा हङकङमा सेवारत छौं।

मानिस जन्मपछि मरणसम्मको यात्रालाई जीवन भनिन्छ। मानव जीवनले जीउदोमा परोपकारी मानवहीतकारी धर्मकर्म ध्यान, ज्ञान, दान र भगवानको सेवा गरेर मृत्युपर्यन्त मोक्ष प्राप्त गर्न पाउनु नै पूर्णता जीवन हो भन्ने मुन्धुम ज्ञानप्रतिको हाम्रो अगाध श्रद्धा र विश्वास रहेको छ।

झुट्ठै हो माया, झुट्ठै हो काया, झुट्ठै हो संसार, दार्शनिक दृष्टिकोणले यो वाक्यांश गम्भीर, वैराग्य र विचारणीय छ। माङको कृपा भयो। आदरणीय गुरू चन्द्रकुमार सेर्माद्वारा आव्हान भयो 'मुहिगुम अङसीमाङ फाल्गुनन्दका चार अमर धामहरू' नामक पुस्तक प्रकाशन गर्नु प्रस्तावको सहर्ष स्वीकार गर्दै यो ज्ञानमूलक ग्रन्थ प्रकाशन गर्न पाउँदा केही हदसम्म आत्मा सन्तोष लागेको छ। मुहिगुम अङसीमाङको जन्मभूमि चुक्चीनाम्बा, ज्ञानभूमि खत्रक्पा, कर्मभूमि सिलौटी, लोब्रे, तीर्थभूमि फक्ताङलुङ साूच्ची नै किरात धर्म वाङमयमा अत्यन्त ऐतिहासिक मोक्षभूमि, ज्ञानभूमि, कर्मभूमि र तीर्थभूमि चार अमर धामहरूको विशिष्ट स्थान र उच्च मान्यता रहेको स्पष्ट छ।

विश्वका किरात धर्मावलम्बीहरूले यस ठाउमा दर्शन गरेर शान्तिको अनुभूति मुक्तिको श्वास फेर्न पाउने, आत्मामा सन्तुष्टी लिने वास्तवमा चार धामको बेग्लाबेग्लै रहस्य औ पूण्यता बोकेको पवित्र भूमिको प्रकाशनले किरात धर्मको मुन्धुम, जान्न चाहाने जिज्ञासु उत्सुक भक्तजन एवं अन्वेषकहरूको लागि केही ज्ञान दिन सकेको खण्डमा आफ्नो सेवा सफल भएको सम्झदै अङसीमाङको पूर्ण आशीर्वाद, परमात्मा परमेश्वर तागेरा निङवाभूमाङको अमूल्य प्रसाद मिलेको सम्झेका छौं।

प्रस्तुत लेख रचनाको कला आदरणीय सेर्मागुरू लेखकप्रति धन्यवाद प्रकट गर्दछौं। अमृतमय ज्ञानमय यो सानो पुस्तकमालामा आनोमुःई दिनुहुने अङसीमाङ आत्मानन्द लिङ्देनको पाउमा सदभक्ति चढाउँदै अन्य शुभकामना दिनुहुने सम्माननीय संविधान सभाध्यक्ष सुवासचन्द्र नेम्बाङ, स्थानीय विकासमन्त्री माननीय पूर्णकुमार सेर्माहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

अन्त्यमा, तागेरा निङवाभूमाङ परमात्मा परमेश्वरले हामी सबैको कल्याण गरून्।

किरात धर्मको – जय !

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन – अमर रहुन् !!

भरौल – ३ सुनसरी, कोशी, विशाल चौक, ललितपुर
हालः हङकङ, चीन
हङकङ ००८५२-६२५१४१५/९८३४०८१४

नरबहादुर एभेङ लिम्बु
श्रीमती शान्ति एभेङ लिम्बु
०१-५५३५८५९

Chandra Kumar Serma Limbu
Walane–5, Panchthar
Kirtipur, Kathmandu

चन्द्रकुमार सेर्मा लिम्बू 'पापोहाङ'
वलने-५, पाँचथर
कीर्तिपुर, काठमाडौं

लेखकीय

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको विषयमा लेखेर, बोलेर, खोजेर नटुङ्गिने एउटा अनन्त यात्रा, एक अथाह महासागर, असिमित आकाश गंगा झैं अखण्डित र हेछ भन्ने ज्ञान दर्शनमा डुबेपछि थाहा पाएँ। ३६ वर्षसम्म लगातार खोज अनुसन्धानमा लागेको लागेकै छु, तरपनि छेउ पुग्न सकिँदैन। मैले बुझेको छु, भोग र भोजनमा सन्तुष्टी मान, भक्त र भजनमा अभावै अभाव ठान।

बस्, यही मेरो यात्रा मुहिगुम अङसीमाङप्रतिको मेरो भक्ति, अङसीमाङ आत्मानन्द लिङ्देनप्रतिको श्रद्धा, आस्थाले उनै तागेरा निङवाभूमाङको कृपाले 'मुहिगुम अङसीमाङ फाल्गुनन्दका चार अमर धामहरू' पाठक समक्ष आएको छ। अलिकति भएपनि मुहिगुम अङसीमाङको जन्मभूमि, ज्ञानभूमि, कर्मभूमि र तीर्थभूमिको विषयमा भक्तजनहरूको चाखलाई केही हदसम्म प्यास मेटाउन वा आत्मा, मन, छुन सकेको खण्डमा आफ्नो मिहनेत पूर्ण सफल भएको माङको माङसोप्पा प्रसाद सम्झने छु।

मेरो पन्ध्रौं पुस्तकको रूपमा पुस्तक प्रकाशन गरी धन्य धन्य बनिदिनुहुने नर बहादुर लिम्बू (नरवीर) एभेङ, श्रीमती शान्ति एभेङ, आङबुहाङप्रति आभार प्रकट गर्दछु। शुभआशिष दिनुहुने अङसीमाङ आत्मानन्द लिङ्देनको चरण कमलमा माङसेवा ढोग चढाउँदै शुभकामना र सम्माननीय सभाध्यक्ष सुवासचन्द्र नेम्बाङ, स्थानीय विकासमन्त्री माननीय पूर्णकुमार सेर्मा लिम्बुसमेतलाई धन्यवाद दिन चाहान्छु। टाइपिङ गरिदिने कान्छा छोरा नोबाहाङ सेर्मा र केशव अधिकारी, डिजाइनर स्नेह डिजाइन, प्रुफ हेरिदिने दक्षिण एशियाली ज्योतिष महासंघका सह–अध्यक्ष धर्माचार्य शिवशंकर न्यौपाने तथा सम्पादन गरिदिनुहुने किरात आवाजका प्रकाशक/सम्पादक नविन लिङ्देनलाई समेत साधुवाद दिन चाहान्छु। ज्ञानवर्द्धक पुस्तकहरू लेख्ने अवसर पाइ रहौं। श्री सरस्वती माता निसाम्माङ, युमामाङ तागेरा निङवाभूमाङसँग प्रर्थना गर्दछु।

सेवारो !

किरात धर्मको – जय !!

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन – अमर रहुन् !!!

.....

वलने–५, पान्थर
कीर्तिपुर, काठमाण्डौ

चन्द्रकुमार सेर्मा लिम्बू 'पापोहाङ'
०१–२०२२६८८, ०२३–५८२४५२

विषयसूची

विषय	पृष्ठ
शुभकामना	
अङसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ'	क
सुवासचन्द्र नेम्बाङ	ग
पूर्णकुमार सेर्मा लिम्बु	घ
प्रकाशकीय	ङ
लेखकीय	च
जन्मभूमि	१
जन्मभूमि चुक्चिनाम्बा	४
फाल्गुन्दको जन्मभूमि	८
फाल्गुनन्द निर्मित माङहिम एवं धर्मशाला	१९
फाल्गुनन्दको आहारा	२१
ज्ञानभूमि बोधभूमि खत्रक्पा	२२
मुन्धुमी भाषामा	२४
ज्ञानभूमि फुःलुङगी वर्णन	३१
कर्मभूमि सिलौटी लोब्रेकुटी	३४
त्रिशुल उखेल्ने	३८
ऐतिहासिक दश बुँदे सत्यधर्म मुचुल्का	४१
सत्यधर्म मुचुल्का एक विश्लेषण	५४
महातीर्थ फक्ताङलुङ मुक्तिभूमि	६६
फक्ताङलुङ महातीर्थस्थल स्थापना	७१
फक्ताङलुङ कुम्भकर्णमा धर्मशाला निर्माण	७३
महातीर्थभूमि फक्तालुङको वर्णन	७४
फक्ताङलुङबारे मुहिगुम अङसीमाङको मुन्धुम	७९
मुहिगुम अङसीमाङद्वारा फक्ताङलुङमा माङवाणी	८१

फक्ताङलुङको दर्शन नगरी नहुने महत्वपूर्ण पोखरीहरू ८५
मुहिगुम अङसीमाङ फाल्गुनन्दद्वारा आदाप-पत्र ९६
छिर्लिङ्गे ओडार ९८
हजारे ओडार (हेन्छीङ फुक्कु) १००
फाल्गुनन्दका स्मरणीय घटनाहरू १०१
मुहिगुम अङसीमाङद्वारा विभिन्न ठाउँमा पानी वर्षा १०६
मुहिगुम अङसीमाङले पानी उमार्नु भएका ठाउँहरू १०८
बाढी पैह्रो थामेको ११२
उपकार र उपचार क्रममा काठमाण्डौ यात्रा ११३
किरात साम्जीक मुन्धुमहरू १२१
धर्मोपदेशहरू (माङसिवाखाहुन) १३३
मरण २००५ चैत २२ १४६
मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको वंशवृक्ष १४९

जन्मभूमि

मेची अञ्चल इलाम जिल्ला, इभाङ–५, चुक्चिनाम्बा मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको जन्म अवतरण भूमि जन्मभूमि, पुण्यभूमि र मूक्तिभूमिको रूपमा पूजनीय छ। यही पुण्य पवित्र जन्मभूमिको बारेमा यहाँ उल्लेख गरिएको छ।

नेपालको पूर्वको, मेची अञ्चल इलाम जिल्लाको सुदूर पश्चिम दिशामा पर्ने इभाङ गाउँ विकास समिति वडा नं. ५ चुक्चिनाम्बाको डाँडागाउँ पवित्र औ पुण्यभूमि महाभारत डाँडाको काखैमा करिब डेडसय मिटर मुनि चिटिक्क परेको पूर्व र दक्षिण फर्केको पहारिलो रमाइलो गैरीगाउँ छ, जहाँबाट कुम्भकर्ण हिमाल र मुहिगुम अङसीमाङ फाल्गुनन्दको समाधिस्थल सिलौटी कुटीको ध्वजेडाँडा देखिन्छ। पारि भित्ता अनकण्टार डरलाग्दो ठूलो भीर भएकोले घोर्ले भीरको नाममा चर्चित ठाउँको चेपचाप, सेपसाप, दहगाउँमुनि सिरानघरमा, उराठलाग्दो, विरक्त चल्ने वैराग्यले भरिपूर्ण ठाउँ, सानो गाउँ जसलाई पहिले चारखोला भनिन्थ्यो। यसलाई जोगमाई, देवमाई, पुवामाई र महमाई यी ४ प्रसिद्ध खोलाहरू बगेको क्षेत्र वा थुम भएकोले चारखोला भनिएको हो।



मुहिगुम अङसीमाङ फाल्गुनन्दको जन्मभूमि गाउँ

मुहिगुम अङसीमाङको जन्मभूमि

फाल्गुनन्दको जन्मभूमिमा लेखक

त्यो थुम १० लिम्बुवान प्रान्तका १७ थुममध्ये एकथुम पर्दथ्यो। दहगाउँ भनिएको साँच्चै नै उहिले उनायुगमा दह थियो। त्यही दह वा पोखरी कालान्तरमा पुरिएर बस्ती बस्नयोग्य भूमि बन्यो। त्यस गाउँको नाम दह गाउँ नै रहन गयो। यहीँ जन्मनु भएको भूमि ठीक बिन्दु डाँडा-डाँडा परेको उत्तरपूर्व फर्केको थुम्की भित्ताको काखमा हुनाले डाँडागाउँ र फेदी तथा त्यस क्षेत्रका यी स-साना क्षेत्रलाई समग्रमा चुक्चिनाम्बा भनिन्छ।



फाल्गुनन्दले रोप्नु भएको नास्पाति



फाल्गुनन्दको जन्मभूमिमाथिको बर

सौर वृक्षलाई लिम्बु याक्थुङ किरात मुन्धुमी भाषामा चिक्चो र गन्धलाई कुनाम वा नाम्बा भनिन्छ। अतः कुनै समय सौरको फूल फुलेको बास्ना मगमगी आउँदथ्यो चुक्चि = सौरवृक्ष फूल्दा गन्ध = नाम्बा कुनाम, चुक्चिरे कुनामबाट चुक्चिनाम्बा नामाकरण भएको ऐतिहासिकतालाई वर्तमानमा चुक्चिलिम्बा भन्ने गरिन्छ। फाल्गुनन्दको जन्म अवतरण भएको यही ठाउँमा वि. सं. १९८६ सालमा किरातेश्वर हाङसाम माङहिम निर्माण गर्नु भएको पुण्यभूमिमा माङहिम र जन्मभूमिको दर्शन गर्न संसारभरका किरात धर्मावलम्बीहरू वर्षेनी आउने जाने तीर्थभूमिको रूपमा मान्दछन्। कालान्तरमा युगौंयुग पछि गएर चुक्चिनाम्बा पुण्यभूमि धार्मिक थलोको रूपमा विश्वभर प्रसिद्ध हुनेछ।

चुक्चिनाम्बा माङहिम



मुहिगुम अङसीमाङद्वारा निर्मित वि.सं. १९८६



नवनिर्मित माङहिम







मुहिगुम अङसीमाङले प्रयोग गर्नुभएको लोहोटा, पञ्चपात्रो, अचमनी, चमच तथा श्री ३ राणाद्वारा चढाइएको श्री गणेश र नागको मूर्ति

जन्मभूमि चुक्चिनाम्बा

जम्बुद्वीप उत्तरखण्ड, कैरात देश, नेपाल अधिराज्य पल्लो किरात लिम्बुवान सुदुर पूर्वाञ्चलको मेची अञ्चल, इलाम जिल्ला इभाङ गाविस वडा नं. ५ चुक्चिनाम्बा, डाँडागाउँ, आगौटे, चारखोलामा **वि. सं. १९४२ कात्तिक २५ गते आइतबार** रात्रि ८:३० मिथुन लग्नमा अनुराधा नक्षत्र, द्वितीया तिथि, पद्मयोगमा मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको जन्म अवतरण भएको हो। ज्योतिष शास्त्र अनुसार मुहिगुम अङसीमाङ फाल्गुनन्दको जन्म लग्न कुण्डली, निम्नानुसार छ।

लग्न



पोङवेन



मुहिगुम अङसीमाङ फाल्गुनन्दको जन्म कुण्डलि

बुबा जगनबाज लिङ्देन र आमा हंसमतीको कोखमा धेरै नानीहरू जन्मदै खेर गएकोले पुत्रशोकबाट हैरान भएका बुबा आमा दुःखले पिरोलिइरहेका थिए। यो बालक पनि पहिलाको झैं नबाँच्ने होला कि भन्ने आशंका हुँदा नवशिशु लामो समयसम्म बाँचेकोले आशाको अंकुर पलायो। स्याहार सम्भार गर्दै माया ममताको भाव जाग्न थाले पनि आमाको स्तनमा तत्काल खटिरा आएकोले दूध खान नपाई केही दिनमै आमाको देहावसान भयो। र, नवशिशुमै टुहुरा हुन पुगेका बालकको न्वारनको नाम ज्योतिषअनुसार अनुराधा नक्षत्रको प्रथम पाउ 'ना' बाट नरधोज लिङ्देन हुनुका साथै बृश्चिक राशि भयो।

नवजात शिशुले आमाको माया ममता र दूधसमेत खान नपाएका शिशुको आहारा गाईको दूध खुवाएर बचाउन हुर्काउन थालियो। आमाको काख र दूध चुस्न नपाएका बालकको शिशु अवस्था दुःखदायी रह्यो। केही समयपछि बुबाले अर्की सौतेनी आमा ल्याई आमाविहीन टुहुरो बालकको स्याहार सुसार तथा पालन पोषण विमाताबाट प्रारम्भ भयो। यसरी सौतेनी आमाको ममतामा हुर्कन बाध्य भएका नरधोज बालककालदेखि नै मद्यपान, मासुमंस नखाने, नरूने, नम्रभाषी र शान्त स्वभावका सन्तोषी शिशु अत्यन्त सुन्दर, कान्तिवान बालकप्रतिको माया ममता करूण थियो। उमेर राम्ररी नपुग्दै बुबा मुमाको दुःख सुखको साथमा सम्मिलित हुँदै अनुशासित भई गाई, बाख्रा चराउने, घाँसपात, दाउरा खोज्न, वन जंगल जाने क्रम निरन्तर रह्यो। लिम्बु जातिको परम्परा संस्कृतिअनुसार बालकहरूलाई फलामको चुरा रक्षा बन्धन लगाउँदा दीर्घायु हुन्छ भन्ने मान्यताबमोजिम बालकमै दीर्घायुको लागि फलामको चुरा लगाई रक्षा बन्धन बाँधि दिएकाले फलाम लगाउने फलामे फलामसिं भनि बोलाउन थालियो।

चुक्चिनाम्बामा खान, लाउन, बस्न दुःख भएकोले शिरानघरे जगनवाज देउमाई खोलापारी जितपुरको ढोडेनीमा बसाइँ सर्नुभयो। हिउँद समयमा जितपुर वस्तीका बासिन्दाहरूको गाई गोठ माइखोला पारि गोठ राख्ने प्रचलनअनुसार बुबा जगनबाजले पनि माइपारि गाईगोठ राख्नुभयो। एकदिन बुबालाई सातु चामल पुऱ्याउन फाल्गुनन्दलाई साथीहरूसँग आमाले पठाउनु भएछ। बालक मासुमंस नखाने हुनाले बालकले थाहा नपाई सुकुटी मासु चामलभित्र सुटुक्क लुकाई गोठका श्रीमानलाई पठाउने योजना भएछ। सातु चामल पुऱ्याउने केटाकेटीहरू कुम्लो कुटुरो बोकी गाईगोठतर्फ प्रस्थान गरे र माईखोला तरी सक्दा नसक्दै फलामसिं बिमार परि हनहनि ज्वरो आई एकाएक काम्दै वाक्य बन्द भई बल्लतल्ल बुबा छेउ पुगी आँशु बरर झार्नुभएछ। के भयो भनि सोध्दा पनि केही

नबोल्दा सौतेनी आमाले यस्तो बिरामीलाई माया नगरी किन पठाएको भनि मनमनै दुःखी बन्दै श्रीमतीसँग रिसाएर बालकलाई अंगालो हाल्दै काखमा राख्नुभयो। ज्वरो उच्च थियो। बोलाउँदा नबोल्ने, यत्तिकैमा गाईगोठ छिमेकीलाई हेर्न लगाई बिमारीलाई बोकी घर पुऱ्याउँदा आमा छक्क पर्नुभएछ। घरबाट हिंड्दा बिमारी नभएको सञ्चै साथीहरूसँग आरामसाथ पठाएको सुन्दा बुबा पनि आश्चर्यमा पर्नुभयो। चामलभित्र सुकुटी मासु हाली मदमंससँग माइखोला तर्दा देवी देवता माङ रिसाइ अशान्ति भएको थाहा नपाएका बुबा मुमाले बालकको उपचार स्थानीय चलनअनुसार धामी, झाँक्री, माङदेम्बा, फेदाङमा, साम्बा, येबा-येमा मेलोबाट सेवा गर्न लगाई देवदोष, देवीदोष भन्दै हुने सम्मको उपकार-उपचार गराउनु भयो। तर, बालक बिमारी थलापरी ओछ्यानमै अस्तव्यस्तका साथ सुतिरहेको ३/४ दिन भएको रात सबै मानिसले मदौरो बिरामी रूँगी बसेको अवस्थामा सिकिस्त बिरामी बालक अचानक जुरूक्क उठी अँध्यारोतर्फ बाहिर निस्की दौडनुभएछ। पछ्याउने काम भयो, तर मध्यरातको अवस्थामा बिमारी बालक गायब भई कता हो कता अल्पिनुभयो। उनीलाई के भान भएछ भने आफू ओछ्यानमा लडिरहेको स्थितिमा एउटा दिव्य पुरूष (जो अरूले देखेनन) देवदूतले हातको इशारा दिँदै बोलाउँदा जुरूक्क उठी पछ्याउँदै हिँडेछन। अघिअघि दिव्यपुरूष आफू पछिपछि पछ्याउँदै सुनसान रात तर उज्यालो ज्योति दिव्य जो सबैले देख्न सकिने स्पष्ट मार्ग बाटो भएर जीतपुर -८ खत्रक्पामा पुऱ्याएर पानीसाझ वृक्ष, कुराबासिं सिङबुङमा उभ्याउन लगाई सिमीको गेडाजस्तो खुट्टाको भुईंमा खोस्रे राखे जस्तो मात्र के गरेथ्यो सुलुलु लहराले ती रूखसँगै बेरेर ठिङ्ग उभ्याएर प्रश्न गर्न लागे दिव्य पुरूषले ...।

साङसेवामाङ (देवदूत) - कुसिङ केनेताङ बी ? (मलाई चिनिस ?)

फलामसिं - कुसिङ मेने :नेन (अहँ चिनिन)

साङसेवामाङ (देवदूत) – उन्छोन्बा निङवाः केभेत्छु बी ? (अघिल्लो जन्मको कुरा बिर्सिस् ?)

फलामसिं – निङवा फेत्छुङ। (बिर्से।)

साङसेवामाङ (देवदूत) – नोरिक इत्छिङे, कुसिङ केनित्तु (राम्रो सम्झि, थाहा पाउँछस्।)

फलामसिं – निङवा फेत्छुङ (बिर्सें।)

साङसेवामाङ (देवदूत) – अज्ञानले ढाकेछ, राम्रो सम्झि थाहा पाउँछस्।

फलामसिं – मेन आनीवा मेयाककीन (अहँ सम्झनै छैन।)

साङसेवामाङ (देवदूत) – अज्ञानले ढाकेछ, मासु बोकेर किन भगवती माईखोलामा पसेको ? माफ माग।

यति गर्दागर्दै खोलातर्फ औल्याउँदै तागेरा निङवाभूमाङले लिन पठाएकोले ल्याएको हुँ। आमासँग माफी माग भनि देवदूत अल्पिए। आफूलाई बेरिएको लहरा पनि छैन, शरीर हल्का भयो। नदीतर्फ बलगर्दा माईखोलामा चुर्लम्म डुबेर निथ्रुक्क भिज्नुभएछ।

आकाशबाट युमामाङ मुस्कुराउँदै जल्दा बल्दा दिव्यज्योति शक्तिशाली परमसुन्दरी देवीमाताले सुमसुमाउँदै मैले लिन पठाएको तिमी ठूलो तपस्वी हुन्छौ भनि अल्पिनासाथ आकाशबाट अनेक मन्त्रादि एकपछि अर्को खस्न थाले। तिरीमिरी बिजुली झैं चम्किला मुन्धुम ज्ञान मन्त्रहरू एकाएक फलाना मन्त्र फलाना कामको लागि भन्दै अनेक मुन्धुम मानव मुक्ति मन्त्रादिको पुष्पवृष्टि, मन्त्रवृष्टि वर्सन थाल्यो। एकाएक मन्त्रहरू आकाश शून्यमार्ग स्वर्गबाट एकपछि अर्को आउँदै साराका सारा ज्ञान, मन्त्र, तन्त्र, सुक्तिहरू साम्जीक मुन्धुम मुन्धुक्माहा मुखभरि पसी गए। विपनाको कार्य सपनामय भयो। रातभरि अचम्मको रमाइलो दृश्य आश्चर्यचकित भयो। ज्ञानबोध भयो, ज्ञानबोधले बालकको शारीरिक, मानसिक, बौद्धिक ज्ञानमा

आकाश–पातालको अन्तर अनुभूति भयो। ज्ञानबाट सम्बोधी हुन पुगेका फलामसिं आत्मा ज्ञानबोधी भए, **मुजोःलुङ खेजोःलुङ माङलिङमा माङओप्मा माङकेप्मा तागेरा निङवाभूमाङ केप्मा** भयो। बिहान उज्यालो भयो, जाडोले जिउ सिरिरि काँपे, शरीर र लुगा निथ्रुक्क भिजे। विहानीपख चिसो थियो, पूर्वमा लाली फाट्यो। सूर्य उदाउँदो स्थितिमा किनारमा छेउ लागेर टोलाउँदै गर्दा रातभरि खोज्ने मानिसहरू दलबल आएर छेकबार लगाउँदा मुसुक्क हाँस्नुभयो। वरिपरि घेर्न खोजे, अघिको रात झैं भाग्ला कि भन्ने बुझाइले यसो गरिएको थियो। तर, बालक नम्रवाणीमा बोल्न लाग्नुभयो। रातभरि भएका घटना, दृश्यहरू सबै बताउन थाल्नुभयो। बालक महान तपस्वी महामानव हुने रहेछ भन्ने सबैले अडकल काटे। यसरी ८ वर्षे बालककालमै फलामसिं इलामको जीतपुर फेदी खत्रक्पा भन्ने पुण्यभूमि तथा मुक्तिस्थलमा सर्वप्रथम महाज्ञान महा संवोधी प्राप्त गर्नुभयो। यस ज्ञान प्राप्तपश्चात् बेला–बेलामा रातारात बोलाउने काम र घरिघरि ज्ञानदिने कार्य बराबर भइरहँदा र कहिलेकाहीँ आधारातमा बोलाइ जानु पर्दा दुःख सास्ती र झन्झट हुँदा चित्त र भौतिक शरीरको कष्टले दुःखाएर आँशु झार्दथे।

फाल्गुनन्दको जन्मभूमि

ज्ञानभूमि खत्रक्पामा ज्ञान पाई दिनरात ध्यान गर्न लागेका बालकको दिनचर्या पाठपूजा गर्नु, ध्यानमग्न हुनु, माला जपतप गर्नु, आध्यात्मिक जीवनमा परिणत भएका फलामसिंको आमा बुबाको एकपछि अर्को गर्दै मृत्यु भयो। यसपछि दुःखमाथि दुःख भोग्न बाध्य भई शोक सागरमा डुबे। टुहुरोमाथि महाटुहुरो हुन पुगे। यसपछि एक्लो टुहुरो फलामसिं बालक काका काकीसँग रहन बस्न बाध्य हुनुभयो। काका काकीसँग पनि २/३ वर्षपछि खान, लाउन, मदमंस, आहार, विहार, भात भान्सा र सेवन नमिलेकाले काकीले भिन्न छुट्टि बस्न लगाउँदा कत्ति पनि चित्त नदुखाई आफ्नो निम्न अंशवण्डा

भाग लिई छुट्टिनुभयो।

१. जग्गा बारी – लेछेबुङ बारी ३ रोपनी ३ आना,

२. औजार – एउटा काङ (कोदालो),

३. भाँडाकुँडा – तेरेङ खेःया, माटाको हण्डी, सिलवरे थाल र एक कराई,

४. अन्न – दुईमाना पिठो र चार भुत्ता मकै

५. हतियार – एक खुर्पा, एक कचिया

फालुनन्दको अंश लेछेवुङ बारीमा लेखक

लेछेवुङ बारीमा फालुनन्दले पानी खाने कुवा

अंशमा यति लिएर सानो झुप्रो कटेरो बनाई बस्न लागे। १७/१८ वर्षको कलिलो उमेरमै छुट्टिएर बस्न बाध्य भएका फलामसिंलाई सारै ठूलो दुःख कष्ट र संकट भोग्नु पऱ्यो। लेछेवुङ बारी चुक्चिनाम्बा फङखोला र अरेन्जी खोला (अलैंची) दुई दोभानको माथि झोड जंगल र चिसान भूमिमा सर्प, बाघ, भालु र अनेक दन्तकार जंगली पशुहरूको खेलखोर ठाउँमा बाँचेर बस्नु तागेरा निङवाभूङको कृपाशिवाय थिएन।

अगौटी बारी



अगौटे बारीमा लेखक

एक छेउमा ढुङ्गाको सेपमा निक्लने चिसो मिठो पानी र ढुङ्गाको ओख्ली कुँदेर एक्लै बनाई पकाई खानु कहालीलाग्दो थियो। बारीमुनि कडा देवी देवता र देउराली भएको लेछेबुङ बारी फाल्गुनन्दको पहिलो झुप्रो भूमि थियो। यसपछि आगौटे बारीमा झुप्रो घर बनाई बस्नु भयो। तेस्रो घर चुक्चिनाम्बाको भालेबारीमा, चौथो झुप्रो घर तीन चुले डाँडामा र पाँचौं झुप्रो पुरानो घर बारीमाथि नासपाती रोपेको शिरानमा पनि बस्नु भयो। यसरी फाल्गुनन्द ५/६ ठाउँमा झुप्रो बनाउँदै सर्नु भएको घटनाले जीवनका प्रारम्भिक चुनौतिपूर्ण रहयो। जहिँ त्यही बसाइ सरेपनि नित्य पाठ पूजा धुपबात्ती सेवा, ध्यान, ज्ञान, जप, तप जीवनमा निरन्तर वरण गर्दै व्यतीत गर्न लाग्नुभयो। खेताला बनिबुतो गरेर ल्याउनुभएको कुखुराको चल्ला बढन हुर्कन थाल्यो। चल्ला ठूलो भएर बच्चा काढ्न थाल्यो। कुखुराहरू बढेर ठुलाठूला र धेरै भए। त्यतिखेर कुखुरा पनि दार्जिलिङको गुन्द्री बजारमा लगेर बेच्नु पर्दथ्यो। सोही काममा साथी भाइहरूसँग कुखुरा खुँगीमा बोकी जाँदा इलामको नाम्सालिङमा लड्दा कुखुराको खुँगीले थिचे पनि दार्जिलिङको गुन्द्री बजारमा पुऱ्याएर बेचेपछि खर्चबर्च लिएर कुल्ली काम गर्न भारत र तिब्बतको ल्हासा, नाथुङधावातर्फ गए। वि. सं. १९६० ताका भारत र तिब्बतको सिमानामा गढबडी

मच्चिएकोले सिमाना रेखदेख र नियन्त्रणको लागि भारतीय सेना मार्च गराउँदा भरियास्वरूप कुल्ली भर्ती गराउँथ्यो। यही क्रममा भरिया कुल्लि भई जाँदा हिउँ पग्लेर कति कुल्ली हिउँको पहिरोले बगाएर मरे। तर, फलामसिं केही पनि हुनुभएन। पहाडी भेग हिमाली आसपासमा भारी बोकेर काम गर्नु कडा मिहेनत र कठोर परिश्रम, कठिन काम गर्नु जोखिमपूर्ण थियो।

दैवसंयोग एकदिन साँझपख जुनेली रातको एकान्तमा टहलिन निक्लँदा उनै तागेरा निङवाभूमाङको दूत पूर्व दिव्यपुरूषसँग अचानक दर्शनभेट हुँदा खुट्टामा सोवाढोग गर्नुबाहेक केही वाक्य आएन। अलौकिक दिव्यपुरूषले तिमी त सेवा गरौला, किरातीहरूलाई सुधार गर्छौ कि भनेको त यहीँ छौ भन्ने वाक्य सुन्दा हुन्छ भन्ने जवाफबाहेक केही बोली फुटेन। यो पुण्य तिथि बैसाक शुक्ल पूर्णिमाको झलमल रात रहेछ।

भोलिपल्टदेखि आफ्नो पाकेको तलब भत्ता तनाखा थापेर आफू बिसन्चो भएको बहाना पारी घरतर्फ फर्के। जता गए पनि बिहान बेलुकी धुपबात्ती दियो कलश बालेर नित्य सेवा गर्ने कार्य गरिरहनु हुन्थ्यो। आफ्नो गाउँ, घर वस्तीमा माङसेवा गरिरहने एक्लो टुहुरो बालक अब त जवानी अवस्थामा पुगे पनि कुनै साथीसंगी संगतविहीन भएर एक्लो व्यक्ति, एक्लै जीवन, एक्लो हुनुपर्ने विवशता खानपान आहार विहार विचार र व्यवहारमा फरक कारणले गर्दा सांसारिक जीवनभन्दा पृथक आध्यात्मिक जीवन निर्माण भयो।

भारतीय पल्टनमा हवल्दार दर्जाका भइसकेका दाजु राजवन्त (अंशुवन्त) ले आफ्ना भाइ फलामसिं गाउँमा एक्लै दुःख पाइरहेको खबर पाएकोले गाउँका हवल्दार बलधुम लिम्बु घर बिदामा आएको बेला आफ्ना भाइलाई पनि पल्टनमा ल्याउनु भनि अह्राइ पठाउनु भयो। यो कुरा सुनेपछि फलामसिंलाई दाजु भेट्ने इच्छा जागेकोले बलधुमसँगै पल्टन हिंड्नुभयो। दार्जिलिङको घुम डिपो पुगी रेलबाट

प्रस्थान गर्नुभयो। पल्टनमा पुग्दा दाजुसँग भेट नभएकाले अझै २/३ महिना समय लाग्ने भयो। त्यसकारण पल्टनमा रहँदा पनि रिक्रुट ट्रेनिङ गर्न सैनिक पोशाक पहिरिन दिँदा लगाउन मान्नु भएन। यसको रिपोर्ट अंग्रेज अफिसरकोमा पुगी भेट भएको थियो।

अफिसर – टिमी ड्रेस लाउन मान्डैन, परेड खेल्डैन रे।

फलामसिं – यो मन पर्दैन साहेब।

अफिसर – क्याना बर्ना भएर आइस् ?

फलामसिं – दाजु भेट्न मात्र आएको, मलाई झुक्याएर भर्ना गरी ल्याएछन्।

अफिसर – पल्टन मन पर्दैन ?

फलामसिं – मन पर्दैन साहब ! मान्छे मारेर ठूलो हुन मलाई लाज लाग्छ।

यद्यपि सबै अफिसर र गाउँले हवल्दारहरू सबैले ललाई फकाई सम्झाउँदा दाजुसँग भेट नहुञ्जेलसम्म बस्दै गर भन्दा मञ्जुर भई वि. सं. १९६४ सालमा २२ वर्षको उमेरमा भारतीय सेना ७ जी. आर. नं. २५२ मा भर्ना हुनुभयो। अब फलामसिं पल्टने जीवनका सबैखाले पक्षहरूको सैनिक तालिम लिँदै दाजुको प्रतीक्षामा रहनुभयो। ३ महिनापछि दाजुसँग भेट भयो। दाजु भेटाउने निहुँमा बलधुमले पल्टनीया वारण्टको रेल सुविधाबाट छाउनी पुऱ्याएको रहेछ। फलामसिंको जीवनको ठीक विपरित कवाज, परेड, खेल्ने हतियार चलाउने, सलाम ठोक्ने काम शुरू हुँदै ३/४ महिना पर्खंदा दाजुसँग बल्ल भेट भयो। लामो समय सानो छँदै विदेशिएका दाजुभाइको भेटमा हर्षका आँशु वर्षिए। दाजु भेट्ने समयसम्म बसेको अब घर फर्कने आसय ब्यक्त गर्दा दाजुले पनि उल्टो सम्झाउँदै पल्टनमै रहने ३/४ वर्षपछि फर्काउने व्यवस्था गरिदिन अठोट गराए। आफू त बिहान दिउँसो बेलुकी पूजापाठ धुपबात्ती ध्यान ज्ञान गर्ने मानिस सैनिक जीवन भनेको धार्मिक अहिंसात्मक चरित्रको ठीक

विपरित हिंसात्मक कर्ममा तल्लीन रहनुपर्दा कठीन परिस्थिति र असजिलो व्यवहार भोग्नु पर्‍यो। सरकारी कामकाज, सैनिक शासन, अनुशासन, बन्दुक खेलाएर, भिरेर लेफ्टराइट परेड एवं कवाजको ड्युटी पूरा गर्दै रहे पनि बिहान, बेलुकी सेतो पोशाक, सेतो भोटो, अथवा जामा-मेख्ली लगाएर आफ्नो कोठाको एक कुनामा माला जपेर ध्यानमा बसिरहँदा सबैले ध्यानी, ज्ञानी, भनि चिनिन थाले। कैयौं पल्टनेहरू जोखना हेर्ने, कोर्ने, दीक्षा-शिक्षा लिने व्यक्तिहरूको भीडभाड लाग्न थाल्यो, अर्काको सेवा गर्नु परोपकार नै धर्म हो भन्ने बुझाइ उनमा थियो।

ध्यानीको प्रभाव निकै बढिसकेको थियो। एक दिन पल्टने दिलमान सिपाही शिकार खेल्न गएको नआई हराएकाले बाघ, भालुले जंगलमा खाइहाल्यो होला भनि नाना प्रकारका कुरा उठ्यो। जोखाना हेर्ने क्रममा ध्यानीले ध्यानबाट हेरेर नजिकै छ, केही भएको छैन भनि ठहर गर्नुभयो। केही छिनमा खोज्नेहरू नजिक आएर ड्याम्म बन्दुक पड्काई आफू आइपुगेको इशारा गर्नुभयो। पल्टनभित्र एकजना तान्त्रिकका ज्ञाता सुवेदार दलसुर भन्नेले आफ्नो जेठूको सेक्सनमा काम गर्न ध्यानीलाई खटाउँदा मान्नुभएन।

आफू अर्कै सेक्सनका हुनाले म जाँदिन भनि जवाफ दिँदा कड्केर मेरो आदेश मान्दैनस् भन्दा मान्दिन, म सरकारको आदेश मात्र मान्छु, तपाईंको व्यक्तिगत आज्ञा मान्दिन साहेब ! भनि उत्तर दिनुभयो।

मलाई चिन्छस् भन्दा पूरै चिन्छु साहेब तपाई सुवेदार साहेब हो भन्दा हेर्लास् भनि इबी धारे। यिनी दलसुर साहेब त तन्त्रमन्त्र गर्ने बाण, ज्ञान हान्ने शक्तिशाली हो भन्ने सबैलाई थाहा थियो। मनमा चिसो भावना लिँदै ध्यानी चुपचाप नबोली कोठामा हतार हतार गई ध्यान गर्न लाग्नुभयो। एकछिनमा हरियो झिंगा भुन्भुनिदै आयो। वहाँले पानी र फूल छर्की अभिषेक गरिदिँदा त्यो फर्कियो। छिनमै

दुम्सीको काँडा खम्बामा फिरिरी घुम्न लाग्यो। त्यो चाहिँ समातेर आगोमा पोल्न लगाउनु भयो। यसरी प्रथमपटक बाण प्रहार गर्दा तान्त्रिक पीडित भए। तर, जताबाट आएको बाण उतै फर्केर आफ्नो बाणले आफैलाई लागेर दलसुर भुँडी सुन्निएर थलापरी मर्नु न बाँच्नु भइ बस्यो। डाक्टरले कति औषधि उपचार गर्दा पनि म निको हुँदिन। त्यो ध्यानी तपस्वीलाई बोलाइ ल्याउ, उसले मात्र निको पार्छ भनेपछि तपस्वीलाई बोलाइयो।

के मैले भेदेको छु अरे भनि तपस्वीले जवाफ दिँदा होइन केही भनेको छैन भनि सम्झाई बुझाई दलसुरकहाँ ध्यानीलाई लगियो। ध्यानीले झारफुक उपकार गरी निको पार्नुभयो। अब उप्रान्त पाप कर्म नगर्नु, बाण, ज्ञान नछोड्नु, सत्य मार्गमा रहनु भनि सुबेदार साहेब दलसुरलाई सम्झाइ बुझाइ बिदावारी हुनुभयो।

पल्टनमा रहँदा बस्दा ३ वर्षको भएपछि नाम काटी घरमा आउन कोशिस गर्दा उल्टै हवल्दार पदमा बढुवा दिई बन्धन थपिदिएकाले ध्यानी सन्तमहाराजले उल्टो तपस्वी हवल्दारको रूपमा सम्मान पाउनु भयो। रहँदा बस्दा प्रथम विश्वयुद्ध (१९१०-१९१४) छेडियो। लडाईमा लड्न जानुपर्ने अनौठो र अप्ठेरोमा परेका ध्यानी हवल्दारको कमाण्डमा एक सेक्सन सिपाहीं खटिए। लडाईमा ध्यानीको टोली अगाडि मार्च गर्नुपर्दा घना जंगल, नदीनाला, गाउँ शहर चहार्नु पर्‍यो। भोकै तिर्खै लडाईमा होमिनु पर्दा पनि आफ्ना सेक्सनकाहरूलाई धार्मिक उपदेश दिनुभयो।

हेर ! दुश्मन भनिनेहरू पनि हामीजस्तै मानव हुन्। जर्मनहरूले हाम्रो केही पनि बिगारेका छैनन्। उनीहरूलाई मारेर के फाइदा ? मारियो भने उल्टो पाप लाग्छ। उनीहरूको स्वास्नी छोरा छोरीले दुःख पाउँछन्। तर, सरकारको हुकुम पालना गर्नै पर्छ। यसकारण गोली कि आकाशतिर कि भूईंतिर हानेर लडाईं लडेको अभिनय गर्नु पर्दछ। माडलाई सम्झनु पर्दछ। सत्य र धर्ममा बसियो भने मरिंदैन।

लडाई चलिरहेको थियो, फौजको अगाडि एउटा लिम्बुनीजस्ती आइमाई पहेंलो सुनको थुन्सेजस्तो बोकेर अगाडि अगाडि हिंड्दै गरेको दैविक दृश्य ध्यानीको सेक्सनका सबैले देखेका थिए। शत्रुपक्षबाट आएको सबै बम तथा गोलाहरू त्यही थुन्सेमा पसेको जस्तो देखिन्थ्यो। ध्यानीले भनेजस्तै उनका सेक्सनका कोही पनि मारिएनन्, घाइते पनि भएनन्। आफ्नो तर्फबाट बन्दूकको गोली आकाश तथा भूइँतिर पड्काएर युद्धको भूमिका निर्वाह गरी सरकारलाई ढाँटे। अरू कति मरे, कति घाइते भए, ठूलो जन, धनको क्षति भयो। ध्यानी हवल्दार यसरी हिंसात्मक शैलीमा होमिएर लडाईं लडे, धाबामा धपाइए। यद्यपि, आफ्नो सत्य विचार, सत्य कर्म, सत्य, शान्ति र अहिंसाको शंखघोष गरी महान् महात्माको परिचय दिए। लडाईं साम्य भयो, आ-आफ्नो पल्टनमा फर्के।

एकदिन सुनसान जंगलमा आफूमात्र भएको मौकामा उही दिव्यपुरूष 'माडसेसे' सँग अचानक भेट भयो। ध्यानी झसङ्ग झस्के फलामसिं अब बेला पुग्यो। अब त जाने बेला भयो भन्दा उत्तरमा ध्यानीले धर्म प्रचार गरिसकेको छैन भन्नुहुँदा उसो भए सबै काम सकेर आफ्नो खुशीले आउनु भनि अन्तर्ध्यान भए।

यसरी फलामसिंले इच्छामरणको आज्ञा ईश्वरदूतमार्फत् बरदान पाएका थिए। यस पटकको देवदर्शनले ध्यानीको मनमा सारै अशान्ति छायो। हृदयमा ठूलो चोट पऱ्यो। बैराग पलायो। सांसारिक माया ममताको जञ्जालमा फसेर सांसारिक सुख सयल र भौतिक आनन्दमा लागेर किरात धर्मपथ कर्मपथबाट टाढिँदा गहिरो मानसिक कष्टको अनुभव भयो। आफ्नो अवतरणको महत्व एकाएक भावना, दिमाग र विवेकमा फनफनी नाच्यो। जसरी भए पनि पल्टन छोड्ने दृढ अठोट गर्नुभयो। पल्टने जीवनमा रहँदा बस्दा भारतीय जसमनी पन्थका धर्मप्रणेता सशिधर स्वामीका चेला मधुनन्दन महात्मासँग भेट भई धेरै दिनसम्म धेरै ज्ञान, शिक्षा, दीक्षा लियादिया गर्दै उनकै

देनबाट अब उप्रान्त फलामसिंको बदला फाल्गुनन्द नामले नाम रूपान्तरित गरिदिनु भएपछि ध्यानी हवल्दार अब उप्रान्त फलामसिंबाट फाल्गुनन्द भनि प्रख्यात हुनुभयो। कहिलेकाहीँ वन उपवनमा टहल्न एकान्त निक्लँदा र घना जंगलमा वन विहार गर्दा रूख, लहराहरू एक अर्कामा बोलेको सुनेजस्तो लाग्थ्यो। अघिल्लो जन्ममा चोर्दा, ज्यान मार्दा, असत्य बोल्दा, कसै कसैले भने बुबा, आमा र गुरूहरूको आज्ञा पालन नगर्दा यो जन्म भएछ भनेर बात मारेजस्तो सुन्दा आफू अनायासै झस्कनु हुन्थ्यो, आश्चर्यचकित र अचम्मित हुनुहुन्थ्यो।

विश्वयुद्ध थामियो। घर आउने, नाम कटाएर फर्काउनेहरूको संख्या अत्यधिक भएको क्रममा ध्यानी पनि नामकट्टामा पर्नुभयो। तर, ध्यानी हवल्दार सत्यवादी र इमान्दारी हुनाले जमदार पदमा पदोन्नति गराएर पल्टनमै राखिने तानाबाना बुन्ने काम भयो। बडो अप्ठेरो परिस्थितिमा पर्नुभयो। मनमा धरै अशान्ति छायो। अलमलाएर पूर्ण बन्धनमा राख्ने चालबाजी ध्यानीले बुझेकाले छुटकारा कसरी पाउने चिन्तनमा एकोहोरिएर साँझपख ध्यानमा बस्दा शब्द वाणी भयो।

बिहान कवाजमा जाँदा सरकारी पोशाक पहिरिएर नजानु, साधा पोशाकमा निधारमा बिघौद (विभूति) टीको लगाएर जानु भन्ने आकाशवाणी अनुरूप ध्यानीले गर्नुभयो। यो तमाशा देखेर अफिसरहरूले जँगिएर भोलि यसरी नआउनु भनि कडा आदेश गरे। फेरि साँझमा ध्यानमा बस्दा फेरि उही शब्द दोहोरियो। भोलि अझ ठूलो बिघौद लगाएर जानु। भोलिपल्ट पनि त्यसै गर्नुभयो। लगातार यसरी ३/४ दिनसम्म पनि आदेशको पालना नभएकोले अफिसरले यसको कारण सोधे, पहाडमा हाम्रो गाउँ घरमा महारानी युमामाङ देवता चढेर यस्तो दुःख पीर दिन्छ। यसको उपचार पूजाआजा गर्ने मानिस गाउँतिर मात्र पाइन्छ। पक्कै लिम्बुनी महारानी देवी चढेकी हुनुपर्छ। यहाँ राख्नुभन्दा नाम कटाएर पठाउँदा भलो हुनेछ। सबै जनजातीय

अफिसरहरूले एकै स्वरमा ठूला अफिसरमा अनुरोध गरेपछि बल्ल स्वीकृति हुने भयो। सिपाही र अफिसर सबैले १/१ दिनको तलब पनि उठाएर भत्ता थपि फर्कन तयार हुँदा पल्टनिया थुप्रै चेलाभूलाहरू पनि ध्यानीका साथमा हिंड्न तयार भए। सबैलाई सम्झाई बुझाई थम्थम्याएर एकजना पान्थर चोगमागुका दिलमान तुम्बापो लिम्बुलाई मात्र साथमा लिएर बिदावारी हुनुभयो। यसरी वि. सं. १९६२ देखि १९७० सालसम्म ८ वर्ष भारतीय ब्रिटिस आर्मीमा सेवा गरी स्वदेश फर्किनु भयो।

घर फर्कने क्रममा सर्वप्रथम भुटानमा बसाईं सरी गएका काका काकीहरूको दर्शन गर्ने विचारले भुटानको राजारूख भन्ने ठाउँतर्फ प्रस्थान गर्नुभयो। कहिले रूखको छहारी, गोठ, वास बस्दै आसाम जलढकाको घनघोर जंगलको भयानक बाटोमा विभिन्न जीव जन्तुको चित्कारपूर्ण आवाज आदिको त्रासले दिलमान डरले डगमगाए। जंगली जनावर हात्ती, बाघ, भालु, सिंहजस्ता खतरनाक जीवबाट आक्रमण हुने खतरापूर्ण बाटोप्रति मनमनै शंका उपशंका गर्दै गुरू चेला हिँडिरहेको अवस्थामा बीच बाटोमा अजङ्गको बाघ फुत्त निस्केर खडा भयो। दिलमानको होस हवास नै उड्यो। अब तपस्वी र बाघको आँखा सिधै जुध्यो। ध्यानीको दिव्य चक्षु शक्तिशाली आँखाको तेजयुक्त ज्योतिर्मयी दृष्टि निकैबेर एक-आपसमा हेराहेर पछि बाघले अर्कोपट्टि मोहडा फर्काई घुमायो। बल्ल तपस्वीले भन्न लाग्नुभयो, 'हे पशुराज तिमी देवीका वाहन हौ। हामी पनि उसैका सृष्टि हौं। हामीलाई भक्ष गर्न आएका हौ भने झम्ट, नत्र भने हामीले तिम्रो केही बिगार गरेका छैनौं। किन बाटो रोक्छौ ?' भन्दा बाघ लमक लमक गर्दै जंगलतर्फ लाग्यो।

अब दिलमानलाई हेरेर हाँस्दै ध्यानीगुरू बोल्नुभयो, 'दिलमान, बाघले त तिमीसित मीत पो लाएर गयो त।'

दिलमान, 'त्यसले के विचार गऱ्यो होला गुरू?'

फाल्गुनन्द, 'खान हुने नहुने, मार्न हुने नहुने विचार गऱ्यो नि।'

यसरी परस्पर काटाकाट, मारामार गर्ने हो भने त सृष्टि नै शून्य हुन्छ। विचार गर्नुपर्ने नै यही हो। यो कुरा बाघले बुझेर गयो।

बडो कठिन खोजतलासका साथ काका काकीसँग लगभग २०/२२ वर्षको अन्तरालमा भेट भयो। धेरै सोधपुछपछि मात्र चिनाजाना भयो। भुटानको राजारूखमा भोटे, डुक्पा र नेपालीहरू छासमिस भई बसेको गाउँघर बस्तीमा ध्यान, ज्ञान, जपतप र धर्मको व्यापक प्रचार प्रसार गर्नुभयो। २/३ महिना बसी चेला दिलमानको घर पान्थर चोगमागुसम्म पुऱ्याउने ध्यानी गुरू साँच्चिकै महान् हुन् भन्ने प्रष्टिन्छ। त्यसपछि मात्र आफ्नो जन्मभूमि चुक्चिनाम्बा पुग्नुभयो। अब तन, मन, धन, जन, बोली, वचन र कर्मले धर्मको प्रचार-प्रसार गर्ने तीब्र अभियानका साथ लागि पर्ने क्रममा एकपटक चार धाम तीर्थ, महातीर्थ ब्रत गर्ने विचार गरी चारधाम यात्रामा लाग्नुभयो। यात्राको क्रममा धेरै चेलाभूलाहरूले पनि साथमा दर्शन गरे।

महातीर्थधाम यात्रा क्रममा भारतको काशी, मथुरा, केदार, परशुराम, द्वारका, रामेश्वर, जगन्नाथ, अयोध्या, हरिद्वार, कामाक्षा, बद्रिनन्द, हरिनन्दहरू घुमी यथास्थानमा फर्केर बाँकी काम सेवा प्रारम्भ गर्नुभयो।

पल्टनमा गएका ध्यानी पूरापूरी तपस्वी, ध्यानी, ज्ञानी र उपदेश दिने भएर जताततै गाउँघर सबैलाई धर्मोपदेश दिन थाल्नुभयो। धर्मोपदेशमा जाँड, रक्सी, मद, मंस सेवन नगर्नु, सतआहार, सतविहार, बलिपूजा निषेध, जारी, चोरी नगर्नु, सदासर्वदा तागेरा निङवाभूमाङको सेवा गर्नु, माङहिम बनाएर नित्य सेवा गर्नु, निसामहिम बनाएर हाङसेवा गर्नु, छोरी चेलीको सोतरीत सुनौली रूपौली, हक्तोवा नलिनु, छोराछोरी सबैलाई समान पढाउनु, समान अंशवण्डा, हक अधिकार समान प्रचलनमा ल्याई समान मानव उच्च मूल्य मान्यताको विकास गरी विश्वशान्ति र मानव शान्तिको कामना गर्नुपर्दछ भन्नुहुन्थ्यो।

इष्टदेवको आराधना, अर्चना गर्दा र जन्ममा न्वारन, यौवनमा विवाह, मरणमा अन्त्येष्टि क्रिया गर्दा सशी मुन्धुमसम्मत फलफूल, नैवेद्य, दूध कुण्डद्वारा सेवागरी कर्मकाण्ड गर्दै समाजसुधारमा आमूल परिवर्तन गरी सुसभ्य, सुसंस्कृत समाजको निर्माण गर्न र बुद्धि विवेक र ज्ञानी समाजको सिर्जना गर्नु सम्पूर्ण किरात प्रदेश किरात देश याक्थुङ लाजेमा सुधार ल्याउने प्रतिवद्धता वचनवद्धता अभिव्यक्त गर्दै भाषा, लिपि, संस्कार, इतिहास र धर्मको उन्नति, प्रगति र विकास अभियानमा अहोरात्र होमिनुभयो।

फाल्गुनन्द निर्मित माङहिम एवं धर्मशाला

यसरी लगातार देश सेवा, समाज सेवा र जातिको सेवा गर्दा निम्न माङहिमहरू निर्माण गर्नुभयो।

१. किरातेश्वर नाम्भुनयक माङहिम वि. सं. १९८५ मेची अञ्चल पान्थर जिल्ला चोगमागु -३, लब्रेकुटी आठजिल्ला माङहिम।

२. किरातेश्वर हाङसाम माङहिम वि. सं. १९८६ गैरीधाम मेची अञ्चल इलाम जिल्ला इभाङ-५ चुक्चिनाम्बा चारखोला।

३. किरातेश्वर माङहिम वि. सं. १९८८ मेची अञ्चल पान्थर जिल्ला चोकमागु -३, लब्रेकुटी सत्रथुम माङहिम।

४. किरातेश्वर माङहिम वि. सं. १९९२ काबेली गुफा मेची अञ्चल ताप्लेजुङ जिल्ला साप्लाखु -१, याङवरक।

५. किरातेश्वर माङहिम वि. सं. १९९५ सिलौटी कुटी, मेची अञ्चल पान्थर जिल्ला रानीटार, पान्थर।

६. किरात माङहिम वि. सं. १९९७ चिलिङसे पोखरी, कोशी अञ्चल तेह्रथुम जिल्ला निगुरादेन, आठराई।

७. किरात माङहिम वि. सं. १९९९ गढिथुम्की, मेची अञ्चल इलाम जिल्ला जितपुर -८, चारखोला।

८. किरात माङहिम वि. सं. १९९४ घुन्सा लेलेप -९, ताप्लेजुङ।
९. किरात युमा माङहिम बोङबारी लामीटार साम्जी जिल्ला भुटान।
१०. फक्ताङलुङ धर्मशाला वि. सं. १९९५ कुम्भकर्ण फेदी मेची अञ्चल ताप्लेजुङ जिल्ला लेलेप -९, फक्ताङलुङ।

उल्लिखित ठाउँहरूमा माङहिम स्थापना गरी पल्लोकिरात लिम्बुवान क्षेत्रभरि नै धर्ममय बनाउन धर्मस्थलहरूको निर्माण गर्नुभयो। माङहिम स्थापनापश्चात् बिहान बेलुकी निरन्तर पाठपूजा माङसेवा गर्ने पूजारी माङसेवासाबाहरू नियुक्ति गरी अटुट धुपबात्ती, पूजापाठ, आराधना गर्ने परिपक्व पूजारीहरू राखी मानव शान्ति, विश्व शान्ति, चिर शान्ति एवं चराचर विश्व जगतको शान्तिको लागि अहोरात्र खटिइ सेवा लगाइरहने उचित प्रबन्ध गर्दै सामाजिक आमूल परिवर्तनको धर्मचक्र प्रवर्तन प्रवर्द्धन गर्नुभयो। पूजारीहरूलाई साम्जीक मुन्धुम किरात लिपि र मुन्धुमी भाषामा लिपिबद्ध गराइ पठन-पाठनको व्यवस्था आफ्नै भाषा, लिपि र मुन्धुमका मुक्ति मन्त्रहरू, मुन्धुम ज्ञान सूत्रबद्ध मन्त्र द्रष्टा, मन्त्र स्रष्टा बनी जीवनका सम्पूर्ण कर्मकाण्ड ज्ञानकाण्ड एकाएक लिखित ग्रन्थ तयार गर्दै प्रयोगात्मकरूपमा चेलाभूला भक्तजन र मुख्यतया पूजारीहरूमा मार्ग प्रदर्शन गर्दै कार्यान्वयनमा निरन्तरता दिइरहनु भयो।

यस सुकर्मका निमित्त चाहिने आधारभूत आवश्यक भौतिक सामग्रीको व्यवस्थापन, खर्चको प्रबन्ध मिलाउँदै पूर्व लिम्बुवानमा ठूलो धार्मिक तहल्का मच्चाउनु भयो। गाउँघर घुमिघुमि धर्मको प्रचार-प्रसार गराउँदा हातमा फलामे चिम्टा, त्रिशुल, मेख्ली पोशाक पहिरेर सयौं चेलाभूलाका साथमा भ्रमण गर्दै सदावहार पैदलयात्रा दुःखकष्ट सहेर साग, सिस्नु खाँदै कतिपय भोकभोकै घुमफिर गरिरहनु भयो। हातमा चिम्टा, त्रिशुल, मेख्ली, साधा जीवन, साधा पोशाकमा घुमिरहनु भयो।

फाल्गुनन्दको आहारा

विशुद्ध शाकाहारी– दाल, भात, साग, सुकेको खोर्सानीलाई छेडेर नुन लगाई भुटेर, सिस्नु र साग मसिनो काटेर खान रूचाउनु हुन्थ्यो। खाना शुरू शुरूमा जाउलो र पछि गएर मकैको मात्र, दिनमा एक छाक मात्र सेवन गर्नुहुन्थ्यो। शुद्ध नुन मात्र, शुद्ध नुन नपाएको अवस्थामा नुनलाई काँचो पातको पोकामा बन्द गरेर आगोको भूप्रोमा लगाएर डल्ला भई पाकेपछि शुद्ध नुन बन्थ्यो, र सो ढुट्याएर मात्र खाने गर्नुहुन्थ्यो। खाना १ पावासम्म दिनमा १ छाक, तर कहिलेकाहीँ २ छाक पनि हुन्थ्यो। दूध दही नखाने, खानासँग पनि नखाने, चिया प्रशस्त पिउने यसमा मरिच कडा लगाएर पिउने गर्नुहुन्थ्यो। बिहान त भालेको डाकमा अर्थात् एकाबिहानै ३/४ बजे प्रभातकालमै चिया पिउनु हुन्थ्यो। कटुसको पातमा सुर्ती बेरेर दिनमा ३/४ खिली उडाउँदै यो पाप उडाएको हो भन्नुहुन्थ्यो।

ज्ञानभूमि बोधभूमि खत्रक्पा

मेची अञ्चल इलाम जिल्लाको सुदुर पश्चिम जीतपुर -८, खत्रक्पा जीतपुर, दानाबारी, महमाई, बाँझो र इभाङ यी पाँच गाविसहरूको संगमस्थलको रूपमा रहेको फुःलुङ्गी प्रसिद्ध देवमाई, माई र मेक्वामाईको त्रिदोभान त्रि-संगमस्थल नजिकै पर्दछ। यो ठाउँ प्राकृतिक भौगोलिक छटाले श्रृङ्गारिएको अत्यन्त सुन्दर, शान्त, विशाल, मनमोहक रमाइलो दृष्य स्वर्गमय छ। पाँच गाविस पञ्चमुखी थुतुनो जोडिएको, त्रिवेणी नदीहरू त्रि-कोण भेट भएको माथि हेर्दा आकाशगंगा वरिपरी हेर्दा चुलाचुलि, हरियाली वन जंगल, मैदान, थुम्काथुम्की, डाँडा-काँडा, ओडार, गुफा, रमाउँ रमाउँ लाग्ने यी ३ नदीहरू भेटेर बसिरहेको जस्तो हेर्दैमा तपस्वी थलोको रूपमा चित्र-विचित्र ज्ञानभूमिको संज्ञा लाग्ने पुण्यभूमि, वरिपरी चराचुरूङ्गी, मयुर, कोइली, काग, कालेज, अनेकौं चराचुरूङ्गीको कोकिल कण्ठयुक्त कर्णप्रिय स्वरहरू बुलन्द हुन्छन्। अगाध, असाध्य आत्मविभोर, सन्तोष दिनेगरी गहिरो भूमि यही खत्रक्पाको सानो खोल्सी माईको किनारमा कुराबासिङ पानी साज बृक्षको फेदमा ज्ञान प्राप्त गर्नु भएको पुण्यभूमि, पवित्रभूमि ध्यानभूमि स्वर्गभूमि मूक्तिभूमिमा नै महासमाधि, महाज्ञान, महाबोधी, महासंबोधी ज्ञानप्राप्त गर्नु भएको स्थललाई **फाल्गुनन्द ज्ञानभूमि खत्रक्पा** संज्ञाले विश्वभर प्रख्यात छ। यहाँ सम्पूर्ण किरात धर्मभक्तजन, फाल्गुनन्दप्रेमी सत्यहाङमा अर्थात् तपस्वीको तपस्वीस्थल, ज्ञानस्थलको अपूर्व दर्शन गरेर पूण्य प्राप्त गर्न जप, तप, ध्यानी बन्न औ ज्ञान प्राप्त गर्ने उद्देश्यले ज्ञानभूमिमा साल बसाली आउने गर्दछन्। यसलाई **ज्ञानभूमि खत्रक्पा** संज्ञाले पूजिन्छ। यो पनि तीर्थभूमिको रूपमा एक सिद्धशक्तिको पीठ, **मूख्य ज्ञानपीठ** मानिन्छ।



ज्ञानभूमि फु:लुङ्गीको चित्र (कं)



ज्ञानभूमि फु:लुङ्गीको चित्र (ख)

माथिको चित्रमा देखाइएको बोध बृक्ष पानी साज रूख कुराबासिङ अहिले पनि छँदैछ। यसको संरक्षक सम्बर्द्धनको लागि युगबहादुर लिङ्देनको परिवारद्वारा सिमेण्टेड कार्यगरि केही हदसम्म संरक्षण गर्ने काम भएको छ। यही पुण्यभूमि, ज्ञानभूमि, मुक्तिभूमि र पवित्र भूमिमा मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनले तागेरा निङवाभूमाङको साक्षात्कार दर्शन पाउनु भयो। माङको यस अपूर्व दर्शन नै किरात धर्मावलम्बीहरूको भाग्योदयको पहिलो सूर्योदयको सुनौलो बिहानी किरण थियो। मुन्धुमीपान किरातभाषाबाट माङलिङमा माङओप्मा माङकेप्मा तागेरा निङवाभूमाङ केप्मा भनिन्छ। तागेरा माङको साक्षात् दर्शन महासमाधिज्ञान प्राप्त अगाडि देवदूतसँग निम्न प्रश्नोत्तर दोहोऱ्याइएको छ।

मुन्धुमी भाषामा

१. साङसेवा मना, 'इङगा थेःआङ कुनामेन्छा केजोगाङ, आसेवा केन्जोगुन?'

२. फलामसिं, 'मेल्येवान' (हेक्के पाप्मा फलामसिंरे कुम्ब्राओ त्ये। कुवान मयेवा पान्नीन्नाङ हःरे)

१. साङसेवा मना, 'इङगा याप्मी कुसिङ केनेताङबि मेम्बी?'

२. फलामसिं, 'कुसिङ मेनित्नेन।'

१. साङसेवा मना, 'उन्छोन्छसमा पोङयेन्बा पान निङवा केभेत्छुबि ?'

२. फलामसिं, 'निङवा फेत्छुङ आनीङवा मेयाक्कीन।'

१. साङसेवा मना, 'नुरिक निङवा इत्छीङे केनिङवाओ ताः?'

२. फलामसिं, 'मेम्बे आनिङवा मेयाक्कीन।'

साङसेवा मना, 'खामाक्मा नारारे केदेप्तेरेछ साः केगुयुआङ मुबेःक्वामा यङघङ यम्माओ थेआङ केलाःसा केभोक्तुबे। खेःन चाःमा मेनुनेन... ना... युःमा माङङिन नाङसाङ नाक्ते ।' हेम्याक पात्तुआङ यङघङ लेप्साङ हुक्सोरे सोक्तु।

भावानुवाद

दिव्य पुरूष, 'मलाई किन अपमान गरिस्, सेवा मानमानितो किन गरिनस् ?'

फलामसिं, 'मैले जानिन।'

दिव्य पुरूष, 'मलाई चिनिस् कि चिनिनस् ?'

फलामसिं, 'अहँ चिनिन।'

दिव्य पुरूष, 'अघिल्लो जन्मको कुरा बिर्सिस् ?'

फलामसिं, बिर्सें सम्झन सकिन।'

दिव्य पुरूष, 'राम्रो सम्झिनु थाहा पाउँछस् ?'

फलामसिं, 'होइन सम्झना छैन।'

दिव्य पुरूष, 'अज्ञानताले ढाकेछ। राम्रो सम्झी, थाहा पाउँछस्, मासु बोकेर किन माइखोलामा पसेको ? त्यो खानु हुँदैन। ऊ आमासँग माफी माग्' भनि माइखोलातर्फ औंल्याई दिव्य पुरूष अदृश्य भए।

फाल्गुनन्द बोधबृक्ष



बोधबृक्ष नियाल्दै लेखक

दिव्य पुरूषको अदृश्यपछि स्वयं युमामाङ थामेन्दीङ मानुमाङ तागेरा निङवाभूमाङको दर्शनले किरात धर्म दर्शनका महासूत्र ज्ञान एवं महाज्ञान प्राप्त गर्नु भएको मुन्धुम हावेकहरू अक्षरशः

प्रस्तुत छन् -

मोहोप्लिङ खेहोप्लिङ, मुहङलिङ खेहङलिङ लक्लुमेओ मेन्निमामाङ मेन्धामाङ सेक्खामाङ कुनोमाङ आनुमाङ माङलिङ माङकेत माङओप्मा ओत् तागेरा निङवाभूमाङ साम्सोदिङ यमिङ वान्छीङडाङ सिक्कुम्दीङ निङवा नेसे। नावागेन चईत केजोक्पा थक्लीगेन साम्माङ चईत साप्मागेन माङ नु चईत नेस्सुङ फाःआङ सिक्कुमदिङ निङवा चोगुआङ मुसोत्लुङ मुवेक्वामाङ पोरोक्मी यम्भामी माङङीन नावागेन चईत नेस्सु। हेक्केआङ तागेरा निङवाभूमाङले पोरोक्मी यम्भामी माङङीन इमागेन मिक्खुङ केवाङगु हेक्केरिक इमागेन मिक्खुङ तेसेल्ले तादिगेन सेप्माङ माक्ते, तादिगेन सेप्माङ लाम्नु केरेक नावागेन चईत चोक्मा सिक्कुमदिङ निङवा पिरू। हेक्केआङ मुसोत्लुङ मुवेक्वामाङ पोरोक्मी यम्भामी माङले केरेक्नु तगी डारामुक्माङ नावाचईत चोगु। केजङदिङ सरीतमाङ, तरक्केन ताङसाङमाङ, मुन्धाङखेसे, मुन्दाङसेरीमाङ, यो मुहङलिङ खेयङलिङ नेमेःयो चियेङलुङ थियेङलुङ, सियेङघा थियेङघा, थिन्दिनलुङ थाम्देन्लुङ, सावालुङ येप्फाक्लुङ, मुगुप्लुङ कप्फा मुदाक्लुङ ताक्फा नावाचईत चोगु।

हेक्केआङ वाबोक्लुङ वारेम्लुङलाम चभक्केन थुङवामु मेलेतु, खेन्छा तुङगुन मुः पोक्खे, वरकमु पोक्खे, तुङगुनदिङ वरकसम्धाङ ईक्सादिङ खाम्बेक नेस्सु। ईक्सादिङ खाम्बेक फूङवासम्धाङ ताबुकुसिङ पोक्लाकुलुङ, थक्पाकुबु यङगन कुस्सा नावाचइत चोगु। खेःयोनु एगाङ मेन्छागेन नाम्याप्मी नावाचईत नेस्सु। मेन्छाम्गेन नाम्याप्मी मुजिना खेयोङना साम्सोगेन यमिङ वान्दु। मुजिःना खेयोङना नुः सुसुवैङ लालावैङ लाम्नु आबुगेन साधीक पोखे। सम्सोगेन यमिङ युक्पुङगेन सावागेम्बामिङ वान्नु। युक्पुङगेन सावागेम्बा नुः थोसुलुङ फियाम्लुङमा योसुलुङ मुगुप्लुङमासिरे हुन्छीःसा सोयेम्भो नुः लाहादङना, खाखेन सुयेम्भो लाहादङना माङगेन्ना फूङवाहा नु सङवाबाहाः पानफोते ईङफोते होरूसामा सुसारीमा फन्दारीमा लेप्साङबा साङदाङखेवा नु लिङदाङखेवा माहाःरे मेभोतुआङ ईगेजुम मेजोगुसी।

हेक्केआङ सुयेम्भो नु मेन्छागेन नामयाप्मी साम्सोगेन यमिङ मेवान्छीङ। खाःखेन सावायेहाङ रेः साःमेन्छाहाः मेबोन्देर मेवेल्ले यरिक लाजे हेप्मु मेहासीङङाङ, खेन मेन्छाङगेन नाम्याप्मी माङसाग माङ याम्बक चोक्मा मेल्लेस्सुन। थक्सा कुबुरे थिमरक मेजोगे। काःई नाप्मा, थीम मेन्जोगेन, हेक्केदङवा थक्सा कुबुहेक्केरक लःमा वामाआङ माङथिम मेन्जोके, हेक्केदङबा थक्साकुबु हेक्केरक लःमा वामाआङ माङथिम मेन्जोके, खासेम्बा याप्मी पोङमा (आन्छुक्नेन) मेन्छुक्नेन।

याम्मु थो तागेरा निङवाभूमाङ साम्भूहाङ फक्तुङओ साम्योरे थाक्सुम थाक्पे, खिसुम्दिङ खिबेः मेन्ने तरङ केप्मा मेन्यान्नेन, ताङसाङ केप्मा मेन्यान्नेन। नाम्सीङ लासीङ केप्मा, कुसाङ लमा, कुलिङधो केप्मा, माङवा कुङमा, हाङवा कुङमा मुइसाम माङथिम्नु माङयाम्बक मेन्ने, खोमाः सुक्मेदेत्नेन फाःआङ नावागेन चइतताङमा सेन्दीगेन पेसापताङमा तागेरा निङवाभूमाङङीन, खेने मेन्छाङ्गेन नाम्याप्मीसा लुम्मो मुहिगुम अङसीमाङ येहाङरे नासिङ कुथक्खेःयो चङसाङयाम्बो थान्छीङङाङ पेलिगेन योबान पान्छिङङाङ मेन्छाम्गेन नाम्याप्मीसा लुम्मो साम्योरे पिमा हेक्तुसी। सेक्खाए मेन्छाम्गेन नाम्याप्मीसाहारे येहाङरे सिवाखाहुननीन नसान मेबिरूआङ साम्योरे खाजोङ चोक मेहेक्तु। साम्योरे खाजोङ खेन मेन्छाम्गेन नाम्याप्मीसाहाः आत्ती आत्तीसाङ सेवा नुः खासाम्बा याप्मी मेवोक्से। इक्सादिङ खाम्बेकले कुन्दाङबा मेवोक्खेआङ मेयुङेरो।

कन साम्योरे लाम्मीन नुबुरे पेल्ले याम्मु तागेरा निङवाभूमाङले निसिगेक मुहिगुम सोधुगेन लेप्मुहाङले याम्मु साम्योरेन सिवाखाहुन पिःमा हेक्त्तुसी नुः खेन खेन सोधुङगेन लेप्मुहाङले कुयेमओ यम्बा वादप्मा थाङेआङ थाङगेत सिन्चेइ फक्ताङलुङङीनरक मेहुमेन्नाङ मेनुबेनाङ सोधुङगेन लेप्मुहाङले कुखोङबेइन खाखेन फक्ताङलुङले कुसम्धाङ युङसिङङाङ थाक्नु यम्बा ङाइल्ले कम्ब्राङ मेत्तुनु कत्तुवा साप्मुन्धुम्मेःयो साप्तेआङ पःलो। हेक्केआङ हुनेः कुसा कुमेन्छा नुः खेन वादप्माःयो नु केहिङबा याःप्मीहा साम्योरे खाहुन पिःमा हेक्तुसी। आर

तङगप नु लागपहाः हिरेर पेइल्ले कुधा-कुधाः मुहिगुम अङसीहाः सामेवान्छीडिल्ये मेयेल्ले सुम्सीगेक्ओ कान्देनहाङ, लिसिगेकओ माबोहाङ, ङासिगेक ओ सिरीजंगाहाङ, तुक्सीगेक्ओ मुहिगुम अङसीमाङ फाल्गुनन्द सेक्खारे सावान्छीङमाःनु तगी किरात सुवाङसाहा साम्योरे पाःन ग थेन पाप्माआङबे। आबाङे मिङडीन्नाङ निङवा आभेछुम्माङ आबाङे किरात साहाःए कुसिङनिछिङमा मेन्छुक्के इङगा हाताबे केरबा नु आबाङे नु वेस्मा हापे केरबा, केरेक सिक्कुमदिङ निङवा नुइछिङसाम मुःई मयेआङ थक्साकुबु नु यङघन कुस्सारक सेत्चाई आम्बा थिलाक्सीहाःरक चामाथुङमाआङ थक्सा कुबुहेक्के चुङमा, खेमा, हिप्सीङमा, सेत्छीङमा नुः चामा थुङमारक यम्बा केनिबा आबोखेआङ मिक पत्छेसाङ मिक्मेन्नी थक्थाम्बुसा, पानलन्देसाङ पाःमेल्ले खाःखियोसा, पोङमनाआङ थिक्चुम्दीङ थिक्मिक्परे नामपप्प, मिक्पप्प, हेक्केदङवा थिक्चुम्दीङ थिक्मिक्परे होरूसा हेक्केदङवा थिक्चुम्दिङबा मेन्छाम्गेन नाम्याप्मीसा हेक्केदङबा सेम्माए सुक्मेन्देप्ना पोङमनाआङ युङमानाइल्ले पेने वि. तङबे १९४२ थेसेक्रो ला २५ येन्दे नु तेनेबा येन्ले याम्मो इभाङ चुक्चिनाम्बा पखोम्सीङ पाङभेःमो लत्थीक इनोगेन तुक्खेसाः लिङ्देन सयङथिकओ मुहिगुम अङसीथिक सःवान्छीङ। खुने कुमिङ सावामा कम्ब्राङसामाहाःरे मिङ मेवान्दुबा फलामसिं वये।

फुःलुङगी साधु गुफाको अनुभव गर्दै लेखक

हेक्केरे तान्दी याङसा कुन्थेरे तुक्खेरे चोगुल्ले थक्सुबाआङ पोखेनु, थक्फोवा यरिक्पा लक्काङ खोसु। हेक्केहाङ खुःने नासिङगेन कुधक्खेःओ तागेरा निङवाभूमाङडीन चङसाङ याम्बो थान्छीङङाङ सेक्खाए सावायेहाङ किरात आबुलासा नुः फोक्वा ख्याम मुइदाङसाहाःरे साम्योरे खाजीक्मा खाबाप्मा खाइप्माहाः केरेक निङवा मेभेछुआङ अदङ सुयकमुयक मेबोखेआङ इनोगेन तुक्खेसा मेबोखेःआङ आबाङे लाजेओ तुखेः नुः किरात सुवाङसालुम्भो तागेरा निङवाभूमाङडीन पान्छीङङाङ सिवादिङ खाहुन थानु, किरातसाहारे हिमहिम पाङभेपाङभे केरेक यम्बादिगो केरबा तुत्तु तुम्याङ याक्लागेन सुहाङमा केरेक युक्खुसिआङ थासुबा सिवाखाहुनहा बाः अक्खेवारो।

आबुलासाः नुः फोक्वा किरात सासेः कन माहाङसाम्मीन मामा पाचाले माबेक्लो, तामा पाचाल्ले तारो। ताइल्ले नुरिकः कुसिङ निप्माआङ तेम्मा लाप्मारो, कन्नीन माङवा हाङवारो, कन्नीन कुसिङ निप्मा मेदेत्नेन्नाङ पाक्आधारो। पाक्आधाइल्ले आक्खेपोङ केलरीबे, मेन्छाङगेन नाम्याप्मी सावायेहाङ किरात आबुलासा नुः फोक्वा सासे, खाजीरी खायाङलेः मुजीरी मुयाङले हेक्केल्ले सिक्कुमनिङवा याङदाङहेत्ना वयागेन सेत्लुमभङ निङवासक्मा खादाम्मा फेन्लो, खप्याओ तक्किन थोक्माआङ केरेक थाप्मा चामाआङ चेजी नु मेन्छङे लाप्तेम्नाबा, युङनाबा हेक्के आबाङे आबोङ आबेक्लो। हेक्केआङ गः केरेक्ले कुयाम केसिङबा सिक्केरेङबा आबोङ आबेक्लो। उन्छोन मेन्छाम्गेन नाम्याप्मी सावायेहाङ किरात आबुलासा नुः फोक्वासारे निङवा याङदाङ खेःयो नु फत्लन्देआङ पेआङ होप्ते। हेक्केल्ले चुङजी येत्छा पा, माः केहोप्पा इनोगेन तुक्खेसा आबोखेरो। माङवा हाङवा पान्जाङ इङजाङ नुमावा तामावा मेन्ने आबोखेरो। तक्मुई याङमुई मयेरो। चुल्लीफिया मयेरो, युक्मुवामी आङगु सेत्लाक्रे आदिम्सेरो। कननिन्छे इनोगेन तुक्खेरे इजोः चुल्लीफेया मयेरो युक्मुवामी आङगु सेत्लाक्रे आदिम्सेरो। कननिन्छे इनोगेन तुक्खेरे इजोःयो नु वयागेन सेःलुम्मेःयो नु आध्याआङग आबुलासा नु फोक्वा किरात सासे, केरेक्ले

फेन्छाङ कुलाङदेम्मा चुप्साङकुसेवा चोक्मा पोक्सेरो। सावायेहाङ किरात सासे, येत्छुम आप्फा पोखेबे फाःआङ सिक्कुम कोताङ, सिक्कुम निङवा कोताङबा नाः कोतेकोते, थोः कोतेकोते, योः कोतेकोते, इक्साखाम्बेक फुङवासम्धाङ केरेक कोप्मा चुरेरो। आत्तिआङ होप्तेबेल्ले आलिबोङङाङ नाः इमागेन मिक्खुन नेत्ताङलो। तादिगेन सेप्माङ लोक्खाङवान आबुलासा नु फोक्वा किरात सासे, नावाचइतमाङ सेन्दी आबेसाप्माङ सुवेन्दीङ आसुनुमाङ, याक्ताङदीङ आबुन्नुमाङ तागेरा निङवाभूमाङ निस्से सेक्खामाङ मामाङरेन सोमाङकेमाङ सेवा चोगुङबा साम्सोगेन यमिङ माक्तुङलो। हेक्केल्ले नामइक्वा यदत, लाइक्का हल्लेक लःरेरो, सेप्माङमोबा पाःननीन याक्थुङवाथोबा हेक्के पोखेरो। याक्थुङथोबा पाःननीन सेप्माङमोबा हेक्के पोखेरो। तरक ताङसाङ थुङधाङङीन, इक्सा खाम्बेक फूङवा सिगाङङिन, तरक ताङसाङ थुङथाङ हेक्के पोक्खेआङ सिमा पोङमानाःहेत्ना नामइन्धे लाइन्धे पत्छेरो। हेन्नाङ ना याक्थुङबा इन्धे पत्छेरो, खेन्नाङ केजङसम्मित मिधुङमिराक तरक ताङसाङ इन्धे पत्छेरो। नामइक्वा यदत, लाइक्वा हल्लेक कम्याक इक्वा हन्देरो।

ए... हेक्केल्ले, आक्खे पोक्खे केःलरिबे आबालासा नु फोक्वा किरात सासे, यो इक्साखाम्बेक फूङवा चङधो साम्याङवा लिङ्डे युप्पावा लिङ्डे थाकथाकुम लिङ्देनहाङमा आजइत युङङेलारेरो। तुङगुन आवरक नेस्सेलारेरो। मिक्की आभुङवा नेस्सेलारेरो। आङगु सेःलाक युक्मु वामी नेस्सेलारेरो। चुङजीगेन येत्छा नेस्सेलारेरो। आबुगेन आबे-साप नेस्सेलारेरो। मुइङ फेनइङ, नुजोङ फेनजोङ केरेक याम्बकहाः नेस्सेलारेरो। सिक्साम्मा हाङगेम्मा चिगेम्मा हाःआङ नेस्सेलारेरो। तागेरा निङवाभूमाङ आनावा वयाकाम्भुन लोसेःओ, वजिकेन लाङधोङ केराङलो। थिक्इन्धे काक्नुङ थिक नावा योन्दाङ, येःहन्छी काक्नुङ येत्नावा योन्दाङ तागेरा निङवाभूमाङ यामनावा लिमलिम काप्पागु याम लिमलिम फाक्ताङ पेली पाःनलाङ फाक्तुङङाङ मुन्धुम चेःया युक्ताङलो। सक्वामुइङ इङघङ निस्सेपात्चाः हुप्ताङलो। पेलिपान्जाङ युक्ताङलो। तागेरा निङवाभूमाङले सक्वामुइङ इङघङ चेङसे एत्तु याङनुङ पेगेःओ

सावायेहाङ किरात साःओ सक्वामुइङ चेक्खेआङ सिवाखाहुन चेक्तेसेओ फाआङ तागेरा निङवाभूमाङले सिजोरा इङमी पाङघुआङ कःयो सक्वामुइङ चेक्खुआङ आबुलासा नु फोक्वा किरात सासे लरिक सेक्खाए मुहिगुम अङसीमाङ फाल्गुनन्द मामाङले वयागेन सेत्लुम फक्खेवा किरात सुवाङसा लुम्मो आनी तोक्बानः नोमारे नाम्लाबा हेक्के किरात साम्योरे कुमुक थिम्मेइन थासु आबिरेबाओ आनी तोक्वा नुःमा पोखेबा नु कन सिवाखाहुनीन सेक्खाए निङवा हेत्तुमआङ साङसेवा नु खासाम्बा याप्मी पोखिरो।

ज्ञानभूमि फुःलुङगी वर्णन

भौगौलिक दृष्टिकोणले नितान्त एकान्त, वन, जंगल, नदीनालाहरूको संगम, डाँडाकाँडा चुलाचुली, गुफा, ओडार भएबाट तत्कालीन अवस्थामा फुःलुङगीमा बाघ, भालु, स्याल, सर्प, अजिङ्गर, मयुर, चराचुरूङगी बास बस्ने उपयुक्त थलो मानिन्छन्। सम्भवत यस्तै अनकण्टार ठाउँ तर पवित्र स्थान नै तागेरा निङवाभूमाङसँग साक्षात्कार हुने दैवसंयोग हुन सकेको पाइन्छ। साक्षात्कार भन्नु आफैंमा आत्मा साक्षात्कार हुनु हो। आत्मासँग परेको अनात्मामा मिलन हुनु एकाकार गराउनु नै आत्मा साक्षात्कार भन्ने बुझ्नु पर्दछ। ईश्वरीय लीला माङआज्ञा, सर्वव्यापी, सर्वशक्तिमान जहाँ सम्झ्यो त्यहीं आइपुग्ने तत्व उनै तागेरा निङवाभूमाङको इच्छाबाट यो खत्रक्पा र फुःलुङगीको चयन भएको हुनसक्छ। प्राकृतिक सुन्दरता, हावा पानीको कौशलता, भूगौलिक सौन्दर्यता, पशु, पक्षी, चराचुरूङगीको कुलकुल मीठो आवाज, सुलुलु बगिरहेको नदीनालाहरूको गुञ्जायमान श्रृङ्खलाबद्ध स्वर साँच्चै नै रमाइलो माथि महारमाइलो संरचनामा सत्य, सत्व, स्वतः सत्ता भएको मनोरम पवित्र भूमिमा मुहिगुम अङसीमाङ फाल्गुनन्दको ज्ञानभूमि, अवर्णनीय, अतुलनीय, उल्लेखनीय छ, जुन ठाउँमा आध्यात्मिक अनुसन्धान, भौतिक व्यवस्थापन, वैज्ञानिक अध्ययन गर्न जरूरी छ।

यही ठाउँको एक थुम्कोलाई साधुगुफा साधुडाँडा थुम्कोले चिनिन्छ भने अन्य ठाउँहरू खत्रक-खत्रक गर्ने खत्रक्पा, फुःर्लुङजस्तो तीन नदी तीन तिरबाट बगेर सल्लाहमत्तो गरेजस्तो एक ठाउँमा भेला भएको सुन्दर शान्त ठाउँलाई परिदृश्यको हैसियतले हेर्दा ठीक फुःर्लुङ झैं रमाइलो दृश्य देखिने सम्भवत फुःर्लुङजस्तो फुःर्लुङ थापिने ठाउँबाटै फुःलुङगी आफैंमा स्वर्गमय, स्वर्गाधिन, स्वर्गपुरी, स्वर्गभूमि भन्न सुहाउँछ। यहाँ त कविहरूको भ्रमण भएमा कवि हृदय उर्लेर काव्य महाकाव्य रचना निर्माण हुने थियो भने कलाकारहरू स्वयं घुमाएर हेर्न लगाएमा कैयौं सुन्दर चित्र कोरिने निश्चित थियो। अर्कोतिर गायक कलाकारहरूलाई गाउन लगाएमा कैंयौ कर्णप्रिय सुन्दर गीतहरूको पूर्णतामा सर्जकहरू सजिन्थे। यो स्रष्टा द्रष्टाका सर्जकहरू मानव मात्रका मनोभावना स्पर्श गर्ने ज्ञानलाभ पुस्तक, चित्र र गीति क्यासेट उत्पादित हुन्थे।

यही पुण्यभूमिमा पुण्य लाभ गर्न, मोक्षभूमिमा मोक्ष प्राप्त गर्न, तीर्थभूमिमा तीर्थाटन गर्न, मुक्तिभूमिमा मुक्ति पाउन मानवमात्रको ताँती, ज्ञानको लाम लगाउन आजको सान्दर्भिक रहेको छ। यस पवित्र स्थानमा पुग्नको लागि निम्न त्रिकोणात्मक तीर्थयात्रा बाटो, घाटो र मोटरबाटोको मार्ग रहेको छ।

१. पहिलो, झापाको सतासीधाम कन्काई दोमुखा दोभानबाट महमाईको दाहिने किनारैकिनार कलकत्ते, महमाई हुँदै फुःलुङगी पुग्ने कच्ची मोटरबाटो रहेको छ।

२. दोस्रो, इलाम मंगलबारे, जीतपुर मोटरबाटो भएर ओरालो झर्दै जाने वा गजुरमुखी देवस्थल भएर देवमाई किनारैकिनार दोभानमा पुग्ने।

३. तेस्रो, झापा दमकबाट फाल्गुनन्द मागदिखि माङसेबुङ, लारूम्बा हुँदै फुःलुङगी पुग्ने मोटर बाटो।

उपरोक्त त्रिकोणात्मक तीनतिरको सडकबाटो जताबाट जाँदा

पनि त्यहीं फुःलुङगीमा पुग्ने बाटोको भौगौलिक बनावट कस्तो भूमि होला भन्ने जिज्ञासाले यही उत्तर जन्माउँछ। वास्तविक देवभूमि, देवलोक, स्वर्गलोक, जहाँबाट, जताबाट, जुनसुकै बाटोबाट वा जुनै दिशाबाट या कोणबाट घुम्दैफिर्दै जाँदा पनि उही ठाउँमा पुग्न सकिने भूगोलको रूप कस्तो होला माथि नै लेखियो कि अवर्णनीय, आलेखनीय, अतुलनीय भन्न र खुलमखुला दिलले हाकाहाकी लेख्न सकिन्छ। वास्तवमा वर्णन असम्भव, लेख्न असमर्थ कस्तो होला स्वर्गको वर्णन अवर्णनीय छ भनेर टुङ्ग्याउनु उपयुक्त होला।

कर्मभूमि सिलौटी लोब्रेकुटी

मुहिगुम अडसीमाङ फाल्गुनन्दले आफ्नो जन्मभूमि चुक्चिनाम्बा चिक्चोनाम्बा भए पनि कर्मभूमि थलो पान्थर चोकमागु र लालीखर्कको शिर लोब्रेडाँडा र रानीटार पौवा सार्तापको बीच सिलौटी कुटी यही क्षेत्रलाई आजन्म कर्मथलो, कर्मभूमि बनाउनुभएको थियो। यस क्षेत्रका हजारौं हजार खोला, खोल्सा, नागी, चौर भूमिहरूमा रूख रोपी हरियाली वन निर्माण गर्नु भएको लोब्रे उपवनमा वि. सं. १९८६ सालमा ८ थुमका ८ सुब्बाहरूको योगदान आर्थिक सहयोगबाट स्थापना गर्नु भएको नाम्भूनयक माङहिम नै सर्वप्रथम किरात धर्मको पहिलो माङहिम हो। जसलाई ८ जिल्ला माङहिमको नामले चिनिन्छ।



आठ जिल्ला माङहिम

यही ठाउँमा वि. सं. १९८८ बैसाक २४ गते बुधबारको पवित्र दिनमा १७ थुम १० लिम्बुवानका सुब्बा, अमाली, कर्ता, कारवारी, समाजसेवी, धर्मभक्तजन सबैलाई बोलाइ बृहद किरात चुम्लुङ सभा

गराउनु भयो। यस ऐतिहासिक चुम्लुङले सामाजिक तथा धार्मिक १० बुँदे निर्णय पारित भएको थियो। यी निर्णयहरू किरात धर्मावलम्बी, अनुयायी, भक्तजन, विद्वतजन, समाजसेवी, राष्ट्रसेवी, मानवसेवीमाझ मुक्तिसूक्ति र सुधारका मार्ग मानिन्छन्। र, यही सत्यधर्म मुचुल्काको माध्यमबाट अनेक विश्रृङ्खलित, अनेक सामाजिक विसंगति, सांस्कृतिक बेमेल, धार्मिक अन्यौलताका व्यवहारहरूलाई एक भाषी, एक लिपि, एक सांस्कृतिक, एक धार्मिक, एक इतिहास, एक कर्मकाण्डी, एक संस्कारको रूपमा बृहत एकता गराउने महान् ऐतिहासिक कदमको शुरूवात भएको महान् दिनलाई किरात धर्मावलम्बीहरूले समाज सुधार दिवस पर्वको रूपमा मान्दै आएको छन्।

त्यसैको उपलब्धिस्वरूप वि. सं. १९८८ बैसाक २४ गते भएको १७ थुम १० लिम्बुवानको धार्मिक महासम्मेलनले किरातेश्वर हाङसाम माङहिम लोब्रे निर्माण भई दैनिक पाठपूजा सेवा गर्ने, माङहिम –१, लाधुङसेमी सेवा गर्ने धुनीकुण्ड माङहिम –१ समेत निर्माण भएकोलाई सत्र थुम माङहिम भनिन्छ।



सत्रथुम लोब्रे माङहिम, लब्रेकुटी, पान्थर वि. सं. १९८८
(मुहिगुम अङसीमाङले टेकेर हिँड्नु भएको त्रिशुल)

यस माङहिममा मुहिगुम अङसीमाङले फक्ताङलुङ हिमालबाट ल्याउनु भएको कालो गोलाकार शिला, तपस्वी, ध्यान, ज्ञान, विश्राम गर्ने काठका अखटा, सत्यहाङमा फाल्गुनन्दले नै हेङवा खोलाबाट ल्याउनु भएको बोल्ने ढुङ्गा विशेष महत्वका साथ दर्शनीय, मननीय, उल्लेखनीय रहेको छ। अन्य धातु, त्रिशूल, बाजा ऐतिहासिक महत्वका प्राचीन सामग्रीहरू पनि संग्रहित छन्। यसरी लोब्रे एउटै परिसरभित्र ८ जिल्ला माङहिम, १७ थुम माङहिम आदि महत्वका माङहिमहरू अवस्थित २ शक्तिपीठ एकै ठाउँमा छन्। यसैको सिरान छत्र मानिने सिलौटी कुटी रानीटार र पौवा सार्तापको बीच केन्द्र चुलिडाँडामा वि. सं. १९९४ मा किरातेश्वर हाङसाम माङहिम निर्माण गरी सबैभन्दा उच्चस्थलको माङहिममा सबैभन्दा बढी समय तपस्वीले बिताउनु भएको अभिरूचि राख्नु हुने सिलौटीमा फाल्गुनन्द मुहिगुम अङसीमाङले, शक्तिशाली शिलाढुंगा पूज्ने राख्नु भएको सिलौटी शिलाबाट सिलौटी रहन गयो र यस क्षेत्र सिलौटी माङहिम नामले प्रचलित छ।



नवनिर्मित सिलौटी माङहिमको फोटो

यस पवित्र र पुण्य माङहिममा विश्वशान्ति तथा मानव एकताको प्रतिकरूपि **हाङलुङधुङ, माङलुङधुङ, माङचोःत्लुङ–हाङचोःत्लुङ** मेन्छाम्गोन नाम्याप्मीसा थीक हुपपोङमा **माङलुङधुङ हाङलुङधुङ कन सुम्चुली नु फेया फेःजा लेत्तुङ युक्खुङथाङलो** विश्व शान्ति र मानव एकतारूपि प्रतिविम्बित प्रतिक यो त्रिशूल र तरवार रोपेको छु, यो शुभ सन्देश विश्वभरिका धर्मावलम्बी विश्वका मानवहरूलाई खबर देउ, विश्वशान्ति मानव एकताको संखनाद गर भनि एकताको प्रतिक गाढ्नु भएको त्रिशूल सुरक्षित रहेको अर्को **शक्तिपीठ** स्थापित रहेको छ।



सिलौटीको पुरानो माङहिम वि. सं. १९९५

यही सिलौटी माङहिम सिलौटी कुटीको परिसर नजिक साढे एक किलोमिटर दुरीमा आफ्नो जीवन बिसर्जन गर्नुभएको **ध्वजे डाँडामा** फाल्गुनन्दको महासमाधिस्थल रहेकोले विश्व शान्ति र मानव

एकताको सूत्रधार मानव मोक्ष र पुण्यताको साक्षात्कार प्रतिविम्व त्रिशुल, तरवार, च्येप्सा र आसपासमा फाल्गुनन्द महासमाधि यी २/४ महान ऐतिहासिक महामानव सूत्र-शक्तिपीठको रूपमा पूजनीय, मननीय, दर्शनीय, वर्णनीय खोज अनुसन्धानयोग्य रहेको छ। यसैको फेदीमा चतुरे बजार लाग्ने सानो भञ्ज्याङ चौरमा ढुंगालाई त्रिशूल गाड्दा फुटी फोडेर बीचमा भएको सिलाढुङ्गा ल्याई पूज्ने शिला बनाउनु भयो। साथै, फक्ताङलुङबाट गाईको जिब्रो भैं जिब्रोको बीचभागमा झलमल अनेक रंग बल्ने सप्तरंगी ढुङ्गा सिद्धिशक्तिको रूपमा पूज्ने गर्नु भएको अमूल्य रत्न ज्योतिनन्द राई नामक कृतिम गुरू हुँ भन्ने व्यक्तिले चोरी बेपत्ता गरायो। यसरी यस मानवपुण्य शक्तिपीठको अनमोल शक्तिरूपि मणि नजानिंदो तवरले चोरी भई बेचविखन भएको दुःखद सन्देश प्रसारित हुँदा साह्रै ठूलो घटना भयो। यो कुकार्यको घोर निन्दा र आपत्ति फाल्गुनन्द अनुयायी सम्पूर्ण भक्तजन फाल्गुनन्दका पुनः अवतार अङसीमाङ आत्मानन्द लिङ्देन परमगुरूवरलगायत किरात धर्म तथा साहित्य उत्थान संघ आदिबाट खेदप्रकट भयो। प्रशासन अदालती, कानुनी कार्यवाही भए पनि अन्ततोगत्वा त्यसै बिलाएर हराएर गएको गएकै भयो। किरात धर्मको अमूल्य सम्पति एक सामान्य धामीवादी गुरू नामबाट लगेको सदा-सदाको लागि अस्त भयो। अतः त्रिशक्ति पीठमा मुहिगुम अङसीमाङ फाल्गुनन्दले सबैभन्दा बढी आराम विश्राम गर्न रूचाउनु भएको पुण्यभूमि, तीर्थभूमि सिलौटी कुटी आध्यात्मिकलगायत हरेक दृष्टिकोणले उपयुक्त सुलभ र बढी पवित्र मानिएको दुर्लभ शक्तिपीठ सिलौटी कुटी विश्वभरिका किरात धर्मावलम्बीहरू माझ सिद्धधामको रूपमा प्रसिद्ध छ।

त्रिशुल उखेल्ने

जो संसारको धनी आउँछ
उसले मात्र उखेल्न पाउँछ



मुहिगुम अङसीमाङले गाड्नु भएको त्रिशूल (क) स्पष्ट रुपमा (ख)

यो धाम सिलौटी कुटीधामलाई अझ परिस्कृत गर्दै परिमार्जितरूपमा फाल्गुनन्दका पुनः अवतार अङसीमाङ आत्मानन्दबाट फक्ताङलुङ महातीर्थ जान नसक्ने शारीरिक अशक्त, अपांग वा बृद्ध भक्तजनहरूको लागि फक्ताङलुङ मारूङफुक्कू पारूङफुक्कू, युमासाम थेबासाम फुक्कू, तागेरा निङवाभूमाङफुक्कू महातीर्थस्थल, मुक्तिस्थल, पुण्य औ मोक्षस्थल फुक्कुमा जान नसक्ने दीन दुःखी अशक्त भक्तजनहरूको लागि फक्ताङलुङको बदलामा यही सिलौटी कुटीको शक्तिपीठ सर्वव्यापी, सर्वसिद्धि, सर्वशक्तिमान, सर्वोपरि सिद्धि शक्तिको रूपमा पूजिन्छ।





सिलौटी ध्वजे डाँडामा रहेको मुहिगुम अङसीमाङको समाधि (चिहान)

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको जन्मभूमि चारखोलाको चुक्चिनाम्बा डाँडागाउँमा भएर पनि कर्मभूमि कर्मक्षेत्र, कर्मस्थल भने सो स्थल पान्थर जिल्लाको लोब्रे, चतुरे, सिलौटी, लालिखर्क, रानीटार, पौवाभञ्ज्याङ, इत्थुङ, याम्बोङ, हाङयक, चोकमागु जौबारी यही वरिपरी यही क्षेत्रभरि नै रह्यो। यो माथि उल्लिखित महत्वपूर्ण ऐतिहासिक दस्तावेजले स्पष्टरूपमा बताउँछ। यसै क्षेत्रमा १७ थुम १० लिम्बुवानको बृहत चुम्लुङ भई १० बुँदे निर्णय पारित भएको सत्यधर्म मुचुल्काजस्ता अति पवित्र दस्तावेज प्रतिपादन भएको महत्वपूर्ण सभा सभारोह, ३/३ वटा माङहिम निर्माण, बोल्ने ढुङ्गा, फक्ताङलुङ शिला, पूज्ने सिलौटी शिला, सावायेत्हाङसाः थीकहुप पोङमा विश्वशान्ति तथा मानव एकताको प्रतीकरूपि त्रिशूल तरवार यही ठाउँमा गाडिएको छ। फक्ताङलुङबाट सिद्धिशक्तिरूपि माङलुङ थियो, सो मणि ढुङ्गा चोरी भई सारा किरात धर्मावलम्बीहरूको मणि अर्थात् सम्पति हरायो।



नव निर्मित नाम्भुन्यक साङसेन सिलौटी, पान्थर

ऐतिहासिक दश बुँदे सत्यधर्म मुचुल्का

धर्मको स्वरूप दर्शनमा आधारित हुन्छ भने यसको पालना कर्मकाण्ड भने कर्म संस्कारको आधारमा बन्छ। आचारसंहिताअनुरूप धर्मानुयायीहरू परिचालन हुनु ठूलो सामाजिक नीति नियमहरूको जरूरत निश्चितरूपमा पर्दछ। यसको पालनाको लागि त झन सबैभन्दा ठूलो धार्मिक आचारसंहिता आवश्यक पर्दछ। अतः सार्वजनिक एवं सामाजिक माङहिमहरू बनाएर मात्र भएन, एउटा सत्यधर्म मुचुल्का बनाई एउटै पथमा हिंडाउने, एकीकृत गराउने सोचले वि. सं. १९८८ बैसाक २४ गते बृहत किरात याक्थुङ चुम्लुङ १० लिम्बुवान १७ थुमका किरात भक्तजन सबैलाई पान्थरको लब्रेकुटीमा भेला गराई लिखित १० बुँदे नीति नियम बनाई सही छाप गरी मुचुल्का उठाउनु भयो। यस मुचुल्कालाई सत्यधर्म मुचुल्का भनिन थालियो। यसलाई जस्ताको तस्तै राखिएको छ।

विवरण

लिखितम थुमथुम गाउँ गाउँका हामी तपसिलबमोजिमका तालुकदार रार्य भाई गैह्रलगायत लिम्बुहरू आगे यो नेपालदेखि पूर्व पल्लोकिरातका १० लिम्बु १७ थुम लिम्बुवानमा भात नचल्ने जातपट्टि जन्मेका बाहेक अरू सबैको दाल भात मिल्ने हनाले लिम्बु जाति एक हौं। त्यसो भएपछि एकै जातिमा बृद्धिसुतक, मृत्युसुतक र बिहे कार्य सबैमा एक रीत हुनुपर्ने औ यी विभिन्न कार्यका विभिन्न रीति हुनुपर्ने थियो। तर, हामीले यसको केही ख्याल राखेका छैनौं। कारण सुख कार्य अर्थात् बिहेवारी हुँदा सुख कार्य र दुःख कार्यमा केही भेद देखिँदैन। फेरी आफ्नो जातको पुस्तकबाट कार्य गर्ने चलन नराखि मनले सम्झेको भरमा मुन्धुमले नै शुद्ध

शान्ति बिहे लगन गर्ने काम भएको हुनाले मुन्धुम नमिली जान्नेले धेरै कुरा बारी, पञ्चले मिलाई भन्ने मुन्धुम धेरै भन्दछन् औ नजान्नेले थोरै भन्दछन्। जुठो बार्दा पनि घटीबढी पारी बारेको हुनाले हामी लिम्बु (याक्थुङबा) जातिमा एकै रीति छैन। यिनै प्रश्नहरू लिएर १० लिम्बु १७ थुम लिम्बुवानमा किन विभिन्न कार्यमा विभिन्न रीति नभई एक भएको, किन एक जातिमा एक रीति नभएको भनि सोधासोध हुँदा जातीय अक्षर भुलि जातीय भाषा र अक्षरमा लेखिएका धर्म पुस्तक पढ्न छोडेको हुनाले पढ्न नजानी जान्नेहरूले पढेको कुरालाई सुनेर त्यसैलाई सम्झी मुन्धुम गराई पञ्च वाक्यबाट कार्य गर्ने गरेको हुनाले एकै रीति नभई भिन्नाभिन्नै भएको रहेछ भन्ने प्रमाण पाइयो। यसकारण अब उप्रान्त हामी लिम्बु जातिमा एक रीति बसाउनलाई लिम्बुवानका (१० लिम्बु १७ थुम) तालुकदार भेला भई सम्वत् १९८८ साल बैसाक २४ गतेमा सत्यधर्म मुचुल्का सभा राखि तपसिलमा जनाइएका राय बनायौं।

तपसिल नं. १

क) हामी लिम्बु जातिले अघिदेखि आफ्नो अक्षर र भाषा लेखिएका पुस्तक पढ्न छाडेको हुनाले पढ्न नजानी जान्नेहरूले पढेको कुरालाई नै सुनेर त्यसैलाई सम्झी मुन्धुम गराएर कार्य चलाउने गर्ने गरेको हुनाले एकै रित नई भिन्नाभिन्नै भएको रहेछ भन्ने बुझियो। यस कारण अब उप्रान्त लिम्बु जातिमा एकै रीतिले कार्य चल्ने गराउनलाई हामीले आफ्नो जातीय अक्षर  मा लेखिएका पुस्तक पढ्नुपर्छ औ पढाउनु पर्छ। जहाँसम्म मातृभाषाको अपहेलना गर्छौं, त्यहाँसम्म हामीले केही कुरोमा पनि सुधार गर्न सक्तैनौं।

ख) थुम थुमका हामी गैह्र लिम्बु जाति भई सत्यधर्म मुचुल्का राख्दा मुख्य कुरा ईश्वरको शरण नपरी कुनै कार्य पनि सफल नहुने

हुनाले हाम्रा पिता पुखदिखि नै ᱩᱪᱷᱨᱟᱜ ᱯᱷᱩᱜᱩᱞᱩᱜ तागेरा निङवाभूमाङ (बिष्णु) लाई मर्जी आएको हुनाले पान्थर, चोकमागुमाथिको लोब्रे डाँडाको फाल्गुनन्द सरस्वती माताको त्रिभुवन सूर्यद्वारीका कुटीमुनि त्रिवेणी धाराको माथि सो धाराको पानीको पाई मिलाई १० लिम्बु १७ थुम लिम्बुवानको सजिया ᱩᱪᱷᱨᱟᱜ ᱯᱷᱩᱜᱩᱞᱩᱜ तागेरा निङवाभूमाङको ᱞᱩᱦᱤᱞᱟ एक माङहिम बनाई बिहान बेलुका धुपबात्ती गरी समय समयमा आफ्नो अक्षरमा लेखिएका धर्म सुनाई प्रचार गर्ने राय बनायौं।

ग) उही ᱞᱩᱦᱤᱞᱟ माङहिमनेर एउटा ᱯᱷᱩᱱᱟᱦᱤᱞᱟ पाठशाला निर्माण गरी लिम्बु अक्षर र भाषा पढाउने राय बनायौं।

घ) देव पितृलगायत पूजाआजामा मंस नचढाउनु। जीव हिंसा नगरी नैवेद्य, धूप दिप र फलफूलले पूजाआजा गर्नु। परलोकमा पनि भोग्न पाइने यस लोकमा पनि दुःख पीर नपरी सजिलो र सुविस्ता हुने हुनाले अब उप्रान्त जीव हिंसा नगर्नु।

तपसिल नं. २

मृत्युसुतक

क) लिम्बु जाति किरिया गर्नुपर्दा कतिले बर्खान्त राखेर तीन दिन बारी चार दिनमा नुन तेल मागि शुद्ध हुन्छन् औ कतिले बर्खान्त राखि एक दिनमा नै नुन तेल मागि शुद्ध हुन्छन्। यसरी एकै जातिमा भिन्न भिन्न रीति नहुनुपर्ने यसकारण जुठो वार्नु पर्दा लिम्बु सनातन धर्ममा प्रमाण पाइएको अनुसार र नौ महिनासम्म गर्भमा रहि दशौं महिनामा जन्मनु पर्ने हुनाले अब उप्रान्त बर्खान्त राखेर नौ दिनसम्म जुठो बारी दशौं दिनमा नुन तेल मागि शुद्ध हुने यसरी दश दिनसम्म जुठो बार्दा काम काजमा हानी हुनाले तीन दिन मात्र काम खेती बारेर त्यहाँदेखि बार्न नपर्ने।

ख) मृत्युपछि सतगत गराउँदा ᱱᱩᱲᱩᱢᱟᱱ पिण्ड दिने थान राखिएको ठाउँमा बिहान बेलुका पिण्ड दिँदा सुँगुर आदि जीवहरूको मंस

दिएर पिण्ड दिने फेरि नुन तेल मागि शुद्ध हुँदा सुँगुर कुखुरा राँगो काटी सो मासुले प्रेतलाई पिण्ड दिएर शुद्ध गर्ने। उसमा पनि प्रेतलाई शुद्ध गराउने वाक्यमा [illegible] वालाम अर्थात् सुँगुर, कुखुरा आदि जीवजन्तुको कोखमा नजानु, नजन्मनु भन्ने वाक्य उच्चारण गर्दै आएको हुनाले सुँगुर, कुखुरा वा अरू प्राणीहरूको मंसले पिण्ड दिन नहुने प्रमाण देखिएको कारणले अब उप्रान्त फलफूलको पिण्ड दिनु, मंसको पिण्ड नदिनु। मृत्युसुतक कार्यमा मंसको चलन नै नगर्नु।

ग) बर्खान्तको हकमा (क) मा लेखिएअनुसार दशौं दिनमा नुन, तेल मागि पाँच, छ महिना अर्थात् वर्षात् महिनाभरी बर्खान्त बारी असोज या हिउँद महिनामा गर्नुपर्छ।

घ) उमेर अनुसार किरिया वा बर्खान्तको नियम :

1. कर्म चलेका र बाह्र वर्ष नाघेकालाई नौ दिन बारी दश दिनमा नुन, तेल मागि छ महिना बर्खान्त बारी काम सैया गरी शुद्ध हुने।
2. दश वर्षदेखि उँधो र तीन वर्षदेखि उँभोकालाई तीन दिन बारी चार दिनमा नुन, तेल मागि काज सैंया गरी शुद्ध हुने।
3. तीन वर्षदेखि उँधोकालाई एकैदिन बारी जलस्नानले शुद्ध हुने।

ङ) प्रसुतावस्थामा अगती भई मृत्यु हुने नारीहरूको जुठो बार्ने चलन आजसम्म लिम्बु जातिमा छैन। तर, अब उप्रान्त तिनीहरूको पनि माथि दफा ६ को १ मा जस्तो जुठो बार्ने, बर्खान्त गर्ने, काज सैंजा गर्ने।

च) सयमुन्द्रिको हकमा बिहे गरेर सयमुन्द्रि रीति नछिनी मरिहाले लोग्नेलाई जुठो लाग्दैन, माइतीले नै जुठो बारी काज किरिया गर्नुपर्ने चलन हामी लिम्बु जातिमा छ। अब उप्रान्त बिहे भइसकेपछि लोग्नेले नै किरिया काज गर्नुपर्छ, माइतीले पर्दैन।

छ) बृद्धिसुतकमा नानीको उमेर तीन दिन वा चार दिन पुग्दा न्वारान गर्ने चलन लिम्बु जातिमा छ। तर, लिम्बु सनातन धर्मग्रन्थमा न्वारान गर्दा नौ दिन बारी नानीको उमेर १० पुग्दा न्वारन गर्नुपर्छ भन्ने प्रमाण पाइएको हुनाले अब उप्रान्त नौ दिन बारी दशौं दिनमा न्वारान गर्नु।

तपसिल नं. ३
विवाहको हकमा

क) बिहेसम्बन्धी छोरीचेलीको सोतरीत दिने लिने लिम्बुवानमा चलन चलिआएको छ। यस रीतिलाई चारकलम या हक्तवा ᥖᥰᥛᥲ भन्दछन्। चार कलम बुझाउन जाँदा पन्ध्र बीस जवानले बोक्न नसक्ने सडेको सौगात लिएर बेहुलीको आमा बाबुलाई दिन्छन्। यो रीत बुझाउन जाँदा दुई ठूलाठूला सुँगुरका खोक्पा, दुई ठूलाठूला जाँडका साप्तु, दुई ठूलाठूला रक्सीका पिपा र अरू २ साँप्रा र बोतल लिएर जानुपर्छ। हामी माइतीले .यी सब सौगात थापेर खान्छौं। छोरा छोरी दुबैका जन्मदाता हामी नै हौं। कुन छोरा कुन छोरी हाम्रो लागि बराबरै हुनुपर्ने, तर हामी छोरालाई घरको जम्मै झिटिमिटि किपट वीरताको उत्तराधिकारी (हकवाला) बनाउँछौ, र छोरीलाई चाहिँ दिनुको साटो सडिएको सौगातसित साटेर खान्छौं, कस्तो अन्याय बडो विचारनीय छ। हामी लिम्बु जातिजस्ता अनाचारी र अत्याचारी अरू जाति बिरलै होलान्। हाम्रो लिम्बु जातिको सनातनी धर्मग्रन्थमा छोरीचेलीलाई देवी समान मानेका छन्। यस्ता देवीहरूलाई निर्जीव वस्तु सम्झि सडेको वस्तुसित साट्नु कस्तो अनाचर। हामी मानिस होइनौ भूत हौं। राति जागित्र हुनु दुःखले दिउँसो हिंड्ने निशाचर हो। फेरी चार कलम बुझाउनु आउँदा चारवटा कलमको सट्टामा ᥐᥲᥛᥲᥐᥲ ᥓᥲᥛᥲ ᥔᥲ ᥔᥲᥛᥲ ᥕᥲᥛᥲ ᥕᥲᥛᥲᥐᥲ ᥓᥲᥔᥲᥓᥲᥐᥲ ᥓᥲᥛᥲᥐᥲ ᥔᥲᥔᥲᥛᥲᥐᥲ ᥔᥲᥔᥲᥛᥲᥐᥲ ᥔᥲᥔᥲᥛᥲᥐᥲ इत्यादि भनेर पचासवटा

कलम पुऱ्याई प्रति कलममा दुई दुई, तीन तीन रूपैयाँ डाँडेर आफ्नी प्रिय पुत्री जसलाई हामीले जन्म दियौं, जसलाई पालन पोषण गरी हुर्कायौं, जसको जन्मदेखि श्रद्धा भक्ति र प्रेम हामीमा गाडिन्छ औ हाम्रो अलिकति बिसञ्चोमा जसले आँशु चुहाउँछे, हामीले त्यसैलाई भेडा बाखाको दरमा राखि सय रूपैयाँ दाममा बिक्री गरिरहेछौं। यो हामीलाई थाहा छैन। उल्टो खोक्पा सानो भयो, साप्तु सानो भयो, रक्सी कम्ती भयो, यो कलम पुगेन भनेर आफ्नो धाक जमाइरहेछौ। कस्तो घिनलाग्दो कुरा, कति निच, हामीमा मानवता छैन, दानवता छ, प्रेम छैन, स्वार्थ छ। स्वार्थ पनि आफैंले जन्माएका प्यारी छोरीहरूसित कस्तो अनर्थ।

आदिमा यो रीति हाम्रो लिम्बु जातिमा थिएन। मध्यदेखि नै यो रीत चलिआएको हो भन्ने लिम्बु सनातनी धर्मग्रन्थमा प्रमाण छ। सिरीजंगा लिखित ᤕᤰᤛᤢᤱ ᤐᤱᤐᤱ धर्मग्रन्थमा यो रीति मध्यदेखि नै शुरू भएको भन्ने प्रमाण पाइन्छ। इमानसिं चेम्जोङले लेखेको किरात इतिहासमा पनि आदिमा यो रीत थिएन भन्ने प्रमाण छ। हामी लिम्बु जातिमा यो कुरीति चलेको देखि सरकारबाट पनि अब उप्रान्त छोरी चेलीको सोत रीत नखानु, खाएमा बिघो जफत गरी सजाय गर्नु भन्ने ऐन खडग, निशान, सनद बक्सेको छ। जबसम्म यो कुरीतिलाई सुधार गर्दैनौं, तबसम्म हाम्रो जाति सुध्रनु असम्भव छ। यही कुरीतिले गर्दा खानु र पिउनुमा भुलिँदा हाम्रो अक्षर, भाषा, संस्कृति सभ्यता र साहित्य सबै लोप हुदै आइरहेछन्। यसर्थ हाम्रो साहित्य र सभ्यताको पुनः उत्थान गर्नुमा र यो कुरीति कायम चालु रहनाले बाबु माइतीलाई चन्द्र, सूर्य रहुञ्जेल नर्कवास हुने सल्लाहमा भलाई बुझेकाले अब उप्रान्त छोरीचेलीको सोतरीत केही नखाई वाकदत्त बोलि बिहे गरी दिने लिने गर्नु।

ख) छोरीचेलीको बिहे माइतीबाट केटाको घरमा बिहे गर्न जाँदा

बेहुलीलाई पुऱ्याउन अरू साथीहरू (छोरीचेलीहरू) जान्छन्। तिनीहरूको दुःख सास्ति भनेर निजहरूलाई एक आना दुई आना दिने लिने चलन हामी लिम्बु जातिमा चलिआएको छ। आज चुम्लुङमा उपस्थित भएकी चोकमागु बस्ने पत्रा लिम्बुकी धर्मपत्नी श्रीमती मनरोती लिम्बुनीले छोरी चेलीको सोतरीत खानु महापाप हो। बेउली पुऱ्याउनु जाँदा एक आना दुई आना दिने लिने चलन सोतरीतकै एक अंग हो। यस उसले दुःख सास्ति भनेर एक आना दुई आना खानु, पनि उही महापापको एक अंश हो। यसर्थ अब उप्रान्त यो रीत पनि नहवस भन्ने राय प्रकट गरेकी हुनाले अबदेखि बेहुलीलाई पुऱ्याउन जानेहरूलाई दुःख सास्ति दिने लिने दस्तुर नगर्ने राय बनायौं।

तपसिल नं. ४

विविध

क) बिहे गरेर जारी गरिएका बिहे खर्च नलिई नछोड्ने चलन छ। तर, अब उप्रान्त यसरी जारी गरी गएमा जाने लाने दुबै स्त्री पुरूषलाई समाजदेखि बहिष्कृत गरी तिनीहरूको हातको भात नखानु भन्ने राय बनायौं।

ख) बर्खान्त सैया काज गर्दा लिम्बु जातिमा दाजुभाई इष्टमित्र, कुलकुटुम्बबाट सघाउनी दिने लिने रीति अनिवार्यजस्तो भइसकेको छ। अब उप्रान्त सघाउनी नलिई आएमा जेथाअनुसार काज सैया गर्नु। इष्टमित्र, कुलकुटुम्बलाई केही करकाप नलाउनु औ जीव हिंसा नगरी केवल फलफूलले कार्य चलाउनु।

ग) हाम्रो जातीय बाजा च्याब्रुङ हो। हाम्रा पिता पुर्खाले शुरूमा मूढो खोपेर यसको आविस्कार गरेका थिए। तर, अझसम्म यसमा केही सुधार भएको छैन। यसको सृष्टि हुँदा यो जुन अवस्थामा थियो अहिले पनि उही अवस्थामा छ। यसर्थ अब यसको पनि सुधार गरी हल्का र बज्ने बनाउने राय बनायौं।

घ) धान नाच लिम्बुहरूको जातीय नाच हो। यो नाच आदिमा दाई गर्नुपर्दा धान झार्नलाई तरूण तरूणी नाच्दथे। अचेल बर्खान्त कार्यमा र बिहे कार्यमा यो नाच बराबर नाचिन्छ। यीबाहेक हिजोआज त झन लिम्बु लिम्बुनीहरू बिनाकारण चउरमा भेला भई कुन मंसिर कुन असार बाह्रैमास रातभरी नाच्न थालेका छन्। यस उसले यस नाचको महत्व घट्न लागिरहेछ। फेरि रातभरीको निद्राले कतिको स्वास्थ्य बिग्रँदैछ औ दैनिक कार्यमा पनि हानी हुँदैछ। यसर्थ, अब उप्रान्त यो हाम्रो जातीय नाचको महत्व राख्नलाई नियम सुधार गरी केवल शुभ कार्यमा मात्र नाच्नुपर्छ भन्ने राय बनायौं।

अन्तिम

यो सत्यधर्म मुचुल्काले माथि तपसिलका दफा दफामा बनाएको रायहरूमा हामीहरू सबैको चित्त बुझ्यो औ सनातनमा लेखिएको ग्रन्थको मतबमोजिम तपसिलका दफा दफामा लेखिएअनुसार गरौंला १० लिम्बु १७ थुम लिम्बुवानमा यसको प्रचार गरौंला। यसले माथिका रायहरू उल्लङ्घन गरौंला। त्यसलाई यसै सत्यधर्म मुचुल्काले उजुर गरी सीमा नाघी काम गरेवापत सजाय गरौंला औ उल्लङ्घन गर्नेले पनि मुचुल्काले तोकेको सजाय बुझाउँला। माथि जनाइएको तपसिल १ को दफा 'ख' र 'ग' मा लेखिएका ᱯᱚᱞᱤᱚ ᱵᱟᱞᱤᱚᱨᱚᱞᱤᱚ माङहिम र पाठशाला बनाउने खर्च हामी सबैले भेटी अर्पण गरौंला भनि हामी गैह्रको मनोमान राजी खुशीसित सत्यधर्म मुचुल्कामा सहिछाप गरी १७ थुमको १७ थान लेखी थुमैपिच्छे एक एक थानको दरले बुझी सो थुमका तालुकदारहरूको सकल सही छाप गराएर नक्कल मौजा मौजाकाले लियो।

सत्यधर्म मुचुल्कामा उपस्थित हुने भिन्नाभिन्नै थुमका तालुकदार र तुम्याहाङहरू :-

क्र.सं.	नाम	गाउँ
१.	सु. असलबहादुर लिम्बु	अदिन
२.	श्री तिलकसिं लिम्बु	याम्बोन
३.	श्री बुद्धिमान लिम्बु	फ्योदेन
४.	श्री पदमलाल लिम्बु	फाक्तेप्पा
५.	सुब्बा राजमान लिम्बु	फाक्तेप्पा
६.	श्री नरबहादुर लिम्बु	फाक्तेप्पा
७.	श्री धनपति लिम्बु	याम्बोन
८.	श्री लखबहादुर लिम्बु	याम्बोन
९.	श्री जितबहादुर लिम्बु	याम्बोन
१०.	श्री मैतबहादुर लिम्बु	याम्बोन
११.	श्री सार्के लिम्बु	याम्बोन
१२.	सुब्बा नरबहादुर लिम्बु	भदौरे
१३.	श्री पूर्णलाल लिम्बु	अम्लाबुङ
१४.	श्री दौलथ लिम्बु	अम्लाबुङ
१५.	सुब्बा हर्कप्रसाद लिम्बु	अम्लाबुङ
१६.	श्री कर्णधोज लिम्बु	अम्लाबुङ
१७.	श्री मानप्रसाद लिम्बु	अम्लाबुङ
१८.	श्री धनपती लिम्बु	अम्लाबुङ
१९.	श्री ललितबहादुर लिम्बु	अम्लाबुङ
२०.	श्री रहरसिं लिम्बु	अम्लाबुङ
२१.	श्री कागदल लिम्बु	अम्लाबुङ
२२.	श्री कृष्णधोज लिम्बु	अम्लाबुङ
२३.	श्रीमती मुनुहाङमा लिम्बु	अम्लाबुङ
२४.	श्रीमती नुनामफूङ लिम्बु	अम्लाबुङ

२५. श्री मानधोज लिम्बु अम्लाबुङ
२६. श्री मुलुकसिं लिम्बु अम्लाबुङ
२७. श्री चन्द्रसिं लिम्बु अम्लाबुङ
२८. साधु वीरधोज लिम्बु अम्लाबुङ
२९. श्री मानवीर लिम्बु अम्लाबुङ
३०. श्री मुवाहाङ लिम्बु अम्लाबुङ
३१. श्री सार्के लिम्बु अम्लाबुङ
३२. श्री खड्कधोज लिम्बु अम्लाबुङ
३३. श्री हर्कजङ लिम्बु अम्लाबुङ
३४. श्री गौमान लिम्बु सखेवा
३५. श्री रविलाल लिम्बु सखेवा
३६. श्री लालबहादुर लिम्बु सखेवा
३७. श्री टेकवीर लिम्बु सखेवा
३८. श्री चुयुहाङ लिम्बु आङसराङ
३९. सुब्बा नरबहादुर लिम्बु रानीगाउँ
४०. श्री मैतसिं लिम्बु फाक्तेप्पा
४१. श्री पाहाङ लिम्बु आङसराङ
४२. श्री पुरून्धोज लिम्बु चोकमागु
४३. साधु रन्जहाङ लिम्बु चोकमागु
४४. श्री कर्णबहादुर लिम्बु चोकमागु
४५. श्री अजपसिं लिम्बु चोकमागु
४६. श्री गंगादास लिम्बु चोकमागु
४७. श्री रैनसिं लिम्बु चोकमागु
४८. श्री हर्कबहादुर लिम्बु चोकमागु
४९. श्रीमती माहाङ लिम्बु चोकमागु
५०. श्री आशराज लिम्बु चोकमागु
५१. श्री भगीरथ लिम्बु चोकमागु
५२. सुब्बा लाहुरसिं लिम्बु चोकमागु

५३.	श्री हस्तबहादुर लिम्बु	चोकमागु
५४.	सुब्बा काजिमान लिम्बु	चोकमागु
५५.	श्री इन्द्रलाल लिम्बु	चोकमागु
५६.	श्री सहरमान लिम्बु	चोकमागु
५७.	श्री मानबहादुर लिम्बु	चोकमागु
५८.	श्री तिलकसिं लिम्बु	चोकमागु
५९.	श्री प्रतापसिं लिम्बु	चोकमागु
६०.	श्री नरबहादुर लिम्बु	चोकमागु
६१.	श्री महालाल लिम्बु	चोकमागु
६२.	श्री बुद्धिराज लिम्बु	चोकमागु
६३.	श्री हर्कदल लिम्बु	चोकमागु
६४.	श्री नरप्रसाद लिम्बु	यासोक
६५.	सुब्बा लाखबहादुर लिम्बु	यासोक
६६.	श्री प्रसाद लिम्बु	यासोक
६७.	श्री विर्खबहादुर लिम्बु	चोकमागु
६८.	श्री हस्ते लिम्बु	चोकमागु
६९.	श्रीमती मनरोती लिम्बु	चोकमागु
७०.	श्रीमती हर्कहाङ लिम्बु	चोकमागु
७१.	सुवेदार जीतबहादुर लिम्बु	सिनाम
७२.	सुब्बा कुलबहादुर लिम्बु	मादिबुङ
७३.	श्री टेकवीर लिम्बु	मादिबुङ
७४.	श्री बुद्धिमान लिम्बु	मादिबुङ
७५.	श्री सिंहबहादुर लिम्बु	यासोक
७६.	श्री लाखधोज लिम्बु	नाङ्गेनी
७७.	श्री धनशोर लिम्बु	चोकमागु
७८.	श्री अमरधोज लिम्बु	अम्लाबुङ
७९.	श्री मतिराज लिम्बु	सिवागाउँ
८०.	श्री हतिराम लिम्बु	चोकमागु

८१.	श्री प्रतापसिं लिम्बु	चोकमागु
८२.	सुब्बा काजिमान लिम्बु	म्यङलुङ
८३.	श्री ललितबहादुर लिम्बु	म्यङलुङ
८४.	श्री जहरसिं लिम्बु	चुक्चिलिम्बा
८५.	श्री हर्के लिम्बु	चुक्चिलिम्बा
८६.	साधु नरधोज लिम्बु	नवाखोला
८७.	श्री प्रेमबहादुर लिम्बु	मिकलुक
८८.	सुब्बा बलधुम लिम्बु	चारखोला
८९.	श्री मानधोज लिम्बु	चारखोला
९०.	श्री दलबहादुर लिम्बु	चारखोला
९१.	श्री भगिनन्द लिम्बु	फाकयोक
९२.	श्री डम्बरसिं लिम्बु	फाकयोक
९३.	श्री सुखबहादुर लिम्बु	फाकयोक
९४.	श्री मानवीर लिम्बु	मिकलुक
९५.	श्री जहरमान लिम्बु	मिकलुक
९६.	श्री चन्द्रलालसिं लिम्बु	मिकलुक
९७.	श्री सञ्चरूप लिम्बु	चेम्फुवा
९८.	श्री जयबहादुर लिम्बु	चेम्फुवा
९९.	सुब्बा मानबहादुर लिम्बु	चेम्फुवा
१००.	श्री हर्कधोज लिम्बु	चेम्फुवा
१०१.	सुब्बा लामजाङ लिम्बु	चेम्फुवा
१०२.	सुब्बा बलधर लिम्बु	चेम्फुवा
१०३.	सुब्बा जयेश्वर लिम्बु	चेम्फुवा
१०४.	सुब्बा बमबहादुर लिम्बु	चेम्फुवा
१०५.	सुब्बा बहानसिं लिम्बु	चेम्फुवा
१०६.	सुब्बा कृष्णबहादुर लिम्बु	लुम्दे
१०७.	सुब्बा भीमदल लिम्बु	लुम्दे
१०८.	पदमलाल राई	रवि

१०९. बजिरमान राई — रवि
११०. सिद्धिदास राई — रवि
१११. मचिन्द्र साधु — रवि
११२. चन्द्रध्वज राई — रवि
११३. सिद्धिदल राई — रवि
११४. देवनन्द राई — याङसिदेन
११५. ठालुमान राई — सिंहाङ
११६. साधुनी सिद्धिहाङमा राई — पञ्चमी
११७. साधु बालजीत राई — खम्बुवान
११८. तपस्वी फाल्गुनन्द लिम्बु — चोकमागु

ज्योतिर्विज्ञान पनि आध्यात्मिक ईश्वरको आँखा भनिएको छ। Jyotish is an eye of every individual हो, अतः ज्योतिष आँखाबाट हेर्दा पनि उक्त किरात याक्थुङ बिराट चुम्लुङ अत्यन्त महत्वपूर्ण महायोगको जोजनमा शुभघडी शुभयोग चतुर्थ केन्द्र परेको देखिन्छ, र यसले भविष्यमा अत्यन्त ठूलो महत्व लिने निश्चितता देखिन्छ।



१९८८ साल बैसाक २४ गते बुधबार लिखित १० लिम्बु १७ थुमको सत्यधर्म मुचुल्का कुण्डली

सत्यधर्म मुचुल्का एक विश्लेषण

सत्य भन्नाले सोझो अर्थमा साँचो भन्ने तथ्य बुझाए पनि शब्दकोशको परिभाषामा बृहद अर्थवोध गराउँछ। जसका अनुसार भाव-सत्यता, सतसम्बन्धी, सतकाम, सत से युक्त, ईश्वरको नाम, कथन वा वात, मूल वा वास्तविक ठीक, अनुरूप अर्थात, जहाँ पूरापूरा विश्वास अर्थात् सत्य ब्रत, सत्यसंघ, सत्यधर्म सभा, मानौं कि जस्तो जस्तो हुन्छ उस्तै उस्तै ठिक दुरूस्त। सत्य कहीं लुकाउन छिपाउन नसकिने, सचित, न्यायसंगत, पक्ष नड्गेंन, पारमार्थिक सत्ता, कुनै पनि केही विकार नहुने। ब्रह्म, सत्य, प्रतिज्ञा, कसम, शपथ, सत्ययुग भनेर उल्लेखमा पाइन्छ।

धर्मको शाब्दिक अर्थ हुन्छ धारणा, धृपदार्थ प्राकृतिक मूलगुण, विशेषता, स्वभाव, बृत्ति सदाका स्थायित्व पहिचान भन्दा भिन्न नरहने, जस्तो आगोको पोल्ने धर्म, जीवको जन्मने मर्ने, सामाजिक विधि विधान, व्यवहार, पालनाका, अहिंसा, दया, न्याय, सत्यता आदिका आचारण मनुष्यमात्रका धर्म, माता, पिता, ईश्वर, देवी, देवता, आत्मा, परमात्मा, आदिमा श्रद्धा, विश्वास, कर्म, धारणा, दर्शनशास्त्र, धर्मशास्त्र आश्रित, धर्मग्रन्थ, पारलौकिक, सुख या स्वर्ग, मोक्ष प्राप्तिको नाम।

मुचुल्का वास्तवमा मुचुल्का नभएर शब्दकोशका अनुसार मुचुल्का यथार्थमा रहेछ, विविध क्षेत्रमा प्रतीज्ञापत्र कुनै अभियुक्त वा अपराधीको लागि लेखिने भविष्यमा यस लेखिएको विधि विरूद्ध काम गरे जरिवाना, समाज, अर्थदण्ड, दण्डित गर्ने गरि लिने दिने, लेख्ने, लेखाउने।

सत्य, धर्म र मुचुल्का यी तीन शब्दको समायोजन अर्थात्

संयोजन गरि सत्यधर्म मुचुल्काको बलियो गठबन्धन गर्ने महान् युगपुरूष मुहिगुम अङसीमाङ फाल्गुनन्दले वि. सं. १९८८ बैसाक २४ गते बुधबार बृहद किरात चुम्लुङ गराउनु भएको महान् ऐतिहासिक दिन, सो दिन १० बुँदे महत्वपूर्ण दस्तावेज निर्णय पारित भएको छ। वास्तवमा सत्यधर्म र मुचुल्का बेग्लाबेग्लै शब्दहरूलाई एउटै शिर्षकमा कैद गर्दै शब्द गठबन्धन, संयोजन, समायोजन, शब्दचयनको दृष्टिकोणले सत्यधर्म मुचुल्का स्वयंमा शब्दशास्त्र, ज्ञानशास्त्र, मुक्तिशास्त्र र मानवशास्त्र बन्न पुगेको छ। यो तीन रसायनले रसाएको सञ्जीवनी प्रवाह गरेको छ, जुन साश्वत छ, दर्शनयुक्त छ र मानव जातिको मन्त्रमुग्ध भएको सत्यधर्म मुचुल्का गम्भीर ढंगले व्याख्या विश्लेषण संश्लेषण गर्न आवश्यक भएको छ, यसरी सत्यधर्म मुचुल्का कागज लेखिएको ७८औं वर्ष बितेको दौरानमा यसको ऐतिहासिकता, पृष्ठभूमि र औचित्यमाथि खोज अनुसन्धान, अन्वेषण गर्दै किरात विराट चुम्लुङका पूर्वजहरूको सपना के हो, उद्देश्य के छ, लक्ष के के हो तथा उद्देश्य, लक्ष र सपनाहरूलाई साकार तुल्याउन के कस्ता साधन एवं प्रयासको जरूरत छ, पूर्ण सफल भयो भने राष्ट्र, समाज र परिवार एवं विश्वको स्वरूप कस्तो हुने होला, यस महान एवं पुनीत कामको लागि तपस्वी फाल्गुनन्दको अद्वितीय योगदानमा तत्कालीन धर्मभक्तजनहरूको भूमिका तथा सहयोग र उपस्थिति आदि विषयमा सकेसम्म गहिराइमा डुबुल्की मार्दै खोस्रने, खोतल्ने कोशिस गरिएको छ। यसरी नै शब्दमन्त्र निर्माण हुने गर्दछ, जसलाई ब्रह्मसूत्र ब्रह्म सिद्धान्त वा ब्रह्मज्ञान भनिन्छ। किरात मुन्धुमी भाषामा माङपान माङइङहुप भनिन्छ। यो सत्यधर्म मुचुल्का एउटा ब्रह्मसूत्रसिद्ध भएको छ। यसको ब्रह्मज्ञान सूधारका भगवान मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन तागेरा निङवाभूमाङको साक्षात दूतरूपि मानवचोलामा अवतरण हुनु भएको उल्लिखित पंक्तिले पुष्टि गर्दछ।

सत्यधर्म मुचुल्का तयार बन्ने अवस्था सिर्जना गर्न पूर्वका समस्त कथाव्यथाहरू त्यतिसम्म आइपुग्न आरोह अवरोह, तीता मीठा श्रृंखलाहरू यहाँ लिपिवद्ध नगरिए लुकेछिपेको एतिहासिक पृष्ठभूमि नआउने नदेखिने भएकोले सो देखाउन लेखाउन बढी उपयुक्त र सान्दर्भिक हुनेहुँदा बितेका घटनाक्रमहरू उधृत गरिएको छ।

वि. सं. १८३१ साउन २२ गते श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले गरेको नेपालको राष्ट्रिय एकीकरण गर्ने क्रममा लिम्बुवान राज्यमा शासन गर्ने १० राजाहरूको लालमोहर सन्धि सम्झौतापछि दश लिम्बुवान सत्रथुम बृहद नेपालमा एकीकरण भयो। योभन्दा पहिले याक्थुङ लाजे भनिन्थ्यो, अर्थात् लिम्बुवान मुलुक स्वराज्य स्वतन्त्र राष्ट्र याक्थुङ लाजे गणराज्य थियो। जहाँ १० प्रान्तमा १० सरदारहरूको १७ थुममा आपुंगी शासन थियो। गोर्खा राज्यका शाही सेना र लिम्बुवान सेनाका लडाकुहरूबीचको युद्ध न हार न जीतको स्थितिमा शान्ति सम्झौताबाट लिम्बुवान क्षेत्र नेपालमा विलिन भयो। यही राज्यको तत्कालीन सिमाना अरूण पूर्व, टिस्टा पश्चिम, हिमालय दक्षिण, तराईको भूँडे सिम्बुल उत्तर यति ४ किल्लाभित्रलाई याक्थुङ लाजे नेपाल लाजेमा गाभिन गयो। यद्यपि, राज्य विलिन भए पनि सम्झौतामार्फत् सन्धि भएकोले राज्यका मूलभूत ५ तत्वसारबाहेक लालमोहर ताम्रापत्रले तालुकदार अमाल-धमाल, शासन प्रशासन, रैती बस्ती बसाउने सुब्बा, अमाली र तिरो भारो, भीर मौरी, तीते माछा, जग्गा जमिन जिउ धन आफ्नो आफैं याक्थुङबा जातिमा अधिकारसम्पन्न शक्तिसम्पन्न भइरहने हक, अधिकार रहन गयो।

१. राज्य सेना, २. परराष्ट्र, ३. मुद्रा, ४. जीउ ज्यानमुद्दा गौमुद्दा, ५. पानी अचल मुद्दा, यसलाई पञ्चखत भनिन्छ। यी पाँच विषयका मुद्दा मामला केन्द्र सरकार अथवा नेपाल सरकार श्री ५ महाराजाधिरज सरकारको हुकुम मर्जिबाट हुने र बाँकी लिम्बुवानको

सम्पूर्ण शासन पद्धति आफ्नै हातमा रहने भएकोले याक्थुङबाहरूको यस हारले खासै फरक पारेन। तर, १७ थुमको थुमैपिछेको शासन, १० लिम्बुको भाषा, संस्कृति, लिपि, इतिहास र धर्ममा भने ठूलो ह्रास भयो। नेपालमा नेपाली भाषाबाहेक लेख्न, पढ्न बन्द भयो। लिम्बुबान पूर्ण ठप्प भयो। अन्धकारले ढाक्यो। ज्ञानगुण, शिक्षा दीक्षा, ध्यान, ज्ञान, जपतप कुन चरिको नाम हो। शून्यतामा महाशून्य हुन गयो। अनपढ, मूर्ख, अज्ञान, अधर्म र कुसंस्कृति, कुकर्म, कुसंस्कारले ढाक्यो। दश लिम्बु सत्रथुमका याक्थुङबाहाङहरू नामको मात्र हाङ थिए, स्वरूपमा थिएनन्। घोर अन्धकार, महाकालरात्रिले ढाकेजस्तो भयो। पूरा ढाकेर बसेका याक्थुङबा वंशजको संस्कार जाँड, रक्सी, मद, मंस, खानु, पिउनु, राँगा, सुँगुर, कुखुरा, भेडा, बाखाले बलिपूजा गर्नु, हत्या हिंसा, दमन, उत्पीडन, शोषण, सामन्ती प्रवृत्ति र कुकर्म, कुसंस्कार, कुरीतिले घोर नर्कमा डुबेर बसेका यो जातिमा वि. सं. १९०३ को कोतपर्व काण्डले जंगबहादुरको जंगवीरे नीति दोस्रो शक्ति सिर्जना भयो। जुन शक्तिले जंगबहादुर र उनका वंशज श्री ३ राणाजी भएर नेपालमा १ महाराजा शाह वंशज र अर्को राजा राणा दोस्रो शक्तिको रूपमा शक्तिशाली राजाको जन्म भयो। अब उप्रान्त प्रधानमन्त्रीको रोलक्रम र कमाण्डर आदि राज्यको मूलस्रोत, शक्तिस्रोतका शक्तिशाली पदहरू श्री ३ राणाहरूको वंशानुगत रोलक्रमले पदभार सर्दै जाने परम्पराले शाही शासनमाथि थप राणाशाही परिवार थपिएकोले २ राजा, २ राणा, द्वैध शासनको प्रबलताले मुलुकका रैतीहरूलाई थप भार, थप समस्याको प्रतिकूल प्रभाव सोझो लिम्बुवानका लिम्बुहरूमाथि थपिन गएकोले दुई हुकुमको २ धार, २ शासनमा पिल्सिएका याक्थुङलाजेका याक्थुङबाहरूको दिन, हीन दुर्दशा भयो। आफूले पाएको भूमि हक किपट कि माने किरात र पट मानें अचल भूमि अर्थात् किपटको अर्थ बेचबिखन गर्दा नबेचिने, बिक्री गर्दा नबिक्ने अचल र अटल भूमिलाई अनेक ढंगले, रैती

बस्ती बसाई रैतीहरूलाई रैकर हले, कोदाले, पलेटे, सुजेरे, दर्ता गरि रैती रसाई, बस्ती बसाई भूमिहरू रैकर संज्ञाबाट रूपान्तरित हुँदै एकपछि अर्को हस्तान्तरण हुँदै भूमिपतिहरू भूमिहीन हुन थाले। किपट सबै बेचबिखन हुन गयो। जग्गा जमिन समाप्त भयो। तागेरा निङवाभूमाङ मान्ने माङसा हाङसाहरू हराउँदै बिलाउँदै, मासिँदै पतन हुँदै गए। पूर्वीय मुग्लान आसाम, भूटान, बर्मा र भारत आदि ठाउँ ठाउँमा विस्थापित भई हराउने बेलाको बिलाउने मति उल्टै बुद्धि, उल्टै शुद्धि, उल्टै कर्म, उल्टै धर्म विनाश हुने बेलामा विपरीत बुद्धि हुने शास्त्रीय मुन्धुम वचन झैं उँधो लागेको मृग सबैले खेदाउँदा त भाषा हरायो। लिपि हरायो। संस्कृति सुक्यो। संस्कार बिलिन हुँदै इतिहास भई आफ्नो अनुहार कस्तो हो चिन्न छोडे। धर्म धरमरियो, साम्योको साम अर्थात् सातो नै हरायो। साम नै सातो हो, र सातो नै सत्ता हो। सत्ता स्वतः भई हुने हुँदा स्वतःबाट सत्यको निर्माण हुने विधिको विधानलाई सत्य भनिन्छ, र सत्यभन्दा ठूलो धर्म संसारमा अर्को छैन। यही सम्पूर्ण ज्ञान सर्वज्ञान, सर्वसत्ता, सदासर्वदा रहने अमरतत्वज्ञानबाट बिल्कुल टाढिएका याक्थुङबाहरूको जीवन कहानी जीवन दर्शन र पद्धति महाशून्य देखिंदै एकदिन समाप्त हुने मूलबाटोको उल्टो गन्तव्यलिएर यात्रा गरिरहेको यी वर्गहरूको सिङ्गो पहिचान, अस्तित्व धर्मराइरहेको अवस्था वि. सं. १८३१ देखि शुरू विन्दु आधारबाट वि. सं. १९८८ सम्म लगभग डेढसय वर्ष एक सानो युगसम्म अन्जान अज्ञान, परिस्थितिमा गुज्रिरहेको किरात भाषा, किरात जातिहरूको वृतान्तविहीन हुन गयो। वर्णन गर्ने कालो युग, अन्धयुग, विकृति कालको अवस्था स्वीकार्नु पर्दछ। यो स्थिति किरात इतिहासको सबैभन्दा कालो युग, कालो दिन र कालरात्रि भन्नु पर्दछ।

सावायेत्हाङसा, किरातलाई बचाउन तागेरा निङवाभूमाङको अनुकम्पाले मुहिगुम अङसीमाङ फाल्गुनन्दको जन्म अवतरण भई

बाल्यकालमै ज्ञान प्राप्तगरी पल्टन गई वंश सुधार गर्न स्वदेश फर्कनु भई धर्म-कर्मको प्रचारप्रसार गर्दै वि. सं. १९८५ सम्म जन्मभूमि चुक्चिनाम्बामा किरातेश्वर माङहिम र वि. सं. १९८६ मा लोब्रे ८ जिल्ला नाम्भूनयक माङहिम सूर्यद्वारी माङहिम स्थापना भइसकि तीन, चार हजार भक्तजन, चेलाभूला जजमानी बनाई सक्नुभएको थियो। यस अभियानमा मुहिगुम अङसीमाङको मूल मन्त्रात्मक उपदेश शब्दी अर्थात साङदाङगेन वारूमथामा गराई भक्तजन बढाउने, मासु मंस, जाँड, रक्सी पिउने, खाने, आहारा निषेध, देवी देवता ईश्वरमा बलिपूजा बन्द गराउने, भाषा, लिपि, लेख्ने, पढ्ने, माङहिम बनाउने, धर्मोपदेश दिने चुम्लुङ आदि गर्दै मूख्यरूपमा प्रारम्भिक चरणको कार्य भयो। जुन स्थिति किरात धर्मको आचारसंहिताको आरम्भकाल, आदिकाल, शून्यकाल र प्रथम बार, प्रथम दिन, प्रथम कदम थियो। जहाँ धर्मज्ञान नभएको समाजमा प्रवेश गर्नु, शिक्षा दीक्षा दिनु बहुत कठीन काम हो। छोरीचेलीको सोतरित खानु, सुनौली रूपौली लिनु, सुँगुर, राँगा, जाँड, रक्सीका घ्याम्पाका घ्याम्पा करकोसेली बोकी लियादिया गर्नु, कुरीति, कुथिति, कुसंस्कृति, कुसंस्कारमा डुबुल्की मारिरहेका मानवीय होइन, दानवीय प्रवृत्तिको उत्कर्षमा हावा खाइरहेका थिए। चोरको औंला काटी दिने, जारलाई काट्न पाउने, ज्यानमाराको बदला ज्यानै लिनेजस्ता हातमा कानुन मुखैको तजबिजी फैसला, आपुङ्गी शासन, प्रशासन यसमा पनि तीन प्रकारका नीति नियम थिए।

१. श्री ५ महाराजाधिराज शाहवंशको शाही हुकुम एक शासन।

२. श्री ३ राणा जबरा राणाशाही हुकुम दुई शासन।

३. मौजा-मौजा थुमथुममा सुब्बा अमालीहरूको मर्जि, उर्दी तीन शासन।

यी शक्तिहरूलाई त्रिशक्ति, त्रिशासन भारबाट थिचिएका मिचिएका पिल्सिएका नागरिक, हक, अधिकारबाट वञ्चित,

रैति वा प्रजाको हैसियत निश्चितरूपमा दयनीय, अशोभनीय, अमानवीय, अविवेकी स्पष्ट छँदै थियो। यस्तो वेथितिको राज्यका रैति लिम्बुवानका याक्थुङबा जातिको सहारा माङबाहेक सम्भवतः अरू कोही थिएन। स्कूल, पाठशाला, पठन पाठन उपदेश भन्ने सारतत्व त केही, कोही थिएन।

यही शून्यकालमा मुहिगुम अङसीमाङ फाल्गुन्दको जीवन संघर्ष अहिंसात्मक लडाई वास्तवमा ज्ञानको लडाइ, धर्मको संघर्ष, भाषा, लिपि, संस्कार र इतिहासको दर्शन थियो। पूर्व १० लिम्बुवान १७ थुमभरि नै गाउँ, डाँडाकाँडा घुमिघुमि प्रचारप्रसार गरिरहनु भयो। यस भाग्यको उषाकालका अस्त्र शास्त्र साम्जीक मुन्धुम र १. सुनपानी, २. चाँदीपानी, ३. तिलपानी, ४. जौपानी, ५. ढुङ्गापानी, ६. दूबोपानी र ७. मुन्धुम । यीनै सात अस्त्र सप्तसामग्री सप्तशक्ति, सप्तऋषि, सप्तमाङबाट प्रायः सबै काम कार्य कर्मकाण्ड संस्कारहरू सुसम्पन्न गर्दै व्यवहारमा आर्थिक मितव्ययिता, व्यवहारमा सरलता, परमात्मामा तागेरा निङवाभूमाङमा पूर्ण निष्ठा, आत्मामा दृढता, विचारमा परिपूर्णता, मनमा सन्तुष्टता, बुद्धिमा दिव्यता, संस्कारमा श्रेष्ठता, वाणीमा मधुरता, चलनमा उदारता, कर्ममा प्रविणता, कलामा निपुणता, सेवामा नम्रता, स्नेहमा शुद्धता, सम्बन्धमा निर्लिप्तता, जीवनमा सत्यता, व्यक्तिमा रमणिकता, निद्रामा निश्चितताको सन्देश दिंदै भोकभोकै घुमिघुमि प्रचारप्रसार गर्नु हुँदा ध्यान, ज्ञान, जप, तप, शिक्षा, दीक्षा, आत्मा अध्यात्मा परमात्मा परमेश्वरको दर्शनका कुरा बुझ्नसक्ने क्षमता र हैसियत लिम्बुवानका कुनै पनि याक्थुङबाका मनमस्तिष्कमा थिएन। शासक पनि उस्तै, शासित पनि त्यस्तै थियो।

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन ज्ञानले सिञ्चित हुँदै गएको प्रखरता सूर्योदयको बिहानीबेला स्वर्णिमकाल २/४ हजार भक्तजन, जजमानीघर, १०/२० जना ठूला बडा सुब्बा अमालीहरू प्रभावमा परिसकेका थिए। यतिसम्मकि सत्यहाङमा

साधु सारै देख्नेछ अरे भन्ने हङगम्मा चाहिँ सनसनी लिम्बुवानभरि फैलिएको थियो। भित्री ज्ञानमा भने थिएन। तर, १०/२० चेलाभूलाहरू गोप्यरूपमा मुहिगुम अङसीमाङलाई चिन्ने माङसेवासाबाहरू भित्रभित्रै निर्माण गरिसक्नु भएको थियो। जसलाई किरात धर्मको नर्सरी बालविरूवाको रूपमा पहिलो पटक स्थापित भएको मान्न सकिन्छ।

उकाली ओराली, तल माथि, तराई, पहाड, हिमाल, देश, विदेश भ्रमण गर्दै धर्मोपदेश दिएको वास्तविक तथ्य सत्यलाई वचनमा मात्र होइन कर्म व्यवहारमा उतार्न, कार्यान्वयन गर्न, मन, वचन र कर्म, जस्तो मन उस्तै वचन, जस्तो वचन उस्तै कर्म कार्यान्वयनमा कर्ममा परिणत गर्न, सामाजिक व्यवहारमा उतार्न र विकृतिपूर्ण जनसंस्कृतिमा सुकृतिलाई सुसंस्कृतिमा कायापलटगरि सभ्य समाजको सिर्जना गर्न तपस्यारत ध्यानप्रेमी मुहिगुम अङसीमाङ फाल्गुनन्दले बडो कुटनीति, देवनीति, व्यवहारनीति धर्मनीति अपनाउन र सावायेत्हाङसाः किरात एवं मानव जातिलाई एकताको सूत्रमा आवद्ध गर्न सत्यवाचा माङहुप ईहुप पानहुप नामपाःचा लाःपाःचा, सत्यवाचा बन्धनात्मक कागज गराई सत्यधर्म मुचुल्का लेखाउने पवित्र उद्देश्यले प्रेरित भएर एउटा ऐतिहासिक चुम्लुङ गराउने चेष्टा गर्नुभयो। त्यस समयमा सभा चुम्लुङ, बैठक, नारा जुलुस गर्ने, जनजीवनमा चेतना ल्याउने, सच्चा, सामर्थ्यवान, समृद्ध बन्ने बनाउने, शिक्षित एवं दीक्षित हुने कार्यक्रम ल्याउनु प्रतिबन्ध थियो। जनतामा स्वतन्त्रता थिएन। राणाशासन एकतन्त्रिकरण भएको वि. सं. १९०३ देखि वि. सं. १९८८ बैसाक २४ गते सम्ममा ठीक ८४ वर्षको चौरासी योनीमा चक्कर लागिरहेको अवस्था देशमा थियो। तत्कालीन राणा प्रधानमन्त्री, प्रधान सेनापति कमाण्डर इन्चीफ श्री श्री श्री जुद्धशम्सेर जबरा देशको सर्वोच्च शासक सिंहदरवारमा गद्दि आसिन थिए भने श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेव नारायणहिटी

राजदरबारमा नाममात्रको राजा हुनुहुन्थ्यो। नेपालको पूर्वीय लाडसाहेब धनकुटा गौंडामा बडाहाकिम श्री श्री श्री रूद्रशम्सेर जबरा आसिन हुनुहुन्थ्यो। पूर्वीय इलाका धनकुटाको बडाहाकिमद्वारा नै १० लिम्बुवान १७ थुमको शासन पद्धति चल्दथ्यो। चुईक्क केही गऱ्यो कि बोल्यो कि राजद्रोही देशद्रोही अभियोग लाग्दथ्यो। जेल नेल, हतकडी लाग्दथ्यो। महिनौं, वर्षौं कारागारमा बस्नु पर्दथ्यो। तत्कालीन स्थिति अनुकूल थिएन। राणाहरूले रैतिहरूलाई सारै नराम्ररी कज्याएर राखेका थिए। कवितामा भन्नुपर्दा बालक बबुरो द्वीज सुकुनामा हुँ म परेको छु पिँजडामा जसरी सुगालाई फलामको पिँजडामा प्रतिबन्धित गरेर थुनी राखिन्छ। हो, त्यसरी नै काटीकुटि जेलसरी थुनामा थुनिएका नेपाली प्रजाहरूको जीवनचर्यामा पूर्वीय पल्लो किरातका लिम्बुवानीहरूको जनजीवन समान थियो, केही भिन्न थिएन। अराजक परिस्थितिले पढ्नु लेख्नु अपराध मानिन्थ्यो। माङसेवा गर्नु जान्दैनथे। मठ, माङहिम भन्ने थाहा नै थिएन, बलिपूजाबाहेक शुद्ध फलफूल सेवापूजा गर्दा साधु भनिन्थ्यो। जपतप ध्यान, ज्ञान, शिक्षा, दीक्षा तपस्या, यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिजस्ता योगादिको उच्च जीवन दर्शन आध्यात्मिक चिन्तन परमार्थिक मननजस्ता माङ हुने मानवको मूल्य मान्यताको मूलबाटोको खोजी भएन। बिनामार्ग, बिनागुरू, बिनाज्ञान कसरी मोक्ष पाइन्छ? चेतनाको बिर्को नउघारी गन्तव्य कसरी अगाडि बढ्छ? जीवन र जगतलाई हेर्ने दृष्टिकोण, ईश्वरलाई हेर्ने देख्ने भित्री आँखा, ज्ञानचक्षु नखोलुञ्ज्येलसम्म कसरी चिन्न र देख्न सकिन्छ भन्ने मुख्य विषय हो। मुख्य विषयबाट टाडिएपछि अन्य हजारौं विषयमा टाडिनु स्वभाविकै हो। यस प्रकारले ज्ञानदर्शनबाट अलग्गिएका, अज्ञानताको बादलले ढाकेर हैरान भइबसेका यी याक्थुङहाङहरू मुखले मात्र माङसा हाङसा थिए। व्यवहारमा वास्तविकतामा नोकरशाही प्रजा जीवन नरकीय जीवनयापन गर्दथे भन्ने सहज सरल अनुमान गर्न

सकिन्छ। माङसा हुनलाई माङलुङधुङ, माङचोत्लुङ चाहिन्छ। हाङसा हुनलाई हाङलुङधुङ, हाङचोत्लुङ चाहिन्छ। माङलुङधुङ, माङलुङधुङ, हाङचोत्लुङ माङचोत्लुङविहीन राज्यसत्ता, धर्मसत्ता प्राप्त हुँदैन भन्ने विधिको विधान प्रकृतिको अकाट्य नियम हो। यही विधि विधानको सांसारिक परिधिभित्र गुडुल्किएर बसेका किरात याक्थुङ सावायेत्हाङसाहरूको भाग्यरेखा प्रायः शून्य थियो, त्यतिबेलाको दिनचर्या माछा मार्नु, शिकार खेल्नु, गोश गर्नु, भारी बोक्नु, चरा चुरूङ्गी मारी खानु, वन फाँडेर खोरीया खन्नु, पाखाभित्ता खेती गर्नु, भेडा बाख्रा, गाई वस्तु गोठ, खोर, खेतीपाती, हलो, जुवा, वन, जंगल, दाउरा, घाँस, पात, खेत, बारी, कुलो, कृषि युगमा पनि प्राचीनता नै झल्कने राउटे कुसुण्डाहरू झैं वनचर नभए पनि गाउँ घर, बस्ती, उँधो वगर, उभो जगर, भीर मौरी, तीतेमाछा बजार, हाट, मेला मौका, चौकामा छेलो हान्नु, फाल हान्नु, डण्डीबियो खेल्नु, तरूणी तन्नेरी धान नाच्नु, ख्याल ठट्टा खेल्नु, हाकपारे गीत गाउनु, जाँड, रक्सी, तङ्बा, सुकुटि खाएर मै हुँ भन्ने बलवानी अभिनयको सीमाङ्कनभित्र बाँधिएर बस्नुभएको त्यतिखेरको चेतना शून्य स्थितिकै थियो। राज-काज, राजनीति देवनीति भन्ने कुन चरोको नाम हो पटक्कै थाहा नपाई घनघोर अँध्यारो रातमा छामछाम छुमछुम गरेर हिंड्ने गन्तव्यविहीन यात्रीको दिन दशासँग ठ्याम्म मिल्नजाने यी वर्गहरूलाई चेतनामा चेतनतत्व हाल्न, दिमागमा ज्ञान हाल्न, ज्ञानकोशमा अध्यात्ममय ज्ञान भराउन सहज थिएन। यहाँ उपदेशको भरमा, प्रवचन दिँदैमा, शब्दी दीक्षा-शिक्षा, मीठो वचन, गुलियो वाणी बोलेर केही हुनेवाला नदेखेर परिवर्तन हुन गाह्रो भएर सर्वमूलं चरित्रं सबैभन्दा मूलकुरा चरित्र हो भन्ने सत्य वाचा बन्धन गराउनु अनिवार्य शर्त थियो। संस्कारबाट संस्कृति जन्मन्छ। संस्कृति मानिसको पहिचानरूपि गहना हो भन्ने बुझाइ बुझेका र संस्कार नाशवान हुन्छ, संस्कृति परिवर्तनशील हुन्छ। संस्कारको उत्पति अविद्या र अज्ञानबाट जन्मन्छ। वास्तवमा

अविनाशी तत्व चाहिँ उनै तागेरा निङवाभूमाङ परब्रह्ममात्र हुन् भन्ने तथ्य सत्यबोध नभएका तत्कालीन शासक पूर्वाञ्चल पल्लो किरात लिम्बुवानका लिम्बु अमालीहरू, सुब्बा, कार्ता, कारबारी, बुढौली, धर्मभक्तजन सबैलाई भेला गराएर एकताको सूत्रमा आवद्ध गराई सत्यधर्म मुचुल्कामा सहीछाप गराई एउटा सुवर्ण युगको प्रवेश अथवा एक युगान्तकारी कार्यको शुभारम्भ कार्यगरी ऐतिहासिक दस्तावेज तयार नगरी लिम्बुवानका लिम्बुहरू, खम्बुवानका खम्बुहरू, याक्खावानका याक्खाहरूलगायत समग्रमा भन्नुपर्दा सम्पूर्ण सावायेत्हाङसा नामयाप्मीसाःहरू समाज सुध्रने अरू कुनै विकल्प नदेखिएकोले एउटै मात्र निर्विकल्प बाटो समाजसुधारको बाटो सत्यधर्म मुचुल्का प्रणय बन्धनको रूपमा बाँध्ने मन्त्रसूत्र निर्माणगरि बृहद किरात चुम्लुङ महासम्मेलन बोलाउने महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। यो ऐतिहासिक कदमलाई धार्मिक निष्ठा, सामाजिक स्रष्टा, सांस्कृतिक द्रष्टा, भाषिक आस्था, किरात एकता र मानव एकताको लागि शान्तिको मूलमन्त्र मूल बीज भइ बिजारोपण गर्ने कुरा थियो।

यस अभियानमा महातपस्वी फाल्गुनन्दको हस्ताक्षरअंकित पत्रहरू यत्रतत्र प्रचार–प्रसार गरिए। त्यतिबेला टेलिफोन, इमेल, हुलाक, अखबार, पत्रपत्रिका, रेडियो सूचनामूलक सामग्री केही थिएन। केवल मानिसहरू हिँडेर, भेटेर गाउँ, टोल, बस्ती, थुम, मौजा, प्रान्त, प्रगन्ना पूरै १० लिम्बुवान १७ थुमभरि नै सत्यहाङमा चेलाभूलाहरू सशक्तरूपमा परिचालन गर्नुभयो। सत्यहाङमा कहलिएका चेलाभूलाहरू चिट्ठी, चपेटा, फूलभेटी झोला बोकेर डाँडाकाँडा गाउँघर छपछप्ती खबर प्रसारित गरे। घुमिघुमि हल्ला गराए, पल्लो किरात लिम्बुवानमा बालतपस्वीले ठूलो भेला चुम्लुङ गराउँदै छ भन्ने चारैतर्फ व्यापक हल्लाखल्ला जताततै हङ्गामा भयो। ईश्वरको दूत छ्यापछ्याप्ति देख्ने देववंश माङधक छन् रे भन्ने सन्देश पनि गयो। यो खबर लिम्बुवानमा मात्र नभएर

सिमानापारी भारतको दार्जिलिङ, सिक्किम, कालीम्पोङसम्म खबर पुग्यो। यस मामलामा कालिम्पोङका इमानसिं चेम्जोङको हातमा पनि पत्र पुग्यो। उनी पनि आउने भए। पूर्वीय लिम्बुवानका नामी दामी सुब्बाहरू पान्थर यासोक भदौरेका सुब्बा शेरबहादुर लाओती, तेह्रथुम म्याङलुङका सुब्बा काजिमान तुम्बाहाङफे, धनकुटा चौविसका सुब्बा प्रेमबहादुर माबोहाङ आदि नामुद सुब्बा ज्ञानी मानी ठूलाठालु सबैका सबै भेला हुने वातावरण तयार भयो। यो कार्यक्रम पूर्व तयारीमा रहन तपस्वी फाल्गुनन्द मुहिगुम अङसीमाङले ठूलो अभ्यास एवं परिश्रम गर्नु भएको थियो।

महातीर्थ फक्ताङलुङ मुक्तिभूमि

मेन्छाङगेन नाम्याप्मीसा मुजिना खेयोङनाको गर्भबाट उत्पन्न भएको किरात सावायेत्हाङसा प्रथम मानव पुत्र युक्पुङगेन सावाकेम्बाका शाखा सन्तान किरात धर्मावलम्बीहरूको अनेकौं तीर्थस्थल दर्शनयोग्य तीर्थभूमिहरूमध्ये सर्वश्रेष्ट देवस्थल र अन्तिम तीर्थस्थल जसलाई महातीर्थ भूमिको रूपमा स्थापित गर्नुभएको कुरा निम्न माङइङघङको वर्णनले पुष्टि गर्दछ।

[illegible]

[illegible]

ᤕᤡ ᤛᤧᤠᤘᤢᤕᤡ ᤐᤡᤳᤋᤱ ᤛᤧ᤺ᤠᤐ ᤋ ᤂᤡ᤺ ᤜᤧ᤺ᤠᤐᤱ ᤗᤢᤂᤡᤖ ᤋᤸᤍ᤺ᤠᤍ
ᤇᤠ᤺ᤡᤲ᤺ ᤍᤸᤍ ᤁᤸ ᤂᤡᤳᤐ ᤇᤱᤇᤠᤳ ᤋ ᤕ᤺ᤠᤐ ᤗᤢᤂᤡ ᤜ᤺ᤠᤐᤗᤢᤂᤡᤖ
ᤋᤸᤍ᤺ᤠᤍ ᤇᤠ᤺ᤠᤕ ᤇᤠᤏᤡᤖᤠ ॥ ᤍ᤹ᤠᤖ ᤛᤧ᤺ᤠᤐᤗᤢᤕ᤺ ᤛᤧᤔᤠᤕ᤺
ᤇᤃᤡᤖᤠ ॥ ᤂᤡᤕᤸᤛᤧᤕ᤺ ᤂᤡᤕᤸᤜ ᤕ᤺ ᤛᤧᤏᤢᤔᤠ ᤐᤳᤇᤕ᤺ᤠᤍᤲ
ᤔᤠᤐᤡᤖᤠ ॥

सहस्र किरात सावायेत्हाङ सन्तान मेरा अनन्य पुत्र-पुत्रीहरू हो, यहाँ सृष्टिका दर्शन, जीवनका दर्शन मुक्तिका दर्शनको कुरा गरे पनि चित्त मन नबुझ्ने काम मात्र भयो। तागेरा निङवाभूमाङको सन्देश समाचार बताएँ सुनाएँ पनि मन चित्त नबुझ्ने सन्देश मात्र भयो है। तर पनि भविष्यमा एक दुईजना महाविद्वानहरू जन्मेर सेवा गर्न पवित्र लङधुङ सेवाचोःत्लुङ चिन्छौ कि, जान्दछौ कि भनेर ईश्वरीय पर्दा ईश्वरीय ढोका मार्ग उघारी बाटो खोलाइ दिएको छु है। बाटो नबिराई इष्टदेव युःमा थेःबा स्वर्गाशनमा सरासर पुग्न सकौला भनि लेखिदिएको छु। यहाँ माथि युमायुक्ना थेबायुक्ना पारूङफूक्कू मारूङफूक्कू दर्शन गर्न नआई जीवन मुक्त हुँदैनन् र सक्नेले एक पटक अनिवार्य पुगेर सेवा गर्नु। जीवनमा एक पटक पनि यहाँ सेवा गर्न नआई देहान्त हुनेहरू साम्भूहाङ फक्तुङङो मृत आत्माराज काखमा अर्थात् इष्टदेव स्वर्ग आसनमा पुग्न सक्दैनन् है। यहाँ दर्शन गरेर महातीर्थ प्राप्त गरी परमधाम जानेहरू पुनः यो लोकमा पुनर्जन्म लिएर देव सन्तान, राज सन्तान, मानव सन्तान, राम्रो मानिस, ज्ञानशक्ति, विचार शक्तिको खानी, सोच्ने शक्तिको धनी, जन, धन, भूमि, राजशक्ति, देवशक्तिको दातामाता भई जन्मने बस्ने छौ। यो तागेरा निङवाभूमाङ परमात्मा परमेश्वरको सत्य वाचा बन्धनको सु-समाचार सुनाएको छु।



फक्ताङलुङ मानचित्र



कुम्भकर्ण 'फक्ताङलुङ'

यसर्थ फक्ताङलुङको महत्व उल्लिखित मर्मस्पर्शी औ संवेदनशील छ। मानवमुक्तिको निम्ति यस देवस्थल इष्टदेव स्थलमा एकपटक पनि दर्शन गर्न नपुग्नेहरू मरेपछि पितृलोक, मातृलोक, स्वर्गलोकमा पुग्न नसक्ने देववाचा तागेरा निङवाभूमाङ वाचा बन्धन अनुसार यो एउटा दैविक, विवेक, ईश्वरीय शक्ति माङइङघङ भगवानको महान् देन महाकृपास्वरूप महातीर्थस्थल बन्न पुग्यो। मुन्धुम शास्त्रका व्याख्याले पनि उत्तर र ईशान कोणलाई खेसेन लाजे नुः माङजुम लाजे अर्थात् देवीदेवताहरूको देश, ईश्वर, माङ, साम्माङ इष्टदेवहरू मातृ-पितृदेवहरूको आवास थलो भनि वर्णन गरेकोले साम्जीक मुन्धुमको सशी र मुहिगुम अङसीमाङ फाल्गुनन्दको माङइङघङ एकाम्य मिल्न गएको वास्तविकतालाई सत्यमा सत्य र साँचोमा साँचो साश्वत दर्शन मान्न सकिने वैज्ञानिक धारणा, आध्यात्मिक चिन्तन, व्यवहारिक परिपालना शतप्रतिशत हाङसाम साम्योसाबा माङसिङदाङबा सावायेत्हाङसाहरूको जीवनवरण, जीवन दर्शनमा महान उपलब्धीको रूपमा महातीर्थ बन्न पुग्नु स्वाभाविक छ। जुन ठाउँमा पुगेर सेवा एकपटक मात्र पनि एकशब्दमा सेवाभक्ति गरी दर्शन गर्नाले मानव मोक्ष औ मुक्ति पाइन्छ, र उनै स्वर्गलोक साम्भूहाङ फक्तुङथोः तागेरा निङवाभूमाङ आसनमा पुग्ने मुक्ति पाउने मौका प्राप्त गर्नु जीवनको सम्पूर्णता, किरात धर्मको महान् विशेषता, आदर्शता र महानता मान्नु पर्दछ। यस फक्ताङलुङ फेदीमा

मारूङतेम्बे (मातृमैदान), पारूङतेबे (पितृमैदान) यही मातृ र पितृ मैदानको रमणीय हिमश्रृङखला चौरमा एउटा देवत्व बोकेर ठिङ्ग उभिएर हेरिबसेको आश्चर्यलाग्दो माङलुङ जुन मारूङफुक्कु (मातृओडार) पारूङफुक्कु (पितृओडार)को रूपमा अवस्थित छ। बिल्डिङ आकृति प्रकृतिमा आधारित एउटा ढुङ्गाको दुईपाटामा आश्चर्यजनक ओडार छ भने माथिल्लो शिरमा मुण्डे आकारको छानो कुम्भकर्ण फक्ताङलुङको गहनाको रूपमा खडा भएर उभेको देख्ने जुनसुकै तीर्थयात्रीहरू दङ्ग पर्नु, मुक्तिको अनुभूति पाउनु आनन्दको श्वास फेर्नु, स्वर्गको दृश्य हेर्न पाउनु स्वाभाविक छ। यही ओडारलाई युमायुक्ना थेबायुक्ना, इष्टदेव स्थल हो भनि फक्ताङलुङ सिवाखाहुनमा उल्लेख छ। यद्यपि, अन्तिमरूपि युमायुक्ना थेबायुक्ना र स्वर्ग तरेर जानेधाम मार्ग भने फक्ताङलुङ कुम्भकर्णको फेदमा पुग्नलाई पृथ्वीको माटो छेउबाट हिउँको बगरैबगर साढे एक किलोमिटर जति तरेपछि बल्ल भित्तामा पुगेर कुम्भकर्णको फेदमा चढेर २५/३० फुट जति माथि पुगेपछि तागेरा निङवाभूमाङ फुक्कुको दर्शन गर्न सर्वश्रेष्ठ सर्वोपरि सर्वोत्कृष्ट आत्मदर्शन साक्षात्कार आत्मा अनुभूति पाउने अन्तिम माङतुम्मादेन देवदर्शन गर्ने अन्तिम ठाउँ हो भनि स्वयं मुहिगुम अङसीमाङ फाल्गुनन्दको माङइङघङ प्रामाणिक छ। तर, यस दुर्लभ र अतिविशिष्ट देवस्थलमा जोकोही भक्तजन पुग्न जसरी हिमालपारि बगरैबगर गएर दर्शन गर्न भौगोलिक, शारिरिक र भौतिक कारणले कतिपयलाई गाह्रो हुने हुँदा विकल्प र सुविधाको लागि औ मारूङफुक्कु पारूङफुक्कु उनैको प्रतिनिधित्व गर्दै दोस्रो फक्ताङलुङ प्रतीकरूपी स्थलमा दर्शन गराउने भनि मुहिगुम अङसीमाङ स्वयंले दियो कलश, थाल, लिंगो, नाममितीत लामितीत, नाम्सारी लासारी, नामनिसा लानिसा राखेर चढाउनु भएको दोस्रो अन्तिम ठाउँमा दर्शन गरेर सुख शान्ति र आत्मा साक्षात्कार आत्मा अनुभूति गराई मोक्ष प्राप्त गर्ने थलो उचाइको हिसाबले कुम्भकर्णको ७७१९ मिटर उचाइको

फेदमा पर्दछ, यही हो किरात धर्मावलम्बीहरूको महातीर्थभूमि फक्ताङलुङ महादर्शन, जुन ठाउँमा दर्शन गर्नाले तारन्तार जीउँदो स्वर्गमा, मरेपछि पनि स्वर्गमा पुग्ने माङइङघङमा अमर अजर माङवाणी उल्लेख्य छ।

मारुङफुक्कु पारुङफुक्कु मैदान



मारुङफुक्कु पारुङफुक्कु ओडार

फक्ताङलुङ महातीर्थस्थल स्थापना

मुहिगुम अङसीमाङ फाल्गुनन्दको भ्रमण तराई, मधेश, पहाड र हिन्दूस्थानका प्रायः सबै देवस्थलहरू काशी, मथुरा, जगन्नाथ, अयोध्या, दूरीका, रामेश्वर, हरिनन्द, हरिद्वार, बद्री, केदार, परशुराम कामक्ष, आदि ठाउँमा घुमि घुमि तीर्थधामहरूको देवदर्शन गर्दा पनि आत्मा पूर्णशान्ति नहुँदा हिमाल तीर्थ यात्रा प्रारम्भ गर्न वि. सं. १९९३ सालमा सर्वप्रथम फक्ताङलुङ प्रस्थान गर्नुभयो। यस फक्ताङलुङ तीर्थ अनुसन्धानले नयाँ महातीर्थको स्थापना थप नयाँ ज्ञानको सिर्जना गरी नयाँ आयाम थपिन पुग्यो। धर्मशाला निर्माण, किरात धर्मावलम्बीहरूको इष्टदेव युमा थेबाको पवित्र स्थल मारूङफुक्कु पारूङफुक्कु युमाफुक्कु, थेबाफुक्कु तागेरा निङवाभूमाङफुक्कुजस्ता किरात धर्मदर्शनको अत्यन्त महत्वपूर्ण पुण्यभूमि, मुक्तिभूमि, मोक्षभूमि, महातीर्थभूमि अर्थात् मुजोलुङ, खेजोलुङ, माङलिङमा, माङओप्मा, माङकेप्मा तागेरा निङवाभूमाङ केप्मा, स्वयं स्वर्ग, परमात्मा परमेश्वर दर्शन स्थलको निर्माणका साथै महत्वपूर्ण मुक्तिभूमि, देवभूमि, पुण्यस्थल, देवस्थलको अनुसन्धान अध्ययनगरि नयाँ मार्ग, नयाँ दर्शनको देवढोका खोल्दै कैयौं महत्वपूर्ण माङइङघङ देववाणी गर्नुभयो। यो क्रम वि. सं. १९९८ सम्म छ वर्ष लगातार निरन्तर तीर्थ गर्ने क्रम जारी रह्यो।

किरात लिपि अक्षर प्राप्त

फक्ताङलुङ दर्शन गर्न हिमालय यात्राको क्रममा वि. सं. १९९८ असार महिनामा दैवसंयोग एकजना बालागुरू भन्ने जयदेव ब्राम्हणसँग ताप्लेजुङ मेहेलेको साप्लामा भेट भयो। उनी पनि हिमालय दर्शन गर्न हिँड्दै गरेको यात्री रहेछन्। वास्तवमा उनी कहाँका के हुन् भनि पत्ता नलागेका सन्यासी, योगी ब्रम्हाचारी सिद्धपुरूष रहेछन्। भेटघाटमा ज्ञानको प्रभावले मुहिगुम अङसीमाङलाई चिनि हाले, अनेक चेलाभूला साथ दलबलमा

हिंडेका फाल्गुनन्दलाई गुरू मानी पछ्याए। काबेलीको शिर शिर्लिङगे ओडार नजिक चिल्लो ढुङ्गामा बस्न मन लागि फाल्गुनन्द बसेर माला जप गर्न लाग्नुभयो। बास त्यही भयो। भोलिपल्ट बिहान चिया पिउने समय भइरहेको अवस्थामा सत्यहाङमा वारिपारि हेरेर सत्यले बहुत मिठो स्वर लामो लयदार भाकामा एक्कासी बोल्नुभयो **अं... नि शिलाको लीला** लिलाको शिला, औंलाले देखाउँदै उ त्यो छाँगा (काबेली खोला) भित्रपट्टि के राम्रो शिलाजस्तो देखिन्छ भनि बोल्नुभयो। त्यहाँ के रहेछ भनि सो हेर्न टीकाराम तामाङ एकचेलालाई अह्राउनु भयो। अलिक पहरा पहराजस्तो भएको हुनाले लहराहरू समाउँदै छाँगालाई छलेर देब्रेबाट पसे। ओडार अँध्यारो थियो। छाम्दा चिल्लो तर केही अक्षर खोपेको गुलाबी रंगको ढुङ्गा देखे। ढुङ्गाको आकार प्रकार लम्बाई ३ फिट, चौडाइ २ फिट जतिको लेउ छ्यापछाप्ती लागेको हुनाले खोस्रने वस्तु र लाइटसमेतको आवश्यक परेको ठहर गरी मुहिगुम अङसीमाङ पाउमा आइ कुनै चिल्लो ढुङ्गा छ गुरू भनि रिपोर्ट गरेपछि दलबलसहित प्रवेश गर्नुभयो। २ वटा चकमक सिन्का र लाइटको सहाराले हेर्दै, पानी छ्याप्दै खोस्राउँदै गर्दा त भकाभक अक्षरहरू पो निस्क्यो। अनि कागजमा सार्न जताजता जस जसरी घुमेको छ, त्यसै त्यस्तै गरी घुमाएर, जस्ताको तस्तै सार्ने काम भयो। आध्यात्मिक ज्ञानको प्रभावले फाल्गुनन्दले यसरी पढ्नु भयो।

माङमाङ, मुङमुङ, हाङहाङ, हुङहुङ, साङसाङ, सुङसुङ, छाङछाङ, छुङछुङ भनेर पढ्नु भयो। यसरी हिमालय कुम्भकर्ण फक्ताङलुङ यात्रा क्रममा किरात लिपिको शिलालेख पत्ता लाग्यो, जो अझै छँदैछ। प्राचीन किरात लिपि माङशकशक देवलिपि शिलालेख लिपिबद्ध हुनु आफैमा गौरवगाथाको विषय हो। यही प्राचीनलाई प्रामाणिक, ऐतिहासिक, तथ्य सत्य नै किरात संवत, संस्कृति, भाषा लिपि र धनी हुन् भन्ने जनाउँछ।

फक्ताङलुङ कुम्भकर्णमा धर्मशाला निर्माण

विश्वकै धर्मदर्शन र वास्तुशास्त्रले ईश्वरीय आवाशथलो ईशानकोण मानिने दिशालाई उतर इशानकोण मानिन्छ। यस दिशामा स्तम्भकोरूपमा प्राकृतिक माङहिमको झैं सदाबहार खडा रहेको फक्ताङलुङ कुम्भकर्ण फेदीमा मारूङफूक्कू पारूङफूक्कू ओडार, मारूङतेम्बे पारूङतेम्बे मैदानमा वि. सं. १९९५ सालमा धर्मशाला भवन बनाउनु भएको थियो। सम्पूर्ण किरात धर्मावलम्बीहरूको तीर्थभूमिको रूपमा स्थापित सिन्चेइ फक्ताङलुङमा तागेरा निङवाभूमाङ स्थल तीर्थभूमि, मुक्तिभूमि र मोक्षभूमि हो भन्ने ज्ञानको ढोका उघार्नु भई धेरै महत्वपूर्ण माङवाणीहरू, भविष्यवाणी, मोक्षपूर्ण, मुक्तिपूर्ण वाणीहरू माङइङघङ दिनुभएको पवित्र औ पुण्यस्थानमा तीर्थयात्री दर्शनयात्रीहरूको आवतजावत गर्दा बास बस्ने ठाउँको लागि फक्ताङलुङ धर्मशाला निर्माण गर्नु ऐतिहासिक महत्वको विषय बन्न गयो। यस अवसरमा सम्पूर्ण भक्तजन धर्मावलम्बीहरूको दान अनुदानबाट निर्माण हुँदै गरेको खबर तत्कालीन श्री ५ महाराजाधिराज त्रिभुवनका बडागुरू पं. द्वीपराज उपाध्यायले थाहा पाउनु भएपछि मेरो पनि सेवा लागोस् भन्ने पत्र लेखि एकजना मानिसलाई एक सय रूपैयाँ भेटी पठाएका थिए। सबै भक्तजनहरूको दान रूपैयाँले नै धेरै काम भइसकेकोले अलिकति रूपैयाँ हुक्वासम्म लगाई बाँकी रकम फिर्ता पत्र साथ पठाउनु भयो। पत्रमा बडागुरूज्यू, तपाईंले धाममा लागोस् भनेर पठाउनु भएको रूपैयाँ र मानिस आई पुग्यो। तर, यहाँ अघिल्लो जन्ममा धर्म नगरेर यो जुनिमा दुःख पाएका शिष्यहरूको सेवा लगाई दिँदा अर्को जुनिमा सप्रन्छ कि भनि उनीहरूको धुपबात्ती पूरा चढाइयो। तपाईं त त्यसै पनि ज्ञानी, ध्यानी र धर्मी हुनुहुन्छ। त्यसकारण तपाईंको केही रूपैयाँ लगाउँदा धाम धर्मशाला पूरा भैसकेको हुँदा बाँकी रूपैयाँ फिर्तागरी पठाएको छु, यसमा दुःख मन नगर्नु होला भनि पत्र लेखि पठाउनु भयो।

धर्मशाला बनाएपछि धुमधामकासाथ **लाधुङसेमी** यज्ञसेवा स्वस्ति शान्ति गराई उद्घाटन गराउनु भयो। यसरी वि. सं. १९९५ मा फक्ताङलुङ कुम्भकर्णको फेदीमा विश्वको सबैभन्दा अग्लो उचाई मैदानमा सर्वप्रथम धर्मशाला पौवा पाटी निर्माण भयो। यो ऐतिहासिक रेकर्ड विश्वको प्रथम हो भनि गौरव मान्न सकिन्छ।

महातीर्थभूमि फक्तालुङको वर्णन

फाल्गुनन्द र फक्ताङलुङ भिन्नाभिन्नै अस्तित्व हुन्। फाल्गुनन्द किरात धर्म दर्शनका महापुरूष तथा महान् दार्शनिक हुन् भने फक्ताङलुङ (कुम्भकर्ण) विश्वको उच्च चुचुरोहरूमध्ये छैटौं उच्च अर्थात् ७७१९ मिटर अग्लो हिमाल हो। आश्चर्य छ कुम्भजस्तो फक्ताङलुङसँग कसरी फाल्गुनन्दको अन्योन्याश्रित सम्बन्ध एकाएक गाँसिन पुग्यो। तत्वसम्बन्धी ऐतिहासिक पृष्ठिभूमि दर्शनीय हुनुको कारण, भौगोलिक रूपरेखा, मानवीय संरचना र धार्मिक देवदर्शनको औचित्यबारे विस्तारपूर्वक यहाँ वर्णन गरिएको छ।

फक्ताङ = कुम्भ, लुङ = ढुङ्गा अर्थात् फक्ताङलुङ भन्नाले कुम्भजस्तो भएको ढुङ्गा भन्ने हुन्छ। कुम्भकर्ण जो सधैं टलक्क टल्केको देखिने उसैको नाम हो। किरात मुन्धुमी भाषाबाट फक्ताङलुङ भनिन्छ। अर्को अर्थमा फक्ता = पड्केर, अर्थात् प्रकट, लुङ = ढुङ्गा, सृष्टिको अदौमा सर्वप्रथम पडकेर वा प्रकट भएको ढुङ्गा भन्ने बुझाउँछ। यो नेपालको पल्लो किरात मेची अञ्चल, ताप्लेजुङ जिल्ला, लेलेप गाविस वडा नं. ९ मा अवस्थित सदा-सर्वदा सावायेत्हाङसाहरूको चोत्लुङ साम्योफूङ सर्वशक्तिसम्पन्न अटल भएर रहेको आजसम्म पर्वतारोही कोही, कसैले आरोहण गर्न नसकेको सक्षम, शक्तिमान हिमाल किरातीहरूको माङगेना लुङधुङ माङचोःलुङ हाङचोःलुङ बोकेर उभेको कुम्भकर्णको महत्व, गहिराईबारे कसैलाई थाहा थिएन।

केवल साधारण अन्य हिमाल झैं हेरिने गरिन्थ्यो। वास्तविकतासँग टाडिएका किरात धर्मावलम्बीहरूको प्रमुख महातीर्थस्थल बन्न पुगेको त्यति सजिलै होइन, यसका अनेकौं प्रागऐतिहासिक एवं दैविकारणहरु छन्। जुन कुम्भकर्णलाई आजसम्म न त मानिसले नै चढ्न सकेका छन्, न हवाई जहाज वा हेलिकप्टरले नै उडेर शिर नाघेको छ। स्वच्छ पवित्र देवअंश दैवि प्रतिमूर्ति तागेरा निङवाभूमाङको प्रतिकका रूपमा विराजमान रहेको फक्ताङलुङको खोज, अनुसन्धान अध्ययन यसको केस्रा-केस्रा केलाउँदै स्पष्ट गर्नुपर्ने हुन्छ। पर्वतमाला हिमाली उचाइको दृष्टिकोणले सगरमाथा ८,८४८ मिटर, कञ्चनजङघा, ८,५८६ मिटर, लोत्से ८,५१६ मिटर, मकालु ८,५१६ मिटर, चोयु ८,२०१ मिटर र कुम्भकर्ण ७,७१९ मिटरले छैटौं उचाइको कुम्भकर्ण सोझै पूर्वपट्टि फर्केको देखिनाले पूर्व मोहडा जयराम (चयराम) मास्तिर राम्जीरको पाङलाङमा पश्चिम फर्केर सेवा गरिन्छ। फक्ताङलुङ फेदिमै पुगेर हेर्दा पश्चिम फर्केर कोल्टेपरि उभेको दृश्यले सोझै पूर्व र दक्षिणको बीच आग्नेय कोण अर्थात् उत्तर र पश्चिमको बीच वायव्य कोण यथार्थमा आग्नेय र वायव्य कोणमा ठडिएर उभेको निश्चित छ। यस ठाउँको फेदिबाट सूर्य उत्तरबाट अथवा कुम्भकर्णको दाहिने काँधबाट निक्लन्दै गरेको देख्न पाइन्छ। मलगायत धेरै २०५८ असोज ११ गते बिहानको मिरमिरे दृश्यले अचम्भित भएर नै यसको भौगोलिक पृष्ठभूमि नियाल्न शुरू गरेको थियौं। फेदबाट यस्तो अनौठो दिशा र कोणमा देखिने अन्यत्र ठाउँ, गाउँ, लेकबेंसी, तराई मैदानबाट भने उत्तरदेखि दक्षिण मुहार फर्काएर हेरिरहेको जताततैबाट प्रष्ट देखिने कारणहरू चाहिँ पृथ्वीको पृष्ठता र कुम्भकर्णको बसाइ उभ्याइको कारण हो भन्ने अनुमान रहेको छ। यसलाई बढी भौगोलिक एवं वैज्ञानिक दृष्टिकोणले प्रमाणित गर्न भूगर्भशास्त्रीहरूको अनुसन्धानात्मक कार्यको लागि भूगर्भविद्

एवं हिमवाजहरूलाई सुम्पिएको छ। हिमदेश नै किरात प्रदेश वा किरात देश हो। हिमवतखण्ड, हिमपर्वत, हिमश्रृङ्खलाहरुमा नै किरात इष्टदेवहरूको साधना, आराधना उपासना र अर्चना गरिन्छ। किरात मुन्धुममा मानव उत्पतिको पहिलो थलो यसैलाई पनि एक कोणबाट मानिएको छ। विश्वले मानेको मानसरोवर पनि यही फक्ताङलुङकै हाराहारी पश्चिम भूभागमा पर्दछ। किरात मुन्धुमी भाषामा सिन्चेलुङ, फक्ताङलुङ, केङगेङलुङ, केवालुङ, चम्जङलुङ, हक्तक्लुङ, सेवालुङ, चोमोलुङ भनि हिमशिखरहरुको नाम एकाएक उल्लेख गरेको छ। यही फक्ताङलुङ कुम्भकर्णमा दर्शन गर्न जाँदाजाँदै मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन अदृश्य हुनु भएको कैयौं दैविक घटनाहरूले देवभूमि, स्वर्गभूमि माङलाजे जेभन्दा पनि देवस्थल यसै हिमश्रृङखलालाई मान्न सकिने प्रशस्त प्रमाणहरू छन्।

पहिलो प्रमाण

किरात घनाबस्ती गाउँघरको समस्त किरात धर्मावलम्बी, जनजाति, आदिवासी, धामी, झाँक्री, ओझा, बिजुवा, फेदाङमा, साम्बा, येवा, येमा, माङपा, नाक्छोङ, पूजाआजा गर्ने पूजारीहरुले चाहे भोगप्रथा बलिपूजाबाट होस् वा वैदिकपूजा फलफूलबाट होस्, अन्य देवी–देवताहरू र इष्टदेवको सेवा अर्चना एवं आराधना गर्दा सोझै उत्तर हिमालयतर्फ फर्केर सेवा गर्ने चलन प्राचीनकालकै चलन भएको प्रागः ऐतिहासिक कालदेखिकै देखिनाले किरातीहरूको देवदेवी मान्ने पवित्र ठाउँ पुण्यभूमि यो पृथ्वीको उत्तरपट्टि उत्तर दिशा नै हो भनि ठोकुवा गर्न सकिन्छ, यो पहिलो प्रमाण हो।

दोस्रो प्रमाण

कुम्भकर्णको फेदिमा युमासाम युक्ना र थेबासाम युक्ना, हाम्रो मूल इष्टदेव र इष्टदेवीको हिमालको भित्री काखमै दुई भिन्नाभिन्नै

ओडार छ। यो सोझै कुम्भकर्णको काखमुनि पर्दछ। जुन ठाउँमा पुग्नलाई वारीबाट भूमि हिमबगर भएर पारी फक्ताङलुङकै ठिक फेदिमा जानु पर्दछ। यहीबाट फाल्गुनन्द मुहिगुम अङसीमाङ अल्पिने, अदृश्य हुने गर्नुहुन्थ्यो। सृष्टिको प्रारम्भिक चरण यही पवित्र ठाउँबाट भएको उक्त पंक्तिले पुष्टि गर्दछ।

तेस्रो प्रमाण

कुम्भकर्णवारी मारूङतेम्बे = मातृमैदान, पारूङतेम्बे = पितृमैदान, यही मातृभूमि पितृभूमि नामको अति स्वच्छ र पवित्र मैदानमा एउटा अचम्मको ढुङ्गा छ। ढुङ्गा गाढिएको फेदमा चेप्टो चुच्चो आकारको माथि शिर भनेसम्म मैदान मिलेको घरको आकार झैं छ। यही ढुङ्गाको दायाँ बायाँ काखमा दुई ओढार छ। यही ओढारलाई नै मारूङफुक्कु (माताओडार), पारूङफुक्कु (पितृओडार भनि प्राचीन माङ ओडारले चिनिन्छ। यस ओडार अदौमा सुम्नीमा-पारूहाङ, युमासाम थेबासामले मानव आकृतिरूपि शरीरमा परिणत भएपछि मानवजातिको सृष्टि, संरचना एवं क्रिडाथलो भएकोले उक्त ठाउँमा मूल इष्टदेवको दर्शन गरेर मात्र मुक्ति पाइने माङवाणीले गर्दा सम्पूर्ण किरात धर्मावलम्बीहरू यस पूण्य ठाउँमा एकपटक दर्शन गर्न आइपुग्नु पर्ने बाध्यताहरू छन्।

चौथो प्रमाण

मुहिगुम अङसीमाङ फाल्गुनन्द माङ-वाणीमा आबुलासा, आनुलासा, मेन्छाम्मोन नाम्याप्मी, थिबोङहाङ, याक्थुङसाः किरातेश्वर सावायेत्हाङसासेः हिनी माङवानिसा, हाङवानिसा, माङवालुङधुङ, हाङवालुङधुङ, माङचोत्लुङ हाङचोत्लुङ कत्थो लेत्तुङफाआङ थाङाङइल्ये नाम्इन्धे लाइन्धे येबे, नाम्धेक लाधेक पत्छेरो, नाम्साराप, लासारापः नाम्ही लाहीः, साङग्रालुङहीः थोक्ते पत्छेआङ खेनहाः कुबे इक्खुङ तेसुङ, हन्दुङ थाङङाङ, केराङ थाङाङलो।

अर्थ : सूर्यवंशी किरातेश्वर पुत्रपुत्री हो, तिमीहरूको देवशक्ति राजशक्ति, देवनीति राजनीति, देवचोत्लुङ राजचोत्लुङ, देवचिन्ह राजचिन्ह झण्डा गाढ्न यो पवित्र इष्टदेवको आसनमा चढाउन स्थापना गर्न आउँदा बाटोमा अवरोध भयो। ठूल्ठूला घाम, जुनसरिका पर्वतले ढाकेको पर्दा र पर्खालहरूले छेकेको थियो, रोकेको थियो, अनेक गालि, श्राप पापकुण्डका डरलाग्दा थुम्की र पहराले बाटोको गतिरोध उत्पन्न भएको देव पर्खाल देवीरूपी पर्दाहरूलाई ईश्वरीय माङ शक्तिबाट पन्छाएर मुख्य चोत्लुङमा गाढ्न राख्न आइपुगे हैं।

अनि तिमीहरूको राजतत्व देवतत्व, देवशक्ति राजशक्ति, सिद्धिशक्ति, देवनीति-राजनीति, देवचोत्लुङ राजचोत्लुङ दियोकलश बालेर यो मातृदेव ओडार पितृदेव ओडारमा चिन्ह राखि दिएको छु है, भविष्यमा किरात धर्मावलम्बी भक्तजनहरू एकपटक पनि यहाँ दर्शन गर्न नआउनेहरू मरेपछि स्वर्गलोक मातृलोक पितृलोक पुग्दैनन है।

यो मातृपितृदेवको आवास स्थलको महत्व भविष्यमा ज्ञानीमूनि, महाविद्वान, भक्तजनहरु जन्मेर यो ज्ञानगोह, पहिल्याउँछौ, अध्ययन-अनुसन्धान गर्छौ कि भनेर गाढी राखिदिएको छु, तर पनि चित्तः नबुझ्नेमात्र भयो है।

यसरी मुहिगुम अङसीमाङ फाल्गुनन्दको माङवाणीमा चित्त नबुझेको देववाणीले पुनर्वतारको सन्देश आफैले दिनुभएको छ। आफू पुनर्जन्म लिएर कर्म गर्नुपर्ने उक्त पंक्तिले औंल्याएको छ। यही ठाउँमा कुम्भकर्ण फक्ताङलुङको फेदिटार पुण्यभूमि, पवित्र मैदान मारूङतेम्बे पारूङतेम्बे एउटा प्राकृतिक सौन्दर्यताले सजिएको सुन्दर, शान्त, विशाल ढुङ्गा अवस्थित छ। त्यही ढुङ्गाको रमाइलो ओडारमा नै किरात इष्टदेव-देवी साक्षात विराजमान रहेको विश्वास छ। थेबासाम सुम्नीमाको आदिमकालको क्रिडास्थल, पुण्य औ पवित्र ऐतिहासिक मुक्तिस्थल बन्न पुग्नु स्वभाविक हो।

फक्ताङलुङबारे मुहिगुम अङसीमाङको मुन्धुम

कन फक्ताङलुङङीनल्येः कुनारा लिसीनाराः अक्खेलर थान्छीङङाङ युङलो।

१) फक्ताङलुङल्ये कुदकवानाराः नाङगेत नाम्बीन पिसाङ।
२) चुगुरे कुजुवा हुक्नाराः लाङगेत तेमेनवारक पिसाङ।
३) कुएक्वा नाराः मेवानाम्धा पिसाङ।
४) फेगेरे फेङवा नाराः सिन्युक्मुदेन थाङगेत पिसाङ।

यो फक्ताङलुङ कुम्भकर्णको सिङ्गो शरीर उसको रंगरूप, अंग प्रत्यङ्ग, आकृति-प्रकृति निम्न ४ प्रकरणमा विभाजन भएको आफ्नो मुन्धुममा उल्लेख गर्नु भएको वर्णन।

१) फक्ताङलुङको सम्मुख : पूर्वदिशा सूर्योदयतर्फ मुहार फर्काएको, पूर्वदिशा।
२) फक्ताङलुङ दाहिने रूप : दक्षिण दिशा समतल तराई मैदानी भूभाग, दक्षिण दिशा।
३) फक्ताङलुङ पछाडि भाग : पश्चिम दिशा सूर्यास्त क्षेत्र, पश्चिम दिशा।
४) फक्ताङलुङ देब्रे रूप : उत्तरी क्षेत्र, तिब्बत चीन, उत्तर दिशा।

क) कुम्भकर्ण आफू खासगरी पूर्वदिशामा मुख फर्केर बसेकोले पूर्व मोहडा भनिन्छ। यसको पूर्व मोहडाको सेवा गर्ने पवित्र स्थल नै पाङलाङ देवालय हो। यसको सम्मुख सूर्योदय दिशातर्फ पर्दछ।

ख) **दाहिने रूप** : दक्षिण दिशा तराई क्षेत्रको खुला मैदानी भूभागलाई मानिन्छ।

ग) पछाडिको भाग पश्चिम दिशा सूर्यास्त भनिन्छ।

घ) देब्रेरूप : सिन्युक मुदेन तिब्बत क्षेत्र उत्तरदिशा भनी कुम्भकर्णको रूपरंग वर्णन गर्नु भएको छ।

यो प्रमुख तीर्थस्थल सेवा गर्ने मूलथलो पूण्य ठाउँमा मातारूपि मैदानमा मातृ ओडार, पितारूपि मैदानमा पितृ ओडार, ईश्वररूपि तागेरा निङवाभूमाङको आसन सर्वश्रेष्ठ, सर्वज्येष्ठ प्रमुख महातीर्थस्थल यही ठाउँलाई किरात धर्मको उच्च शिर भएर रहने भनि मुहिगुम अङसीमाङ फाल्गुनन्दको सिवाखाहुन धर्मोपदेश ग्रन्थमा समाविष्ट छ।

सिन्चेइगः फक्ताङलुङमान आनी साम्यो फूङलो !

इक्सादिङग फूङवासम्धाङ सेसेलःर युङलो !!

कुम्भकर्ण हाम्रो पवित्र सुन्दर फूल हो, किरात धर्मावलम्बीहरुको शिर हो, चोत्लुङ हो, सिद्धिशक्तिको शिखर हो, एकताको प्रतीक हो। किरात धर्मको सार एवं प्रतिविम्बको रूपमा विराजमान विश्वको धुरी किरात धर्मको छानो भएर सर्वस्व ढाकेर बसेको फक्ताङलुङको प्रागऐतिहासिक खोजी, प्रचीनतम पृष्ठभूमि, अध्ययन, मनन र अनुसन्धानतर्फ कलमबाजहरु लागेको देखिँदैन। अर्कोतिर स्वयं धर्मावलम्बी भक्तगणहरूले पनि यस महातीर्थ प्रमुखस्थलको महत्व र औचित्यबारे गहिरिएर ध्यान दिएका छैनन्।

मुहिगुम अङसीमाङसाथ वि. सं. १९९४ फक्ताङलुङमा (कुम्भकर्ण)

मुहिगुम अङसीमाङद्वारा कुम्भकर्ण फक्ताङलुङमा माङवाणी

१) मेन्छाम्गेन नाम्याप्मीसाः आबुलासा, आनुलासा, थिबोङ याक्थुङहाङसा, किरातेश्वर सावायेत्हाङसासे, हिनी माङनिसा हाङनिसा, माङलुङधुङ हाङलुङधुङ, माङचोत्लुङ हाङचोत्लुङ कन मारूङफुक्कु पारूङफुक्कु, युमायुक्ना थेबायुक्नाओ युक्खुङ लेत्तुङफाआङ थाङाङडील्ये नाम्इन्धे लाइन्धे येबे, नाम्धेक लाधेक पत्छेरो। याङमो नामसाराप लासाराप, नाम्ही लाही नुः साङग्रालुङही थोक्ते पत्छेआङ खेन कुबेइक्वाहा हन्दुङथाङ इक्खुङ तेसुङलो। हेक्केआङ कन मारूङतेम्बे मारूङफुक्कु, पारूङतेम्बे पारूङफुक्कु, युमाफुकु थेबाफुकु, तागेरा निङवाभूमाङ फुक्कुओ युक्खुङथाङ हेक्केसाङ निङवा मेन्दारक पोक्खेरो।

अर्थ : हे किरातेश्वर पुत्रपुत्री शाखा सन्तान सहस्र किराती हो, तिमीहरूको देवनिसा राजनिसा, देवशक्ति राजशक्ति, देवनीति राजनीति, देवचिन्ह राजचिन्ह, देवचोत्लुङ राजचोत्लुङ, अन्नसह धनसह, इष्टदेवको आसनमा चढाउन, स्थापना गर्न आउँदा बाटोमा अवरोध भयो। घाम जुनसरीका पर्दा र पर्खाल देवदेवीको ठूल्ठूला पापी पर्खालले बाटो छेक्यो। पूर्वका शालीग्राम अनेक विसंगती र विकृतिले मार्ग बन्द गरेको ती पाखा पर्वत पर्दालाई पन्साएर यहाँ राखिदिएको छु। इष्टदेवको आवास स्थलमा राखिदिएँ, स्थापना गरिदिएँ है।

२) तान्दील्येः चापाचाप्मा केलन्दी केबोक्खी सेनीवाबा, निसेम्बा-खासेम्बाहारे योक्केधक्तुम्बीफाआङ कन निसा यक्खुङथाङबारो हेक्केसाङ निङवा मेन्दारक पोक्खेरो।

अर्थ : भविष्यमा किराती विद्वान, विदुसीहरू जन्मेर यसको अध्ययन अनुसन्धान गर्छौ कि भनेर यहाँ राखिदिएको छु। तर पनि चित्त नबुझ्दोमात्र भयो है भनी आफू अवतरित भएर पनि सबै काम नसकिने र किरात धर्मको साम्जीक मुन्धुमहरू

अधकल्चो हुनसक्ने देखिँदा मेन्छाम्गेन नाम्याप्मी चोलामा पुनः दोस्रो पटक अवतार हुनुपर्ने दैविक बाध्यता ईश्वरीय आज्ञा माङइङघङ भएको उक्त पंक्तिको माङवाणीले पुष्टि गर्दछ।

३) ए... मेन्छाम्गेन नाम्याप्मी याक्थुङ फोक्वा सासे। कन फक्ताङलुङ पारूङनाम फुक्कुदेन थोःओनु योः युःमायाक्ना याक मामाङ मारूङनाम फुक्कुदेन्धो हेत्थो मेन्नीमाङ मेन्धामामाङ सेक्खा कुनोःमाङधो ताक्तेन इक्खुङ तेरूङङाङ आतान्तीनु १९९४ सिसेक्पा, ३ लायेन कुरूप्पा येन्ल्ये याम्मो नाम्लीङसेवा हेत्थोपोक्खे।

अर्थ : हे किरातवंशका सन्तानहरू हो, यो कुम्भकर्ण देवस्थल ओडारमाथि इष्टदेवी महापिता, महामाता आवासस्थल ओडारमाथि अदृष्य निरङकार, निरञ्जन, सर्वव्यापि, सत्यमाथी आवासस्थानमा ताकतेन इक्खुङ तेरूङङाङ १९९४ साल साउन १३ बिहीबारको दिन सूर्योदयको बिहानी सेवा माथि नै भयो है।

४) ओत् तागेरा निङवाभूमाङ मेसुम्मेहाङ थीम्सुङाङ सावायेत्लीङधो सेसेलुङ सेवालुङ ओत तागेरा निङवाभूमाङ फक्ताङलुङमा तुम्बा, खवालुङ थाक्फूः मामाङील्ये कुसेवामो आसेम्मे।

अर्थ : हे परमेश्वर अग्निधुनी जगाई विश्व धुरिमाथि शान्ति एवं पवित्र तपलोक कुम्भकर्ण सर्वश्रेष्ठ सर्वज्येष्ट हो, खवालुङ इष्टदेवको सेवामाथि पुऱ्याओ।

५) ओत तागेरा निङवाभूमाङ सेक्खामाङ वाकेजोक वारेम्माङ मीःकेजोक चीयेङमाङ, नाम्केजोक तीयेङमाङ, लाकेजोक फयेङमाङ, हिलील्येः चील्लेमाङ, सिकुम्ताङबाइल्ये कलःमाङ। किलिङसो सुवेङमाङ, फेन्जे खेङखेङमाङ, हिमलेक्सोल्येः थःथःनामाङ, साताइतुकयोक्माङ, वलक्कीप थीक्माङयेत्वलक, नाम्सेमातुईङ, लासेभा कप्फा याक्कीन। सियाकलिङ कप्फा युङसिङआङ कुयाक्नाः तुम्याक्ना हेत्थोः पोक्खेः।

अर्थ : हे परमेश्वर सृष्टिकर्ता ईश्वरमा सत्य ईश्वर, जलका

सृष्टि जलमय देव, अग्नि सृष्टि अग्निमय देव, सूर्य सृष्टि सूर्य देव, चन्द्र देव, हिरामोतीको चम्किलो देव, तामा, काँसको उज्यालो देव, फलामको सृष्टि सेरील्लोदेव, पितलको सृष्टिवर्णन देव, सिसाको गहकिलो देव, सम्पूर्ण ज्योतिको देवकुण्ड १०८ कुण्ड सूर्य र चन्द्रमाको ज्योति झैं सुशोभित पवित्र आसन तयार भयो र महापितृदेव महामातृदेवीको वासस्थानमाथि नै भयो है।

६) ओत तागेरा निङवाभूमाङ युमा याक्मादेन हुक्सो सेवा ताक्तेओ वजिकेनलाङधो केत्तासीङडाङ, आङगा साम्याङवा लिङ्डे युप्पावा लिङ्डे लिङ्देननाङ चइत्थोः थाकथाकुमाङ फाल्गुनन्द सीवाखाहुनताङले फेङवालाङदेम चकुवासेवासाल्येः थिबोङ याक्थुङ योक्तुम सावायेत्हाङसाः काक्ल्ये मुलुम्इनाताङसाः सुम्भूङहुक्वा काक्साःलेन हुक्सो सेवा तोन्दुङलो, फक्ताङलुङसेवा लुङधुङधो क्येत्तासीङ...।

अर्थ : ओत सर्वव्यापी परमात्मा परमेश्वर ईश्वरमाताको बासस्थान सेवा गर्ने भक्तिलोकमा पाउकष्ट गरि पुगें। सुवर्ण झैं सुनौलो, चाँदी झैं चम्किलो देव, म फाल्गुनन्द उपदेशकर्तालि बायाँपाउ समाति, दायाँ हात जोडी किरात वंशका सारा संसारका सकल प्राणीहरूको रक्षा र उपकारको निम्ति सेवा चढाउन कुम्भकर्ण तपलोक माथि पुगें।

७) ओत तागेरा निङवाभूमाङ निसा नाहाङमा पित्चम्मा निसा, माङगेना वयाचोत्लुङ माङनिसा थिबोङ याक्थुङ, सावायेत्हाङ चोत्लु साम्बहाङ येयीतहाङ चोत्लुङ। फेदाङमा, साम्येप्याः येप्साः चोत्लुङडाङ, काक्माङवा हाङवा चोत्लुङ कन युःमायाक्मा चोत्लुङ लुङधुङडील्लो।

अर्थ : ओत परमात्मा ईश्वर, ईश्वरीय चिन्ह, तत्वशक्ति चिन्ह, देवतुल्य पुग्ने देवचिन्ह, किरात वंशका अष्टसिद्धिको मार्ग, अवतारी, उपकारी, डाक्टर, वैद्य, देवानी, धामी, झाँक्री

सबैको मार्ग धनशक्ति राजशक्तिको चोत्लुङ यही महामाता मातृदेव वासस्थानमा पुग्ने केन्द्र विन्दु हो।

८) आल्ल कन मुजोत्लुङ खेजोत्लुङ माङलिङ माङकेत माङलाकमाङले माङओप्मा लुङधुङधो हुकसो सेवा ताङजुम्मो सुङ क्येत्लुङलो, थिबोङ याक्थुङ सावायेत्हाङ योकतुम्सा सिवाखाहुनसासे, ए... आवामेल्ये खाखियो, मिकमेन्नि थकथाम्बुसासे, कन साप्योक लिङयोकल्ये कुयोक्थिक थासुङथाङसाङ निङवा मेन्जिम्सा पयोकलक पोक्खे, ओत तागेरा निङवाभूमाङ इङघङ सिकधिक चेक्खुङ थाङसाङ निङवा मेन्जिम इङघङलक पोक्खे।

अर्थ : अब यो अपरम्पार परमज्योति, अमर-दिव्य ज्योति, देवउत्पति, देवज्योति, स्थलमाथि हातकर जोडी भक्तिभावसँग पुगें। अष्टसिद्ध किरात वंशका हे मेरा प्यारा भक्तजनहरू हो, ज्ञानगुनको कुरा बोल्न नजान्ने, ज्ञान, विवेक, बुद्धिविहीन चेलाभूलाहरू हो, यो सृष्टि उत्पत्तिको एक अंश मार्ग देखाउँदा पनि चित्त नबुझ्दो वाणीहरू मात्र भयो है।

९) थिबोङ याक्थुङ फोक्वासासेः हेक्केसाङ तान्दिमा तङलायेम्मो लत्थिक, नेत्छी सेनिङवा सेसे थेनिङवा फोबो मासाहा केबोखिआङ सेवालुङधुङल्ये कुइक्वान हन्धुङथाङलो।

अर्थ : हे... मेरा किरात वंशका पुत्र हो पछिपछि १/२ जना पवित्र आत्माज्ञानीहरू जन्मी यो तपोभूमिमाथि छिचोल्छौ कि भनेर यो तपलोकको ढोका खोलि राखिदिएको छु।

१०) कन निङवालाम मेम्बेन्ने कत्थो युमा युक्ना लुङधुङधो केगेत्तासीआङ कन चेइङिन साप्योक शकशकल्येः कुयोक इक्वाइन याम्मु हुन्सुङ थाङलो थिबोङ याक्थुङसासे। कन खेती सेवालुङधुङेओ आल्लआङ मेन्गेतमिन्लीङसिङङे कुसिकुमासानीन पाःमाःनु माःफक्तुङ क्येप्माथोक्सीङमा क्येप्मा केन्गेतिम्मीलो।

अर्थ : यो ज्ञानको बाटो मुक्तिमार्ग नभूलिइ माथि इष्टदेवी महामाता लोकमा पुग्छौ कि भनेर यो देववाणी उपदेश लेखि ढोका खोली राखे हैं। अन्जान अज्ञानी पुत्रहरू हो। एक पटक पनि यो तपलोक देवलोकमा नपुगी पिताको काखमा पुग्ने छैनौ।

११) आफोक्वासासे कन सेवा लुङधुङङेयो कुक्येत केलसिङसाइन कुसिकुमा साइननाङ नामओप्मा, लाओप्मा, खाओप्मा तेन्धो वयाकाम्फून लोसीङसुक्काङ चोल्लुङ क्येत्लो।

अर्थ : मेरा शाखा सन्तान हो, यो सेवा गर्ने प्रमुख देवलोक तपलोकमा पुगेर मृत्यु हुने मानिसहरू चन्द्रमाजस्तो उज्यालो ज्योति स्वर्गलोकमा पुगि लीन हुनेछन्, पुग्नेछन्।

१२) कन् इक्सादिङखाम्बेक फुङवा सम्धाङ येत्छि लाजे, सावायेत्हाङ लाजे, काक्नुलाङ तुम्बा लाजे, तुम्बा कोक्मा सेन्चेई फक्ताङलुङमा तुम्बारो।

अर्थ : यो विश्वका ८ द्वीपमध्ये एकद्वीप कुम्भकर्ण फक्ताङलुङ सबैभन्दा जेठो द्वीप हो।

फक्ताङलुङ तीर्थभूमिको दर्शन नगरी नहुने महत्वपूर्ण पुण्य पोखरी माङवारकहाः

१) आठराई चिलिङेसेको निङग्रादेन विगौद पोखरी माङखाप्पु वारक.....१
२) ताप्लेजुङ मेहेले थाङ कोक्माको सुके पोखरी केजप्पा वारक..१
३) तावा नागीको तावा पोखरी तावा वारक.....१
४) इङवानागी समिपको हाँडी पोखरी तेरेङ वारक.....१
५) इङवा नागीको इङवा पोखरी इङवा वारक.....१
६) नेपाल र सिक्किम सिमानाको जुम्ल्याहा पोखरी काप्साबा वारक.....२
७) नेपाल र सिक्किम सिमानामा रहेको जोर पोखरी काम वारक.....२

८) लामो–लामपोखरी सिक्किम केम्बा वारक.....१
९) लक्ष्मी पोखरी गोमाथाङको माङवा हाङवा वारक.....१
१०) बकतकको दूध पोखरी पित्नु वारक.....१
११) बकतक मास्तिर निर पोखरी सहिक्यापा वारक.....१
१२) बकतक मास्तिर मयुर पोखरी मरा वारक.....१
१३) बकतक मास्तिर लक्ष्मण पोखरी (लत्ते) कुगाप वारक.....१
१४) बकतक मास्तिर रामपोखरी (झत्ते) कुगाप वारक १
१५) पाङलाङ छेउको लप्साङ पोखरी लप्साङ वारक (ताप्लेजुङ) १
१६) घुन्सामाथिको दूध पोखरी (लेलेप, ताप्लेजुङ) पित्नु वारक...१

१) विगौद पोखरी (माङखाप्पु वारक)

ताप्लेजुङ जिल्लाको आठराइ क्षेत्र निगुरादिन (निङजादेन) गाविसस्थित विगौद पोखरी नामले प्रचलित छ। प्राचीनकालमा हाङसाम थेबा किरात मूल इष्टदेवले लाधुङसेमी यज्ञसेवा लगाउनु भएको यज्ञ मण्डपमा कालान्तरमा पानी भरिएपछि पोखरीमा परिणत भएको किम्वदन्ती सो विगौद निकालेर टीको लगाउने माङखाप्पुलाई हाल विगौत, विघुत भनि त्यहीबाट विगौद पोखरी नाम रहन गएको प्राचीन किरात यज्ञ सेवा कुण्डको नाम हो।

विगौद पोखरी 'माङखाप्पु वारक'

२) सुकेपोखरी (केचप्पा वारक)

ताप्लेजुङ मेहेले गाविस सिरान थाङकोक्मा पाथीभरा र श्रीङचोक डाँडा कुन अग्लो भन्ने होडमा ढुङ्गा हानाहान गरेको ठाउँ नै थाङकोकमा लडाई हुँदा फक्ताङलुङ कुम्भकर्णले छुट्याएको जनश्रुती छ। यही ठाउँमा साःजुवाच्वाः छ। यसैको छेउमा सुकेको पोखरी ज़हाँ मुहिगुम अङसीमाङ फाल्गुनन्दले नागराक्षसलाई समाप्त गर्दा पानी नै सुकि गएकोले सुकेपोखरी बन्न गयो।

केचप्पा वारक (सुके पोखरी)

३) तावा पोखरी (तावा वारक)

ताप्लेजुङ सुरूङखिम गाविस सिरानमा तावानागीको किनारमा लुकेर बसेको तावापोखरी छ। तावा पोखरीले मुहिगुम अङसीमाङ फाल्गुनन्द र तीर्थ टोलीलाई दर्शन नदिई उल्टै बाधा व्यवधान गरिदिएकोले मुहिगुम अङसीमाङको शक्तिले उक्त पोखरीलाई मुक्तिदिंदा तत्काल सुकि गई सुके पोखरी बन्न गएको नै सुकेपोखरी एक प्राचीन ऐतिहासिक गौरव गाथा बोकेर बसेको छ। यसैबाट निक्लेर बगेको खोला तावाखोला भनिन्छ।



तावापोखरी

४) हाँडी पोखरी (तेरेङ वारक)

यो इवानागीको धर्मशालाको देब्रे छेउमा अवस्थित छ। वर्तमान हाँडी पोखरी क्षेत्रमा नेपाल सरकार तथा ताप्लेजुङ जिविसबाट धर्मशाला निर्माण भएको छ। हाँडीपोखरी आकारको हिसावले ठूलो नभए पनि कालो हण्डी झैं धुरमुस कालो रङको पोखरी भएकोले रंगरूप नाम अनुसारको काम हाँडी पोखरी रहन गएको पाइन्छ। यसलाई तेरेङ वारक भनियो।



हाँडीपोखरी 'तेरेङ वारक'

५) टिम्बु पोखरी (इङवा वारक)

भोटीया भाषाले टिम्बु, आर्यनबाट विष्णु, मुन्धुमीले इङवा वारक संज्ञाले सम्बोधन यो पोखरी साँच्ची नै गहिरो, ज्योतिदार, शानदार, शक्तिशाली, रंगी विरंगीका स्वरूप प्रदर्शन गर्ने जिउँदो पोखरी मानिन्छ। यहाँभित्र मूल्यवान रत्नमणिहरु निकाल्न पोखरीको पानी फाल्न माटो खनि पानी बाहिर पठाउने अभ्यासीका अंग्रेजहरू ३/४ जनाको मृत्यु भएको चिहान छँदैछ। इङवानागीको इङवा पोखरी निकै प्रसिद्ध छ। यहाँ धन, जन, सम्पति, पुत्र-पुत्री, धनधान्य माग गर्न, सिक्किम, भारत, बर्मा र नेपालबाट दर्शन गर्न आउने जाने गर्छन्।

टिम्बू पोखरी 'इङवा वारक'

६) जुम्ल्याहा पोखरी (काप्सा:बा वारक)

इङवा पोखरीबाट तेर्सो जाँदा बाटैमा एउटा सानो थुम्कोले दायाँ र बायाँ जोडीए झैं सँगसँगै पोखरी टाँसिएर रहेको दृश्य हेर्दा दुई पोखरी देखिने, तर वास्तवमा एउटा पोखरीको २ भागबाट जम्ल्याह (काप्साबा) पोखरी भनिएको हो। यो सिक्किम सिमाना प्रवेश गर्ने बित्तिकै बाटोमा दर्शन गर्न पाइन्छ।

जुम्ल्याहा पोखरी

७) जोर पोखरी (काम्बारक)

जुम्ल्याहा पोखरीको दर्शनपछि नजिकै बाटोमा एकजोडी पोखरी भेटिन्छ। यो जोडी भएकोले जोर पोखरी काम्बारक भनिएको छ।



जोर पोखरी 'काम्बारक'

८) लाम पोखरी (केम्बा वारक)

कामबमोजिमको नाम, जस्तो स्वरूप उस्तै संज्ञा लागे झैं यो पोखरी पछि नजिकैमा लामो न लामो पोखरी लमतन्न रहेको छ। लामोको कारकवाटै लामपोखरी नाम रहन गएको हो। त्यसैले केम्बा वारक हुन गयो।

लाम पोखरी

९) लक्ष्मी पोखरी (माङवा हाङवा वारक)

गोमाथाङ खोलाको माथि दाहिने काखमा सारै राम्रो शोभा, सुन्दर, रमणीय स्थलको गहिराइमा लक्षिनकी लक्ष्मीपोखरी माङवा ताङमा हाङवा ताङमा माङवारे कुन्दाङमा ३२ लक्षणले युक्त पोखरी छ। यो अवर्णनीय छ। लक्ष्मीपोखरीको दर्शन गरेर धन, जन, राज्यशक्ति, देवशक्ति, श्री सम्पत्ती वरदान मागी सिद्ध र शक्ति प्राप्त गर्दछन्। यो ठूलो सेवा पीठको रूपमा अवस्थित छ।

लक्ष्मी पोखरी 'माङवाहाङवा वारक'

१०) दूध पोखरी (पित्नु वारक)

गोमाथाङबाट खोला तरेर तेर्सै तेर्सो धेरै टाढा पर एउटा विशुद्ध दूध झैं सेतो टलक्क टल्कने दूध पोखरी छ। यो सिक्किमको गेजिङ क्षेत्रमा पर्ने दूध पोखरी प्रसिद्धरूपमा रहेको वास्तवमा दूध नभएर धमिलो सेतो दूधजस्तो पानी भएकोले दूध पोखरी भनिएको हो।



दूध पोखरी अवलोकण गर्ने क्रममा लेखक र श्रीमती

११) नीर पोखरी (सहिक्यापा वारक)

बाहिरीबाट देख्दामा मात्र नीरजस्तो होला भनेको त नजिकै गएर पानी अञ्जुलीमा राख्दा समेत नीर झैं देखिने यो आश्चर्यमय छ। गोमाथाङबाट उकालो बकतक पछि गोमाथाङ खोलाकै किनारमा नीर रङ दुरूस्त बनेर आकर्षक रंगीन नीर भएर बसेको पोखरी भनिन्छ।



नीर पोखरी (सहिक्यापा वारक)

१२) मयुर पोखरी (मरा वारक)

बकतकबाट उकालो जाँदा बाटोमा मज्जाले तैरिएर बसेको चिटिक्क परेको सानो पोखरी छ। पोखरीको पानी भित्रबाट उम्लेर भूलभूल आई माथि तैरिदा मयुरको रंगरूप र प्वाँखजस्तो फिजाउँदा मयुरको जस्तो दुरूस्त आकार प्रकार देखिएकोले मयुर पोखरी नामकरण भएको हो।



मयुर पोखरी (मरावारक)

१३) राम-लक्ष्मण पोखरी (काप्साबा वारक)

मयुर पोखरीपछि नजिकै उकालो डाँडाको काखमा स-साना दुई पोखरी रहेका छन्। यो पोखरीलाई राम-लक्ष्मण पोखरी पनि भनिन्छ। वास्तवमा काप्साबा जोडी पोखरीलाई लत्ते भत्ते पोखरी पनि केहीले भन्छन्।

राम-लक्ष्मण पोखरी (काप्साबा वारक)

१४) लाप्साङ पोखरी (लाप्साङ वारक)

फक्ताङलुङको पूर्वमा हेर्दा देखिने ठाउँमा सेवा लगाउने पीठ बनाएको पवित्र ठाउँलाई पाङलाङ भनिन्छ। पाङलाङ सेवा गर्ने एउटा महत्वपूर्ण क्षेत्र हो। यही ठाउँमा पुग्नु अगावै पोखरीको दर्शन गर्न पुगिन्छ। त्यसैको नाम लाप्साङ पोखरी (लप्साङ वारक) हो। यही पाङलाङमा एउटा सेवा पीठको रुपमा मुहिगुम अङसीमाङले स्थापित गर्नुभएको हो।



लाप्साङ पोखरी (लप्साङ वारक)

१५) दूध पोखरी पित्नु वारक

घुन्साबाट अर्को बाटो पक्रेर दूध पोखरी पुगिन्छ। यो पनि दूधजस्तो सेताम्मै भएकोले दूध पोखरी भनिन्छ। स्वयं हिमालको काखमा अवस्थित पित्नु वारक निकै शक्तिशाली दूध पोखरी मानिन्छ, र प्रसिद्धि पनि छ।



दूध पोखरी (पित्तु वारक)

यी बाहेक अन्य पोखरीहरु :

(१) सुनपोखरी, (२) तामापोखरी, (३) हाँसपोखरी, (४) तीनपोखरी, (५) छाँगुपोखरी दर्शन गऱ्यौ भनि इलाम, साक्फारा गाविस कालीखोला निवासी मुहिगुम अङसीमाङका ९५ वर्षीय चेला माङथुक्पा स्व. आनन्द शक्तिदास इन्द्रबहादुर हिराहाङ साम्पाङको अन्तरवार्तामा उल्लेख छ।

त्यस्तै, (१) अन्धापोखरी, (२) लंगुरपोखरी, (३) भूतपोखरी, (४) देउ निगालो पोखरी आदिको नाम मुहिगुम अङसीमाङका चेला सिलौटी पूजारी स्व. सिद्धिनन्द याङदेम्बा नेम्बाङको अन्तरवार्तामा देखिन्छ। उक्त पोखरीहरु कुन-कुन र कहाँ-कहाँका हुन्, अनुसन्धानको विषय भएको छ।

मुहिगुम अङसीमाङ फाल्गुनन्ददारा आदाप-पत्र

स्वस्ती श्री सम्वत् १९९५ साल असार २७ गते २ मा इलाम जिल्ला चारखोलाको चुक्चिलिम्बा जन्म भै ब्रम्हाचारजे रहने

फाल्गुनन्द बालातपस्वीले पान्थरको भदौरे बस्ने सुब्बा सेरवहादुर लिम्बु फेदाप म्यौंलुङको सुब्बा काजीमान लिम्बु-१ नेपाल बस्ने सेंठ कम्पनीको पंडित द्वीपराज उपाध्याये-१ समेत जम्मा ४४७ जनासँग चन्दा उठाई हिमालय कञ्चनजंगाको फेदीमा देवतीर्थ गर्नु र तीर्थवासीहरू बसोस् भन्नालागि माथि लेखिएकै मितिमा घुन्सा बस्ने मझियासँग छुछेरमा भन्ने पुण्यस्थानमा चारदाम ठेकी लगाई हामी गैह्रले धर्मशाला बनाएको हो। अष्टसिद्धि गौरीगणेश शंकरका नाममा चौंरीगाईको बाछाबाछीसमेत दुई किनी संकल्प गरी चढाएको धर्मशाला कसै अज्ञानी मूर्खले बिगार गऱ्यौ अर्थात् भत्कायो भने घुन्साको ठेरें लामाले आदाप गर्नु, जगेडा गर्नु, स्व निजले आदाप गरेमा मान्नु र स्वधर्मशाला सबैले जगेडा गर्नु धर्म सबैले मिल्नेछ, स्व नटेरी धर्म भंग गर्नेसँग धर्म खोजी गर्नेछौं भनि आदाप गर्नेको कागज लेखि सहि गरी निज घुन्सा बस्ने ठेरें लामालाई दियुँ। यो कागजको नक्कल सक्कल गरि आफ-आफैं राख्यौं। इति सम्वत् १९९५ साल साउन १ गते ७ शुभम्।

(सक्कल बमोजिम नक्कल ठीक छ भनि सही गर्ने लप्साङ लामा)

उक्त कागज सक्कल ताप्लेजुङ जिल्ला लेलेप-९ घुन्सा निवासी लप्साङ लामासँग छ। निज आदप पाउने (धेरेङ) ठेरें लामाको जेठा छोरा हुन्। सक्कलको नक्कल उतार २०५१ साउन २५ गते तत्कालीन केन्द्रीय महासचिव चन्द्रकुमार सेर्माले सारी ल्याउनु भएको जस्ताको तस्तै सार यहा प्रस्तुत छ :

उक्त आदप पत्रबमोजिम चौंरीगाई गोठ र आम्दामी घुन्साका ठेरेङ लामाले संरक्षण सम्बर्द्धन गर्ने र सालीन्दा नुन पुऱ्याउन भक्तजनहरू वर्षमा एकपटक फक्ताङलुङ पुग्ने इत्यादी परम्परा बसालेको मुहिगुम अङसीमाङले कुम्भकर्ण हिमालको दर्शन तीर्थ ढोकामात्र खोली दिनुभएन भूत प्रेत सिया याप्या मान्ने राक्षसी

पोखरीहरु सुकाउने, रोगी बिमारी निको पार्ने, हिमाली, भीरपाखा, नागी, चउर, पाखा, पर्वत, डाँडाकाँडा हिमश्रृंखलामा चौरीगोठको स्थापना गरि तीर्थयात्री सन्तमहन्त भक्तजनहरूलाई निःशुल्क दूध, दही, घिउ उपलब्ध गराउने प्रबन्धको मुहिगुम अङसीमाङ आज्ञा गएको जीवनीमा उल्लेख छ। यसको साथसाथै तीर्थयात्रीहरु कुम्भकर्णमा बस्ने सुविधाको लागि फक्ताङलुङ धर्मशाला भवन पनि निर्माण गर्नु भएको छ।

मुहिगुम अङसीमाङ फाल्गुनन्दको घर भने पनि धर्मशाला भने पनि यही एउटा फक्ताङलुङ धर्मशाला मात्र रहेको ठाउँमा पुनः निर्माण गर्न पूर्व योजना एवं लागत इष्टमेट गरि पुनःनिर्माण हुने तयारीमा रहेको सपनालाई तागेरा निङभूमाङले पूरा गरिदिनेछन्।

छिर्लिङ्गे ओडार

कुम्भकर्ण फक्ताङलुङ तीर्थभूमिको दर्शनमा जाँदा हिमाल श्रृङ्खलाको बीच बाटोमा पर्ने एउटा ठूलो ढुङ्गाको नाम हो छिर्लिङ्गे ओडार। ५/१० जना अटाउन सक्ने यो ओडार चर्चित छ। यही छिर्लिङ्गे (शिर्लिङ्गे) मुनि फेदि काबेली काङवामा बग्दछ। मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनले किरात शिलालेख किरात अक्षर प्राप्त गर्नु भएको स्थान काबेली खोलाको छिर्लिङ्गे दोभानमा भन्ने उल्लेख छ।

छिर्लिङ्गे ओडार तथा यस क्षेत्रमा बास बस्ने तीर्थालु भक्तजनहरू धेरैले दुःख, दर्द र अनेक संकट भोगेको कथाव्यथाहरू सुन्न पाइन्छ। मुहिगुम अङसीमाङ फाल्गुनन्दकालीन तीर्थयात्रीहरू पनि यही इन्धा परिसरबाट धेरै श्रद्धालु भक्तजनहरू फर्केका छन् भन्ने इतिहासमा पढ्न पाइन्छ। यसलाई मुन्धुमी भाषामा कुधाक येप भनिन्छ। कुधाक येपको अर्थ खराब सेहें, जगित्रा, समान, मुर्कुटा, भूत, प्रेत,



छिर्लिङ्गे ओडार

सिया येप्याजस्ता नराम्रा खराब घटना गराउने, दुःख बिमार अकाल मृत्यु, आदि दुःख आपद विपत भोगाउने पर्खालहरू रहेको अशुभ अर्थमा यस भेगलाई मानिएकोले अङसीमाङ आत्मानन्द लिङ्देनद्वारा पनि त्यहाँ बास बस्नु फलदायी छैन, हानिकारक छ, अनिष्ट, अशुभ छ भन्नु भएको छ। यो किरात धर्म भक्तजनमा सर्वत्र चर्चाको विषय छ। यस खतरनाक कुधाक येपले २/४ जना फक्ताङलुङ यात्रीहरूको ज्यान पनि लिइसकेको फक्ताङलुङ महादर्शन पुस्तकमा विस्तृत व्याख्या भएको छ।

हजारे ओडार (हेन्छीङ फुक्कु)

फक्ताङलुङ महातीर्थ स्थल पुग्न अगाडि घुन्सादेखि माथि बीच बाटोमै रहेको एउटा ठूलो ढुङ्गाको ओडार छ। यसभित्र

हजारजना जति मानिस अटाउने भएकोले हजारे ओडार भनिएको हो। यो हेन्छीङ फुक्कु एक ऐतिहासिक ओडारको रूपमा मानिन्छ।

हजारे ओडार ढुङ्गा

फाल्गुनन्दका स्मरणीय घटनाहरू

राजद्रोही अभियोग

पूर्वाञ्चल लिम्बुवानका धेरै समूह विभिन्न थरीका मिलेर प्रायः स्वयं याक्थुङबाहरूसमेतको लगभग २/३ सय जना ज्ञात, अज्ञात व्यक्तिहरूले सहिछाप गरी नेपालको काठमाण्डौ राजदरबारमा निवेदनस्वरूप राष्ट्रद्रोही, समाजद्रोही, देशद्रोहीको उजुर परेको व्यहोरा निम्नबमोजिम छ। यो काल गणनाको हिसाबले वि. सं. १९९०/९१ को घटना हो।

अभियोगको व्यहोरा : पूर्व लिम्बुवान, पल्लो किरातको उतरको राजा म हुँ भन्छ, हाम्रो परापूर्वको रीतिथिति, संस्कृति खण्डित गरेर मास्न खोजिरहेको छ। प्राचीनतम परापूर्वकालदेखिको परम्परागत रीति, रिवाज, जाँड, रक्सी खाने पिउने, छोरी चेलीको सोतरीत, सुनौली रूपौली, होकतबा र चारकलम लिने, दिने, युमा, थेबालगायत इष्टदेवी देवतामा राँगा, सुँगुर, खसी, बोका, भेडा, बाख्रा, हाँस, कुखुरा भोगबलि दिएर इष्टदेव मान्दै आएको हाम्रो धर्म संस्कृति रीतिथिति सबै भंग गर्दै बाधा व्यवधान खडा गर्दै कहिले हिमाल जान्छ। हिमालयमा दरबार बनाएको छ। सेना पालेको छ। घिउ, चामल, पैसा, मोही उठाएर ढिकुटी भराउँछ। राजा हुँ भन्दै पूर्व लिम्बुवान घुमि-घुमि कुधर्म प्रचारप्रसार गर्दै २/३ सय दलबलसहित डुलिरहेको छ भन्ने व्यहोराको जालसाजी झुट्ठा जाहेर गोप्य ढंगले परेको रहेछ। सो कुरा साँचो हो कि होइन भनि बुझ्ने काम राजदरबारमा गोप्य छलफल गरी गोप्य कुरा बुझ्न बडागुरू पं. द्वीपराज उपाध्यायको अगुवाइमा आफ्नो जेठु बीरगञ्जका पौडेलको बुबा ससुराको श्राद्ध काबेली दोभानमा

गर्ने बहाना पारी २१ जना ब्राम्हणहरूको टोली हातहतियारसहित फाल्गुनन्दको खोजी अनुसन्धान गर्दै काबेली दोभानमा सेवा गरी बसेका तपस्वीलाई भेट्टाए।

पं. द्वीपराज र मुहिगुम अङसीमाङको भेटवार्ता शुरू भयो। संसारभरका धर्मशास्त्र, शास्शास्त्र भयो। ज्ञानगुणको कुरा एकअर्कामा लियादिया गर्दै ५ दिन ५ रातसम्म आन्तरिक बहस चल्यो। अन्ततः अभियोगी राजा नभएर धर्मराजा रहेछन् भन्ने सत्य तथ्य पत्ता लगाएपछि पक्रनु आएको पक्रनु नहुने रहेछ भनि यस्तो यस्तो उजुर परेको कहानी गोप्य कुरा सुनाए र नेलकडी साङलीसहित हातहतियारसँग आफूहरू आएको सुनाउँदा तपस्वीले हुन्छ जान्छु राजाले गहना मलाई पठाएको लाउँछु। यहाँ नभए पनि राजाको सामुन्ने लगाई दिनु भनि जवाफ दिनुभयो।

काठमाण्डौको रवाना पहाडैपहाड, तेह्रथुम, धनकुटा, खोटाङको पैदल मार्ग भएर काठमाण्डौमा मृगस्थली ओडारमा बास भयो। श्री ५ त्रिभुवनको दर्शन गर्दा पूर्वका लार्ड साहेब बबरशम्शेर, पश्चिम लार्डसाहेब मोहनशम्शेर, उत्तरको लार्डसाहेब बहादुर शम्शेर, दक्षिण लार्डसाहेब भीमशम्शेर गरी चार लार्ड साहेबहरूको बीचमा राजा राखेर दर्शन गराउँदा हातमा हातकडी नेल लगाएर हाजिर गराई असर्फी र फूल हातमा थियो। सो चेक गर्न लगाएपछि फाल्गुनन्दले फूल र असर्फी चढाउँदा फूल र असर्फी राजाको हातमा पर्दा फाल्गुनन्दको हातको नेलकडी खत्रक्क भूईमा खस्दा जादू झैं भयो। आश्चर्य माने, सभामा सबै दंग भए, पूर्वको लार्ड साहेबले त जिब्रो नै टोके।

मुहिगुम अङसीमाङ फाल्गुनन्दले सरकारसँग भेट गर्ने मेरो इच्छा थियो, त्यो ईश्वरीय कृपाले आज पूरा भयो भन्नुभयो। राजा त्रिभूवनले पनि तपाइको दर्शन गर्न बोलाएको दर्शन भयो। भेट्ने इच्छा थियो, त्यो धोको पूरा भयो भनि मर्जी भयो।

पूर्वका लार्ड साहेबलाई हुकुम हुँदै यिनी राजा नभएर धार्मिक सन्त रहेछन्। खाने, पिउने बस्ने प्रबन्ध मिलाउनु भन्ने हुकुम भयो। काबेलीबाट तपस्वीको झोला बोक्ने चेला एकजना राई हुन् र साङली हातमा लगाई दिने रोमनाथ न्यौपानेको भनाईमा यथार्थ देखिन्छ।

देशद्रोही अभियोग

वि. सं. १९९५ मा कुम्भकर्ण फक्ताङलुङमा धर्मशाला सकी हिमालय दर्शन गरेर फर्किरहेको अवस्थामा याङरूप याङवरक सिमानामा आइरहेको बेला गडबडी भइरहेको हङगम्मा होहल्ला चाल पाए। यसरी फाल्गुनन्दको सुकार्यप्रति बिमति राख्दै षडयन्त्रपूर्ण जालसाजी मुद्दा राजद्रोही, अभियोग याङरूप सिनामका कञ्चन गिरीको नामबाट पोल धनकुटा गौंडामा उजुर गरेको विवरण :

लिम्बुवानमा एक फिरन्ता छ, ऊ बेलाबखतमा हिमाल जान्छु भनि भेडीगोठतिर पनि पुग्छ, अगाडिको हाम्रो लिम्बुवान राज्य कायम गर्नुपर्छ भनि सबै लिम्बुवानका बासिन्दाहरूलाई हात लिंदैछ, खुब जोरसोरले प्रचार गर्दैछ।

उक्त उजुरी बमोजिम पक्राउ पुर्जी काटिएको रहेछ। याङरूपबाट पान्थर सिलौटीमा आइपुग्दा पक्राउ परे। पक्राउका डोरले खारखेर सोधपुछ गरे। तपाईंको नाममा यस्तो यस्तो खालको उजुर छ भनि सुनाए, कसो ? राजा बन्ने इच्छा छ कि क्या हो?

तपस्वीले नम्र भएर जबाफ दिनुभयो। म जस्तो फुस्रा राजा हुनु यो पत्याउने कुरा होला र म त हाम्रो यो सडिएको समाजको उद्धार गरूँ भनेर लागेको, हुन त म जस्तोले के सुधार गर्छु होला र ? चेलाभूलाको करले १/२ वटा माङहिम, कुटी, धर्मशाला, पौवा, पाटी बनाई हिंड्छु। तीर्थ जानु मन लाग्छ र कहिलेकाहीँ

यसो हिमालतर्फ गई टोपल्छु, उजुरवादीको उजुरसँग कुरा ठ्याक्कै नमिलेको देखी त्यहाँ हाकिम भएर गएको मानिसले निकै कड्केर सोध्यो, साँचो-साँचो भन्नुहोस्।

साँचो त यही हो, झुट्टो कुरा त मैले भनेको जस्तो लाग्दैन, कि कसो भन्नुपर्ने तपाईं सिकाउनुहोस् म भन्दै जान्छु। सत्य कुरा भए आत्मादेखि भन्छु, झुट्टा भए भन्दिन। कर नै लाउनु हुन्छ भने मुखले मात्र भनि दिन्छु। किनभने, सत्य सत्य नै रहन्छ, लुक्दैन, छिप्दैन, ढाँटिदैन पनि।

तपस्वीको यस्तो बयानदेखि तिनीहरूले भने, 'जर्साबको हजुरमा पुग्नु पर्छ।' त्यसबेलाको धनकुटा गौंडाका बडाहाकिम माधव शमसेर जबरा आसिन थिए। हाकिमले प्रश्न गरे तिमी नै हौ हिमालतिर जाने, लिम्बुवान डुल्ने? मै हुँ सरकार।

डोरवालाले हाकिमतर्फ फर्केर यिनको बयान यस्तो छ भनि पढि बाची सुनाए। त्यसपछि फाल्गुनन्दको नाममा उजुर गर्नेलाई यिनी नै हुन् तिमीले उजुर गरेको मानिस भनि बडाहाकिमले सोध्दा थर थर काँप्दै यहाँलाई त मैले चिनेकै छैन, यसो भन्न कर लाग्यो। उसको सहमतिदारहरूलाई विश्वास अर्कै थियो कि यस्तो खालको उजुर गरेपछि सोध्दै नसोधी कोर्रा लाउँदै जेलमा हाल्छ। तर तपस्वीको सौम्य मूर्ति प्रतापी मुहार देखेर बडाहाकिम माधवशम्शेर पनि प्रभावित भए, उल्टै अतिथि महासन्त मानेर तपस्वीलाई सिधावापत भिक्षासमेत पाएको दृष्यले उजुरी गर्ने कञ्चन गिरीले जानिन भनि पछि माफी मागे। तपस्वीले त्यस्तो बानी छोड्नु, सतकर्मीहरूको संगत लिनु, असतीहरूको संगत छोड्नु, ईश्वरले माफी दिन्छन् भनेर उसको चित्त बुझाई दिए।

अर्को मुद्दा फाल्गुनन्दका नातेदारहरूले आफ्नो (तपस्वी) ले माङहिममा पूजारी बस्नेलाई गुठि राखी दिएकोमा बेखुशी भएर इलाम गौंडामा उजुर गरेको विवरण :

फाल्गुनन्द भन्ने अघि यसै गाउँमा जन्मी हुर्की बढेको फलामसिं लिम्बु, आज माहात्मा स्वामी हुँ भन्दै ठाउँ-ठाउँमा माङहिम बनाउँदै गुठी राख्नु पर्छ भनि हाम्रो जग्गा जमीन लुटिसक्यो, सबै ठूलाठालु सुब्बा तालुकदारहरूसमेतलाई आफ्नो चेला बनाएको छ। तिनीहरू मन्दिरमा आउँदा सरकारी कोतखानाको घण्टी बजाई दिन्छन्। हामी गाउँलेहरूले सिधा भेटीपाती लिएर जानुपर्छ। नत्र हामीलाई रूपैयाँ, आठआना जरीमाना हुन्छ। निजलाई राजाभन्दा पनि बेसी मानमानितो गर्नुपर्छ। यसले के के नचाहिँदो चलन चलाएर हामीलाई दुःख दिदैंछ, सरकारबाट उचित कारवाही होस् भन्ने व्यहोराको नालिस लेखेर इलाम गौंडामा पनि स्थानीय चुक्चिनाम्बा गैरी गाउँलेहरूले झुट्टा उजुर गरेको उपर जवाफमा अदालतमा वादी दिनु भनि तोक झरेपछि सबै चुपचाप भए, आफैं हराए, बिलाएर गए, सत्यको विजय भयो।

समाज सेवामा विविधता

मुहिगुम अडसीमाङ फाल्गुनन्द लिम्बुवानका विभिन्न ठाउँ गाउँ घुम्दै फिर्दै डुल्दै सिलौटी धाममा आइपुग्नु भएको अवसरमा अचानक गाईहरू कराएको बाएको शब्द सुने। नेपाल पश्चिम स्वर्गद्वारीका स्वामी जी परलोक भइसकेको हुनाले उनले पालेका गाईहरूले नुन खान नपाएको गाईहरूको शब्द सुन्दा बडो दुःखपूर्ण आवाजमा चुकचुकाउदै निश्वास लिंदै सबैले सुन्ने गरी ए काजीमान, सेरबहादुरहरू हो, स्वर्गद्वारीमा गौमाताहरूले नुन खान पाएनछन्। १७ थुममा आना, माना महिना दिनभित्रै उठाई, आना माना भन्दा धेर नउठाउँ है, महिनादिनभित्र पैसा र चामल उठ्यो। जम्मा १५०० रूपैयाँ उठेको रकम तपाईहरूले अखडाका गौ सेवकहरूले नुन किनी गौमाताहरूलाई खुवाउनु होला भन्ने व्यहोराको चिठ्ठी लेखि पठाउनु भयो। यसरी सिलौटी कुटीमा बसीबसी नेपालको पश्चिममा स्वर्गद्वारीका गाईहरूलाई नुन किनी

ख्वाउने पुण्य कामदाम गर्नुभयो। धर्मकर्म, पुण्यदान, पशु, पक्षी, पशुप्राणीहरूको वाक्य र दुःख बुझ्न सक्ने विवेक ज्ञान मुहिगुम अङसीमाङ फाल्गुनन्द साक्षात परमात्मा परमेश्वर भगवान नै हुनुहुन्थ्यो।

मुहिगुम अङसीमाङद्वारा विभिन्न ठाउँमा पानी वर्षा

- इलाम र पान्थरबीच महाभरा ऐतिहासिक डाँडामा अवस्थित रवि बजारमा भक्तजनहरूको बहुसंख्या रहेको छ। त्यहाँका प्रिय चेला रामानन्द (पदमलाल) हरूको अनुरोधमा खडेरी चलेको कारणले पानी पार्न माग गरेकाले पानी माग गर्न यज्ञ सेवा स्वस्ती शान्ति गर्ने काम भई अन्त्यमा १ कलश पानी बक्स भएको माङवाणी सुनाउनु भयो। ३ दिनपछि धुमधामका साथ २ दिन २ रात वर्षा भयो। एक कलश ईश्वरीय पानीले बगाएर ध्वँस गऱ्यो।
- वि. सं. १९९९ बैसाक महिनामा टन्टलापुर घाम चर्केर महाखडेरी लागी उजाड भएको स्थिति थियो। पान्थर लुङरूपा रानीटार माक्लुङबा आदिका भक्तजनहरूले पानी मागी दिन बोल बिन्ति गरे। तपस्वीले पनि सहर्ष स्वीकार गरी पानी मागी दिनुभयो। राम्रो सेवा स्वस्ती शान्ति गर्न नसक्दै पानी धारा वर्षियो। हर्षले मुहिगुम अङसीमाङको जयजयकार मनाए।
- वि. सं. १९८१ बैसाकमा भारत यात्रा क्रममा इलामको बाटो मानेभञ्ज्याङ सिमाना भएर दार्जिलिङतर्फ लाग्दा मानेभञ्ज्याङवासीहरूले पानी माग्न लगाउँदा शिरोधार गरी पानी माग्ने सामग्री मिलाउँदै गर्दाको अवस्थामा स्थानीय चित्रे गुम्बाको लामाले यो हल्ला सुनेपछि रिसले चेलाहरूलाई धर्मशास्त्रका पुस्तकको भारी बोकाई बाजागाजाका साथ तडकभडक ठूलो ढर्रा ढाँचाले तपस्वीको ओडारमा आई बडो घमण्डपूर्वक गर्जेर क्रोधपूर्ण दृष्टिले हेर्दै कराउन लाग्यो।

पानी पार्न धेरै होम लगाएँ, जप तप गरे र पनि पानी परेको छैन। यस्ता फुस्राले कहाँबाट के गरेर पानी पार्छ। बेद जुझाउँ, धर्मशास्त्र जुझाउँ। म त बाह्र औतारी लामाको चेला हुँ, गुरू समान छु, ज्ञान जुझाऊँ। म त सिधा ल्हासाबाट आएको लामा हुँ र पनि कति गर्दा पनि पानी पार्न सकिन भने यो फुस्रा कहाँको हो, के गर्छ?

यस्तो कुरा सुनेर सत्यहाङमाले नम्र स्वभावमा भने, तपाईं संग्राम गर्न आउनु भएको रहेछ। म त संग्राम गर्दिन, म सँग दलबल छैनन्। हातहतियार पनि छैन। जित्ने मनसाय पनि छैन। अँ वेद धर्मशास्त्र जुझाउन आउनु भएछ। मसँग ती केही पनि छैनन्। तपाईं त बाह्रऔतारी लामाको चेला रहेछौ। शिक्षा पाएर पण्डित हुनु भएछ, तर म त गुरूविहीन छु। त्यस्ता शिक्षा दीक्षाको त कुरै जानेको छैन।

तपस्वीको यस्तो नम्र स्वभावको आवाज सुनेर लामा झन् कडकेर बोल्न थाल्यो, केही पनि नजान्ने फूस्राले पानी पार्छु भन्ने धाक किन गरेको त? मैले त पानी पार्ने धाक गरेको छैन। यी सबै सज्जनहरूको आग्रह टार्न नसकेर कतै पानी परिहाल्छ कि भनेर यसो गर्न लागेको भन्दा पनि झन गर्जन तर्जन लाग्दा तपस्वीलाई पनि आफ्नो परिचय दिन मन लागेर भन्न शुरू गर्नुभयो।

बडा लामा रिम्पोचे, तपाई बडा ज्ञानी हुनुहुँदो रहेछ। यस्तासँग भेट हुँदा मलाई ठूलो आनन्द लाग्यो। तपाईंका गुरू पनि ठूलै हुन्, तर ती गुरूहरूले यस्तै घमण्ड गर्नु, क्रोध र हप्कीदप्की गर्ने सिकाउनु भयो कि? गुरू, साधु सन्त लामाहरूमा त तामसी भावना पनि ननिस्कनु पर्ने, धर्म वेद जुझाउनु पर्ने कारण त नहुनु पर्ने। लौ त तपाईंको रहर पूरा गरौं। यति बोल्दाबोल्दै तपस्वीको पारा बढेर आयो। धप धप ज्योतिर्मय शक्ति ताप

बढेर ज्योति धप धप बलेर यी यति जना यहाँ मानिस साक्षी छन्। यति बेला चीनमा वा अरू देशमा के घटना भइराखेको छ सोधी पठाउँ। तपाईंको र मेरो कसको जवाफ मिल्ने रहेछ मात्र भनेका थिए। हडबडाउन थाले। तपस्वीको त्रिकाल ज्ञानले भरिपूर्ण भएको गम्भीर प्रश्न सुनेर लामाको होसहवास उड्यो। यिनी त महान शक्तिशाली रहेछन्। अब श्राप देलान कि भनेर डरले काम्दै माफी माग्न थाले, म फुस्राले के माफी दिनु भन्दा झन लामा डरले थरथर काम्दै तपस्वीको प्रकाशमान मोहोडा हेर्न नसकि घोप्टो परि आँशु झारी भुइँमा एकोहोरो किंकर्तव्यविमुढ भएर बसेको देखी फाल्गुनन्दलाई माया जागेर दया पलायो।

लामा तिमीहरू भनेको भगवान बुद्धका चेला हौ। बुद्धजस्तै शान्त अहिंसावादी हुनु। ज्ञान खोज्न आउनेले त हिंसा गर्नु हुँदै, बाहिरी मुखले मात्र धर्म प्रचार गरेर हुँदैन। भित्री आत्मा शुद्ध र निर्मल हुनुपर्छ, सत्य सम्झेर बस। मैले क्षमा दिनु पर्दैन। ईश्वरले क्षमा दिनेछन्। सत्य मार्गमा चल्नु। यति भएपछि मुहिगुम अङसीमाङको पाउमा दण्डवत गरी लामा उठेर गयो। घमण्डी नक्कली लामाको सातो पुत्लो उड्यो, धर्ममा काम, क्रोध, लोभ, मोह, र अहंकार हुँदैन, सत्य, अहिंसा, सत्य र शान्ति धर्मका आधारहरू हुन्।

निर्विघ्न सेवा शुरू भयो। ३ दिनभित्र पानी पर्छ भनि तपस्वी दार्जिलिङतर्फ लागे। धुमधामले ३ दिनमा वर्षा भई मानेभञ्ज्याङवासी जनताले जयजयकार माने। पछि फर्कन्दा उहाँको ठूलो स्वागत सत्कारसाथ सम्मान भयो। मानेभञ्ज्याङ दार्जिलिङ भारत र इलाम नेपालको सिमानामा पर्दछ।

मुहिगुम अङसीमाङले पानी उमार्नु भएका ठाउँहरू

१. चिम्भुवाको खानेपानी १९९४/९५ : इलाम जिल्ला इभाङको चिम्भुवा (चेम्फूजोङ) हाल चतुरे, नवमी, लाकताप्पा क्षेत्रमा

खानेपानीको अभाव देखेर कमण्डलुबाट पानी भरेर ल्याउनु भई फलामको चिम्टा गाडी जल अभिषेक गर्नु भयो, तत्कालै जलमग्न भयो, इभाङ-७ मा सो पानी अद्यापि भक्तजनले उपभोग गरिरहेका छन्।

२. तपतपे खानेपानी वि. सं. १९८६ : इलामको बाँझो र इभाङ तथा पान्थर कुरूम्बाको दुई गाविसहरूको शिर मानिएको चिसापानी पञ्चमी नजिकको सुन्दर सानो थुम्कोलाई तीनचुले ढुङ्ग्रेनी भन्ने चुच्चे डाँडामा माङहिम बनाउने इच्छा गर्नुभयो। त्यस हातामा कहीँ पानी धारा वा पँधेरो थिएन। यस महत्वपूर्ण अभावमा अत्यन्त विकट र अपत्यारिल्लो स्थानमा बडो वेग अदभूत शक्तिका साथ आध्यात्मिक क्षमता प्रदर्शनस्वरूप फलामे त्रिशूल गाडेर पानी उमार्नु भयो। हाल यस पानीलाई सिमसिमे धारा भनिन्छ।

३. थोपेकचकम कुवाखाम वि. सं. १९८६ : पान्थर कुरूम्बा - १, सिकतेम्बाको थोकपेक्चम सानु डाँडामा खानेपानीको बिल्कुल खाँचो भएको तर भूमि असजिलो ठाउँमा पनि सहजतापूर्वक दैवि शक्ति प्रयोग गरी त्रिशूल भूईंमा ख्याप्प गाढी दिई खन्न लगाउँदा पानी निक्ल्यो, आजसम्म सो खानेपानी सदुपयोगमा भइरहेको छ।

४. वि. सं. १९८० इलाम जितपुर : इलाम जितपुर गढीथुम्कीमा किरातेश्वर हाङसाम माङहिम क्षेत्र जितपुर-८ मा पानी थिएन। त्यस क्षेत्रमा पानीको अभावलाई पूर्ति गराउन यज्ञसेवाद्वारा पानी उमारी दिनुभयो। जो आजसम्म प्रशस्त पिउने पानीको सुविधा रहेको छ।

५. रविमा साधु कुप वा बद्रिनन्द कुवा : पान्थर रवि बजार गाउँ फाल्गुनन्द तपस्वीको सानो कर्मथलोको रूपमा चिनिन्छ। जहाँ राई समुदाय भक्तजनहरूको संख्यात्मक बसोवास भएको रवी-

६ मुढेमा साधु गुफामा बस्ने गर्नुहुन्थ्यो। त्यही गुफाको किनारतिर पानी उमार्नु भएकोलाई बद्रिनन्द कुवा भनेर चिनिन्छ।

६. मुन्धुमी च्वा : निर्माण ताप्लेजुङ मेहेले गाविस सिरानमा थाङकोक्मा पवित्र औ ऐतिहासिक स्थल छ। श्रीङचोक र पाथीभरा देवीको लडाइको रोचक किंवदन्ती रहेको त्यस दैविक लडाईमा फक्तालुङको पनि भूमिका महत्वपूर्ण रहेको प्रतिविम्वित तीन ढुङ्गा तीनचुले रोपिएको ठाउँ नै थङकोक्मा हो। यो प्राचीन ऐतिहासिक थलोमा साजुवा च्वाः मुन्धुममा महत्वपूर्ण मन्त्रको सूत्र मानिने बास्नायुक्त पानी उमार्ने काम तपस्वीको अद्वितीय शक्तिको रूपमा छ। जुन संकल्प र हरेक कर्मकाण्डका बुँदाहरूमा सिथाङगेवा च्वाः, साम्याङवा च्वाः, युप्पावा च्वाः, ताबुकुसिङ पोक्लाकुलुङ च्वाः, पित्चाःसाम्भोक च्वाः, सुमवादो च्वाः भन्ने मुन्धुम मुन्धक्मा गर्दा साजुवा च्वाः मूल मुन्धुमको पानी उनै साजुवा च्वाः बास्नायुक्त पानी बगिरहेको छ। जुन अद्यापि छँदैछ।

७. फक्ताङलुङमा खानेपानी : फक्तालुङ यात्रामा खानेपानी धेरै चेलाभूलाहरूसँग कुम्भकर्ण हिमालय यात्राको क्रममा घुन्सा क्षेत्रमा हिँडिरहेको अवस्थामा भोक र प्यासले असाध्य च्यापी प्याकप्याक्ती परि हिँड्न नसकेको स्थिति देखेर मुहिगुम अङसीमाङले साह्रै भोक लाग्यो कि कसो हो भनी सोध्दा चेलाभूलाहरूले एकै स्वरमा हो गुरू भने।

के त्यसो भए पानी भेट्टाए खाना पकाई खान्छौ त भनि मुहिगुम अङसीमाङले पुनः सोध्नुभयो। चेलाभूलाहरूले यहाँ पानी छैन केले पकाइ खानु गुरू भने।

एकछिन पर्ख माङले पानी दिन्छ भनेर मुहिगुम अङसीमाङले भन्नुभएपछि खुला सानो चउरमा चप्परी लगाएर खन्ने काम भयो। खनिएको खोपिल्टामा पानी उम्रियो। त्यही पानीले

खाना पकाई खाइसकेपछि त्यो पानी सुकि गयो। चउर जस्ताको तस्तै भयो। यस्तो महाशक्ति थियो भक्तको दुःख हरण गर्ने अद्वितीय गुण अलौकिक शक्ति, माङशक्ति उहाँ स्वयं माङरूपि मानव हुन्।

८. ताप्लेजुङ फुङलिङ सुकेटारमा खानेपानी : ताप्लेजुङको पाथीभरा देवस्थलमा रक्तबलिद्वारा सेवागरी रक्तपोखरी, रक्तसागर भएकोले त्यहाँ नगई तल सुकेटार नजिकैबाट युमासाम थेबासामको सेवागरी कुधेक्पान साखुङ भनि पवित्र जलद्वारा अभिषेक गरी शुद्ध गराएँ भन्नु भएको ठाउँमा उमार्नु भएको खानेपानी हाल हवाई मैदान सुकेटारका भक्तहरूले उपभोग गरिरहेका छन्।

९. याम्बोङ, पान्थरमा : पान्थर जिल्लाको याम्बोङ गाविसस्थित हाङयोकमा पानीको अत्यन्तै आवश्यकता भएको महसुस गरी मुहिगुम अङसीमाङ फाल्गुनन्दले दैवी शक्तिद्वारा पानी उमार्नु भयो। यसलाई हिजोआज पनि गाउँलेहरूले उपभोग गरिरहेका छन्।

१०. जीतपुरमा पानीको परिपूर्ति : इलाम जिल्लाको जीतपुरमा पानीको आवश्यकता परिपूर्ति गर्न मुहिगुम अङसीमाङले यज्ञसेवाद्वारा पानी उमार्नु भयो। आजसम्म पनि जीतपुरवासीहरूले उक्त पानी उपभोग गरिरहेका छन्।

११. त्रिशूल गाडेर पानी उमारेको : पान्थर जिल्लाको सिलौटीस्थित नाम्भुन्यक साङसेन किरात हाङसाम माङहिममा खानेपानीको आवश्यता भएकोले मुहिगुम अङसीमाङले सेवागरी त्रिशूल गाडी पानी उमार्नु भयो। जुन हालसम्म पनि दैनिक उपभोग भइरहेको छ। त्यस्तै सत्रथुम गोश्वारी माङहिममा पनि मुहिगुम अङसीमाङले उमार्नुभएको पानी अद्यापि उपभोग भइरहेको छ।

बाढी पैह्रो थामेको

१. लिम्बुवानको मिकलुक थुम वर्तमान इलाम जिल्ला साकफारा-८ कालीखोला र वुवानाखोलाको शिरमा असाध्य ठूलो पैह्रो गएको थियो। पैह्रोले गाउँसमेत लाने आशंका उब्जिरहेको डरलाग्दो अवस्थामा त्यस भेगका चेलाहरूले उपादेयताको बारे स्वस्ती शान्ति गर्दा कतै रोकिन्छ कि गुरु भनेर प्रश्न गरे। तब गुरू आज्ञा भयो, त्यहाँ त देवीथान रहेछ। त्यही सुँगुर काटेर बेच्ने चलन रहेछ। देवी रिसाएर त्यसो भएको हो। अब उप्रान्त जीवहिंसा, हत्या नगर्ने कबुल गरेपछि पैह्रो थामिएको आजसम्म थामिएको थामिएकै छ।

२. पान्थर चोकमागु-७ पुछारमा ठूलो पैह्रो गएर तमासा भएको रहेछ। गाउँघर नै बगाउने त्रास छ। फाल्गुनन्द तपस्वी घुम्दैफिर्दै त्यहाँ पुग्नुभयो। सत्यहाङमा ठूलो गुरू सारै जान्ने आएको छ भन्ने सुनेपछि स्थानीय अग्रज याक्थुङबा सुब्बाले नेतृत्व गर्दै बोल्यो कन याक्पेइन थुक्वा पेक्मा साकयान्दुगर ख्याम लासी पिगी हाउ। यो पैह्रो रोक्न सक्यो भने जम्मै सत्यहाङमा पसि जाउँ भन्दा निस्से केलासीगर याक्पेइन थुक्वापेक्मा साक्तुङ पिनिङ भन्दा हुन्छ भन्ने शर्त मानी पैह्रो आसपासमा माङसेवा स्वस्ती शान्ति यज्ञ गरी दिनुभयो। थिक पाचा, नि पाचा, सुम पाचा, लि पाचा, ङा पाचा, तुक पाचा, नु पाचा, सातत्याली पाचा, मुन्धुम पाचाले साँच्ची नै पैह्रो थामियो। पैह्रो थामिएको प्रभावले त्यसबेला भक्तजनहरू निकै राम्ररी धर्ममा प्रवेश भए र चोकमागु गाउँवासीहरूमा फाल्गुनन्दका चेलाभूला अत्यधिक संख्यामा पाइएको यही कारकतत्व थियो।

उपकार र उपचार क्रममा काठमाण्डौ यात्रा

वि. सं. २००१ मा काठमाण्डौ नेपालमा जनरल विक्रम शमसेर जबरालाई विमारले सताएको र उनकी श्रीमती रानीलाई अर्को अचम्मको विमार लागेको थियो। थर थर काम्ने। भए नभएको वाक्य बक्ने र अरूचि हुनु आदिले बौलाही बौलाही भनेर कतिपटक कोठामा थुनिइन् पनि। कैयौं डाक्टर, वैद्य, धनन्वतरीद्वारा उपचार गर्दा पनि निको नभएकोले नायव बडागुरू पं. द्वीपराजले जर्साबका पाउमा जाहेर गरे। जर्साब पूर्वी लिम्बुवानमा पल्लो किरातमा एकजना बालतपस्वी लिम्बु ठूलागुरू छन्, उनी मानवीय उपकार-उपचार गर्न र विशेष त वाकसिद्धि पनि छन्। उहाँलाई ल्याएर उपकार गर्दा राम्रो होला भन्ने रिपोर्ट गर्दा, यहाँ रानी पनि त्यसरी नै लिम्बुवानको गुरू बोलाउनु पर्छ, म निको हुन्छु भन्छिन् लौ न लिन पठाउ भन्ने आज्ञाबमोजिम एक जना प्रहरीका जमदारलाई खोज्न पठाए। तपस्वी फाल्गुनन्दलाई खोज्दै सिलौटी पुग्यो। तर, तपस्वी हिमाल गई सकेकोले खाली हात फर्क्यो। फेरि दोस्रोपटक उही जमदार जर्नेलनीले पठाएको धुपबात्ती लिएर हिंड्यो। यसपटक तपस्वीलाई सिलौटी कुटीमा भेटायो। चिट्ठी नायव बडागुरू पं. द्वीपराज र जर्साबको पत्र हस्तान्तरण भई मुहिगुम अङसीमाङले बिमार बारे विवेकबाट विचार गर्नुभयो।

पैदल यात्राबाट काठमाण्डौमा पुगि बिमारी विचार गर्दा पान्थरेनी महारानी चढेकी रहिछिन्। पूजाआजा स्वस्ती शान्ति गरी दीर्घरोग निको पारी दिनुभयो। जर्नेल आफैंले आफ्नो रोग बताए। यज्ञसेवा शान्ति, दान दक्षिणा गरी दिएर झारफूक र अभिषेक गरी दीर्घरोग निको पार्नुभयो। यस्ता मानव उपकार उपचार असंख्य जीवनभर गरिरहनु भयो। सत्यहाङमा तपस्वी काठमाण्डौमै बस। माङहिम, गुठी, कुटी बनाई दिने राणाजीहरूबाट आग्रह भयो। आफू एक ठाउँ ढुक्क नबस्ने, लिम्बुवान घुमिघुमि धर्म प्रचार गर्ने

र देश विदेश पनि भ्रमण गर्ने महान तपस्वी औ ध्यानी ब्रम्हचारी हुनाले अस्वीकार गर्नुभयो। बिदाई क्रममा उपकारवापत रू. ५००/- भेटी राखी बिदा दिन खोज्दा आफूले उपकारको खर्च रूपैयाँ पैसा कहिल्यै लिने नगरेको, पैसा पर्दैन भन्दा बाटो खर्च पछि उब्रेको पैसा धर्म कर्ममा लगाई दिनु भन्ने पुनः मर्जि भएकोले एकजना चेलालाई समात्न लगाउनु भयो। यस्तो उपकार गरी मानिस निको पारेको असंख्य जो वर्णन गरेर साध्य छैन, अवर्णनीय छ।

मुहिगुम अङसीमाङ फाल्गुनन्दको जीवन दर्शनलाई भन्नुपर्दा किरात धर्म दर्शनकै रूपमा बुझ्न सकिने उपरोक्त विभिन्न कामकाजले स्वतः व्याख्या गर्दछ। वास्तवमा सावायेत्हाङ नाम्याप्मीसाहरूले सृष्टिको अदौमा तागेरा निङवाभूमाङले दिनुभएको धर्म दर्शन, मुन्धुम ज्ञान, सशि मुन्धम, साम्यो मुन्धुम, साम्जीक मुन्धुमहरू जीवनवरण नगर्नाले आचरण, पालन नगरी बिर्सेकोले किरात जनजातिहरू शून्यको धरातलमा शून्य गतिमा अज्ञान अञ्जानबस पा होप्मीसा मा होप्मीसासरह भएको निम्न पंक्तिले बताउँछ।

यी कि॰ॠयी॰ ऐॠ१ऐ गी॰ट्ठ१यी॰ यङ१यै॰ ऐ१ ॥ गे॰ङीऽ ट्ठ ले॰ङीऽ येगे॰ङे॰ ॥ ट्ठटै ट्ठ ऐ१टै येगे॰ङे॰ ॥ ऐगे१टै गे॰यी॰ट्ठी॰ ऐ्लेरे ऐ१ ॥ यीऐॠ१ॠ॰ ३ट॰ऐ१ ऽ१ङ१यी्यै॰ ग्र॰ङीॠ॰ ङे्ह्लेगे ऽ१टै१ट॰ऐ॰ले ऐॠ१रे ऐ॰पेग्रयै॰ले गीपेङै॰ ऐह्ल॰ ऐरेगे पै॰ यीगे॰ङै॰ ङयी॰कैऽङै॰ले ॥ गेपेॠ॰ ङे्ह्ल॰ ऽीरे३ गेग१ ॥ ट्ठटै ट्ठ ऐऐ१टै गे॰ङ्ग॰ऊँ॰, यै॰ल ट्ठ ऐ्ल गे॰ङ्ग॰ऊँ॰, गे१ङै१ ट्ठ लङै१ऽ गे॰ङ्ग॰ऊँ॰ ग१॰ट्टेरे यैरे१यी॰ ऽ१ग्र॰ह्ल॰ले१ ॥ ऽीरे३ रे कि॰ॠयी॰ यै१ग्रै ऽ॰ले१ ॥ ऽीरे३गे कैऽ ह्लऊ ऐ१॰ट्टे१यैयै॰ ग१॰यै१ह्लह्ल यैरे१यी॰ ऐ॰ट३१यैयै१ ॥ यै॰पे ट्ठ ह्ल॰पेरे ट्ठह्ल॰ ४ गेऊङै१ऽ ट्ठ ले॰ङै१ऽ ऽ१ग्र॰ह्ल॰ले१ ॥ कै१टै१ ट्ठ ट्ठटै१ ग१ॠ१यैयै॰ ऐ१गी॰ ट्ठ लेगी॰ ऐॠरीरे१ ॥

किरात सावायेत्हाङ वंशीहरूको मन मस्तिष्क स्थानबाट सोच्ने ज्ञानशक्ति फुत्त निस्केर गयो। त्यसो गर्दा घोर अँध्यारोले ढाक्यो। सुनसान कालो पर्दाले छेक्यो। मन, बुद्धि, विवेक, ज्ञान, सिद्धि शक्ति हराएर अज्ञान अञ्जान र अँध्यारो मात्र आयो। यसरी घोर नर्कमा डुबेर अँध्यारो जीवनमा बस्नेहरू बोली बोले पनि भकभकेजस्तो, आँखाले देखे पनि धरबराएको प्रष्ट दृष्टि नभएको झैं भयो। आदि प्राचीन धर्म, मार्ग, नीति, आचरणहरू बिर्सेर पाप कुण्डमा डुबेर पाप मार्गमा हिँड्दा धर्म दर्शनका मार्ग अल्मलियो। पाप कर्मको गति प्रधान भयो। सम्पूर्ण सुमार्गका कर्मकाण्ड विकृतिपूर्ण रह्यो। खाने, पिउने नजानेर आहार, विहार, विचार र व्यवहार ठीक नभएर मूर्ख अज्ञानी, अर्ध मानव भयौ। उल्टो रिस, राग, काम, क्रोध, लोभ, मोह, घमण्ड, अहंकारले चुर भई कुटपिट, फौजदारी, मारपिट कामकाज तामसीभाव तीब्र बढेर गयो। किरात जीवन दर्शन अनुसन्धानको द्वार बन्द भयो। दिन रात, राम्रो नराम्रो छुटेन। छुट्याउने ज्ञानचक्षु आत्माज्ञानको कमी कमजोरी हुन गयो। यसरी दुःखमाथि महादुःख भई गरीब,

टुहुरो, दिनदुःखी भएर राजविद्या-देव विद्याविहीन भएर बसेको बेला तागेरा निङवाभूमाङले धर्मोपदेश दिन म अवतार भएँ, सहस्र किरात सावायेत्हाङ सन्तान हो।

राम्रो-नराम्रो, सेतो-कालो, धर्म-पाप, सुकर्म-कुकर्म, सुसंस्कार-कुसंस्कार, सुमार्ग-कुमार्ग एकएक विधा विधागत रूपमा छुट्याई तिमीहरूको मूल मार्गदर्शन प्रतिपादन गरेको छु। किरात जनजातिहरूको जीवनदर्शन जिउने मार्ग यही हो। साराका सारा किरात एक भएर निरन्तर अटुट यस सत्य साँचोको मातृधर्म मातृमार्गको पथप्रदर्शनमा ऐक्यवद्ध भई लाग्नु। मुख्य बिजन यही हो। यही बीउ यहाँ राखी दिएको छु। सर्वोत्कृष्ठ उच्च र उत्थान गरेर राजसिद्धि-देवसिद्धि, मुक्ति प्राप्त गर्नु।

माथि उल्लिखित शब्दहरूले फाल्गुनन्दको जन्मावतरण किरात जनजातिहरूको मुक्तिको लागि मुक्तिदाता र ज्ञानको ढोका उघारी दिने ज्ञानदाता, जीवन दर्शन प्रतिपादन गर्ने दर्शनदाता, मुन्धुमज्ञान उत्खनन गर्ने मुन्धुमदाता, अचेतनलाई चेतना दिने चेतनदाताको रूपमा माङरूपि भगवान मानव जीवनमा आउनु भएको प्रष्टिन्छ। जुन अवस्थापूर्व यी वर्गहरूको मार्गको ढोका बन्द थियो। हत्या, हिंसा, क्रोध, घमण्ड, अहंकार, अज्ञान, अमुक्तिरूपि कुकर्मले घनघोर अँध्यारो खाडलमा जाक्किएर तिमी सानो म ठूलो, तिमी गरीब म धनी, म बलियो तिमी दुब्लो, म ज्ञानी तिमी मुर्ख, तिमी लाटो म बाठो, तिमी नराम्रो म राम्रो आदि मुर्खे मुर्खता र अज्ञानताले ढाकेर बसेका मूलतः किरात याक्थुङ लिम्बुहरूको भूगोल १० लिम्बुवान १७ थुमभरि नै अस्त-व्यस्त थियो। प्राचीन लिम्बुवानको विगत पनि त्यति राम्रो इतिहास छैन। महिला र पुरूषमा असमानता, फौजदारी अपराधीलाई उम्लेको पानीमा हात डुबाउने, देवीथानमा लगि पश्चाताप गराउने, ज्यानमारालाई ज्यानको बदला ज्यानै लिने, दिने, हाडफोडुवा नाता व्यभिचारीलाई गाउँबाट निकाला गर्ने, अर्काकी स्वास्नी लाने

जारलाई काट्न पाउने, अन्तर्जातीय विवाह खुला गर्न निषेध, पुरूषले बहुविवाह गर्न पाउने, छोरीचेलीको मूल्य सुनौली रूपौलीवापत रूपैयाँ पैसा, सुन, चाँदीको गरगहना लिनदिनु पर्ने, अंश छोराले मात्र पाउने, छोरीचेलीलाई दाइजो मात्र दिने, छोराले अंश पनि पाउने, पढाउन पनि पर्ने, छोरीलाई अंश पनि नदिने, नपढाउने, जाँड, रक्सी, मासु, मंसको विकृतिपूर्ण संस्कृतिमा चुर्लुम्म डुबेर बसेको सामाजिक जनजीवन अत्यन्त कष्टदायी स्थितिमा झन उभौली उधौली पूजाआजामा, राँगा, सुँगुर, भेडा, बाख्रा, हाँस, पञ्चबलि भोग पूजा गरेर खुन र रक्तको सागरमा डुबेर बसेका मानवलाई मुक्ति गराउन फाल्गुनन्दको जन्मावतरण भई समाजसुधार, धर्म-कर्म सुधार गरी शिक्षा, दीक्षा, ध्यान, ज्ञान, जप, तप र परोपकारी कार्यको लागि हो भन्ने बुझिन्छ।

ཕ་ཏ ཡ་ཁ་ལ ཁ་ཟ་ཁ་ ཤ་ཡ་ར ཡ་ཁ་ཟ་ཡ ཏ་ཁ་ ཁ་ཡ་ར, ཡ་ཁ་ཡ་ཡ ཏ་ཡ ཀ་ཡ་ར, ཁ་ཡ ཀ་ཏ་ཡ, ཁ་ཏ ཏ་ཁ ཏ་ཁ ཡ་ཁ ཏ་ཁ ཡ་ཁ ཏ་ཁ ཡ་ཁ, ཡ་ཁ ཏ་ཁ ཏ་ཁ ཡ་ཁ, ཡ་ཁ ཏ་ཁ ཏ་ཁ ཡ་ཁ ཏ་ཁ ཡ་ཁ ཏ ཡ ཁ ཡ ॥

अर्थ : सूर्यवंशी किरातीहरू काम, क्रोध, लोभ, मोह, अहंकारी भई बसेकोले र नखाने भक्ष खाएर, पिउन नहुने मादक पदार्थ पिएर, काटमार गर्ने, आँखीडाही कुकर्म कार्यले राजशक्ति, धर्मशक्ति, राज्यकर्म, राज्यधर्म, मुक्तिकर्म सम्पूर्ण शक्ति तागेरा निङवाभूमाङ परमेश्वरले उठाई दिँदा तिमीहरूको सर्वस्व भयो। दिनदुःखी गरीब टुहुरा आमा भएपनि आमा नभएजस्तो बाबु भएपनि बाबु नभएजस्तो भई हराई सकी अल्पी बसेकोले तिमीहरूलाई माङले उपदेश दिन मलाई पठाएको है।

यसरी आफ्नो जन्म अवतरणबारे स्पष्ट राखी माङइङघङद्वारा प्रमाणित गर्नुहुने उहाँको उपदेशहरूको एकएक अध्ययन गर्दा र कर्मकाण्ड साम्जीक मुन्धुमहरूको व्याख्या विश्लेषण गर्दा मुख्य ५ बुँदाहरू मानव जीवनका मूलभूत आधारहरू हुन् भन्ने तथ्य बोध हुन्छ।

१. भाषा

भाषा मानव जाति प्राणीहरूको प्राण हो, भाषामा विचार शक्ति, विवेक शक्ति, वाक्य शक्ति, वाणी शक्ति र दर्शनशक्तिजस्ता रहस्यमय तत्व रहेकोले आफ्नो भाषा आफ्नै आमा प्यारो हुन्छ। जुन भाषाभाषीबाट इष्टदेवको सेवा सुश्रुषा गरी पाठपूजा वाचन गर्ने मातृभाषा अर्थात मुन्धुमी पारा साराकासारा सशी मुन्धुम, साम्जीक मुन्धुम, साम्यो मुन्धुम, थक्साप मुन्धुम, पेसाप मुन्धुम, खेदा मुन्धुमहरू भाषाअन्तर्गत स्वःमातृभाषाबाट सिर्जित हुनु अनिवार्य यही भावपूर्ण अभिव्यक्त गर्ने मूल माध्यम नै भाषा हो। त्यसैले भाषालाई भावना व्यक्त गर्ने मात्र नठानेर श्वासरूपि प्राणबाट प्रस्फुटित हुने भएकोले प्राणकै अभिन्न रूप हो, जहाँ माङको वास हुन्छ। अतः माङपान किरात भाषा हो। किरात भाषा मुन्धुमी पान नै मातृभाषा अर्थात् आमा हो सबैभन्दा आमा स्वर्गभन्दा प्यारो हुन्छ।

२. लिपि-माङशकशक सक्से

आफ्नो भाषालाई आफ्नै लिपिबाट लिप्नु पर्दछ। भाषातत्व र लिपितत्वको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको छ। भाषा विज्ञान झैं लिपिमा पनि लिपि विज्ञान रहेकोले आफ्नो पानलाई आफ्नै सकसेबाट लिपिबद्ध गरिएको मुन्धुम ग्रन्थमात्र सक्कली रूप ठहर्दछ। यसकारण भाषा शक्ति झैं लिपिमा पनि लिपि शक्ति भएकोले मुन्धुमको लिपि किरात लिपि अर्थात्

सिरीजङगा लिपि माङशकशकलाई समयानुकूल सुधार गर्दै आफ्नै किरात लिपिमा लिपिबद्ध गरेर उन्नत विकसित लिपिको संरक्षण सम्बर्द्धन गर्ने अनिवार्य कार्य कुशलताको लागि कार्यान्वयनमा आफ्नै मुन्धुम आफ्नै लिपिमा लिपौं, कोरौं, लेखौं, पढौं, अध्ययन गरौं, बचाऔं।

३. संस्कार- खाजोङ

जस्तो संस्कार उस्तै संस्कृति हुने हुँदा मानव जीवनले आफ्नो कर्मकाण्डहरूको संस्कारगत कर्म गर्नुपर्दा धार्मिक आचारसंहिताअनुरूप गर्नुपर्ने परम्परा बसाल्नको लागि सुसंस्कृतिको माध्यमबाट सुसंस्कार वरण गर्नु सुसभ्य सुसंस्कृत, सुविचार, शुद्धमन, विशुद्ध बुद्धि र सुविवेक, सुज्ञान निर्माण गर्न उचित संस्कारको स्थापना हुनु पर्दछ। शास्त्रीय वचन छ, श्रेष्ठ संस्कार धारण गर्नु वेश छ। खाजोङ खाइत नुबा चोकमाल्येरक नुबा आबोङलो खाःजोङ मेन्नेग खादाप्मा तारो।

४. इतिहास - पेसाप मुन्धुम

मानव सभ्यताक्रमलगायत देवकर्म, राजकर्म आदि महत्वपूर्ण विषयादिहरूको इतिहास जान्न जरूरी हुन्छ। इतिहास आफ्नो विगतको अनुहार हेर्ने दर्पण हो, जहाँबाट आफ्नो इतिवृति थाहा हुन्छ। इतिहासविहीन जीवनले पहिचानविहीन बनाउँछ र जातीय पहिचानका मूलभुत बुँदाहरूमध्ये इतिहास पनि एउटा मूल माध्यम मुख्यरूप भएकोले इतिहासविहीन जीवन अपूर्ण हुन्छ। जीवनको पूर्णताको लागि इतिहास जान्नु अनिवार्य छ। इतिहासबिना भूत, वर्तमान र भविष्य तीनैकाल शून्य हुन्छ।

५. धर्म - साम्यो

जस्तो कर्म उस्तै धर्म, जस्तो धर्म उस्तै कर्म। आफ्नो आत्मा

मान्नेलाई अध्यात्म भनिन्छ। अध्यात्मबाट परमात्मा मिल्छ। यसको पालनको लागि कुशल धारणाको आवश्यक पर्दछ। यही सुकर्म, सुधर्म, सत्य, अहिंसा, दया र शान्तिको मूल सारतत्व हो धर्म। धर्म धारण गर्नुपर्दछ। धर्म नै मूल हो। धर्ममा सारा सृष्टि सारा ब्रम्हाण्ड अडेको छ। धर्म सत्य हो। सत्य नै धर्म हो। किरात धर्म किराती पहिचान हो, र यही किरात धारणाबाट धर्मको उन्नति प्रगति र विश्वको परोपकार गर्नु पर्दछ। धर्म मूल हो। मूलबाट हाँगाबिंगा चढ्छन्।

मानव जीवनका पहिचान दिने आधारभूत तत्व मुख्यतया यिनै पाँच प्रकारको विषय हुन्। यसलाई भाषा, लिपि, संस्कार, इतिहास र धर्मको पुनः उत्थान गर्ने ५ भागमा विभक्त गर्न सकिन्छ।

१. कर्मकाण्ड संस्कारगत मुन्धुमहरूको परिमार्जन र पालना।
२. प्रमुख तीर्थभूमि, जन्मभूमि, मूक्तिभूमि, ज्ञानभूमि, पुण्यभूमिको निर्माण।
३. सम्पूर्ण मुन्धुमहरू किरात लिपि र मुन्धुमी भाषामा प्रतिपादन एवं संग्रह।
४. थुमथुम मौजा–मौजा, ठाउँ–ठाउँमा माङहिमहरूको स्थापना।
५. सत्रथुम दश लिम्बुवानको बृहद चुम्लुङ र १० बुँदे सत्यधर्म मुचुल्का लेखन।

१. कर्मकाण्ड संस्कारहरू परिमार्जन र पालना

जीवनमा मूलतः ३ कर्महरू अनिवार्यरूपमा रहेका छन्,

क) **जन्ममा गरिने न्वारन :** याङदाङ फोङमा मुन्धुम।

ख) **यौवनमा विवाह :** विवाह गर्दा लगन गर्ने विधि विधान ᱩᱦᱩᱱᱚᱨᱚᱞᱤᱫᱤᱨᱤ ॥

ग) **मरणमा मृत्यु संस्कार :** मृत्युपछि गरिने संस्कार अन्त्येष्टि

ᱱᱤᱪᱮᱞ ᱱᱤᱪᱮ ᱵᱩᱫᱩᱵ ᱱᱩᱫᱩᱱᱤᱪᱮ ᱵᱩᱫᱩᱭ ॥

यी मूलभूत कर्म संस्कारबाहेक अन्य इष्टदेव सेवा गर्ने माङगेन्ना (शीर उठाउने) गालीश्राप बगाउने, यज्ञसेवा, स्वस्ती शान्ति, ग्रहजाप, युमा, थेबा, इष्टदेवलगायत सम्पूर्ण देवी देवताहरूको सेवागर्ने प्रकिया र पूज्ने विधि विधानहरूको तारतम्य मिलाउने सुमार्गको ढोका उघार्नु भएको निम्न दफा दफावारका किरात साम्जीक मुन्धुमहरू प्रतिपादन गर्नुभयो।

किरात साम्जीक मुन्धुमहरू

१. थेबासाम माङसेवा चोक्मा साम्जीक मुन्धुम,
   क) मिसेकमाङ सेवा चोक्मा मुन्धुम,
२. युमासाम माङसेवा चोक्मा साम्जीक मुन्धुम,
   क) केसाङ आम्भामाङ सेवा चोक्मा मुन्धुम,
३. खवालुङ थाक्फुमाङ माङसेवा चोक्मा साम्जीक मुन्धुम,
   क) सम्मेत्ना माङसेवा चोक्मा मुन्धुम,
   ख) खवालुङ हेना मेप्मा मुन्धुम,
४. कुसाङसेमा माङसेवा चोक्मा साम्जीक मुन्धुम,
५. साक्मुरा वादेम्मा माङसेवा चोक्मा साम्जीक मुन्धुम,
६. साप्पोक चोमेन चोक्मा साम्जीक मुन्धुम,
७. अङेक्वा याङदाङ फोङमा माङसेवा चोक्मा साम्जीक मुन्धुम,
८. तेन्दाङगेन मेत्खिम मेत्काम्काम्मा साम्जीक मुन्धुम,
   क) मेत्खिम माङलाम नाक्मा साम्जीक मुन्धुम,
   ख) मेत्खिम माङगेन्ना फोङमा साम्जीक मुन्धुम,
९. सिःमा माःमाल्ये साम्सामा साम्जीक मुन्धुम,
   क) फजे चोक्माओ च्वाः तेम्मा मुन्धुम,

ख) युम निङगे नाक्मा मुन्धुम,

ग) चेलुम्फेओ खाम इङमा मुन्धुम,

घ) काम्भुन्सिंलोमा मुन्धुम,

ङ) चेःसाम मुन्धुम,

च) मिक्वा साङमा मुन्धुम,

छ) मुइखेङमा मुन्धुम,

१०. खाप्पुनामा मरङनामा सेवा चोक्मा साम्जीक मुन्धुम,

११. मुजोत्लुङ खेजोत्लुङ माङसेवा चोक्मा साम्जीक मुन्धुम,

१२. माङगेन्ना माङसेवा चोक्मा साम्जीक मुन्धुम,

१३. आदुकिल्ले माङ साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

१४. मिधुङ मिराक फोङमा साम्जीक मुन्धुम,

१५. च्वात तेम्मा साम्जीक मुन्धुम,

१६. निस्से सेक्खामाङ साम्जीक मुन्धुम,

क) सावायेत्कोक्माहा उःमासी मुन्धुम,

ख) निस्सेमाङओ च्वात तेम्मा मुन्धुम,

ग) निस्से सेक्खामाङओ सेवा तोम्मा मुन्धुम,

घ) च्येत्थ्यासम्धाङ सावायेत्कोक्मामाङ सेवा तोम्मा मुन्धुम,

१७. थुङथाङबा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

१८. सिङलावा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

१९. खवात्लुङमा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

२०. फाक्मुरा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

२१. पयङलुङमा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

२२. पुङसाम साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

२३. सायामुदेन साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

२४. फानागा साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,
२५. तुङदुङगे साम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,
२६. अक्वामा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
२७. मिफ्रामा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
२८. चमतिमा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
२९. कुदाप्मा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
३०. पाङग्रीमा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
३१. पुङमिमा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
३२. सिरीङमा च्याङमा सेवा चोक्मा साम्जीक मुन्धुम,
३३. चेसोक सेवा चोक्मा साम्जीक मुन्धुम,
३४. याक्वा सेवा चोक्मा साम्जीक मुन्धुम,
३५. तेनेबा सेवा चोक्मा साम्जीक मुन्धुम,
३६. सेसेमाङ सेवा चोक्मा साम्जीक मुन्धुम,
३७. खन्जमा सेवा चोक्मा साम्जीक मुन्धुम,
३८. युन्छोतान्छो सेवा चोक्मा साम्जीक मुन्धुम,
३९. माङ मुन्धुक्मा साम्जीक मुन्धुम,
क) इम्माल्ले मुन्धुक्मा मुन्धुम,
ख) पोक्माल्ले मुन्धुक्मा मुन्धुम,
ग) वारूम्सिङमाल्ले मुन्धुक्मा मुन्धुम,
घ) पाहारा चोक्मा तगी मुन्धुक्मा मुन्धुम,
ङ) पोगू चाः चामेल्ले मुन्धुक्मा मुन्धुम,
च) पाहारा सुप्माआङ वासिसिङमा मुन्धुक्मा मुन्धुम,
छ) माङखाप्पु वाप्मा मुन्धुक्मा मुन्धुम,
४०. माङचिगक्वा मुन्धुक्मा साम्जीक मुन्धुम,

क) लाइङमुक मुन्धुक्मा मुन्धुम,

ख) माङकेमुक मुन्धुक्मा मुन्धुम,

ग) किङनामुक मुन्धुक्मा मुन्धुम,

घ) तुङगेमुक मुन्धुक्मा मुन्धुम,

ङ) खेङखेङमुक मुन्धुक्मा मुन्धुम,

च) केमुक मुन्धुक्मा मुन्धुम,

छ) लभितमुक मुन्धुक्मा मुन्धुम,

ज) सुम्चुलीमुक मुन्धुक्मा मुन्धुम,

झ) छ्रेङमुक मुन्धुक्मा मुन्धुम,

ञ) माङसुक्वामुक मुन्धुक्मा मुन्धुम,

ट) फुङपित्मीमुक मुन्धुक्मा मुन्धुम,

ठ) चुल्लीफियामुक मुन्धुक्मा मुन्धुम,

ड) फेयाथुप्पेमुक मुन्धुक्मा मुन्धुम,

४१. माङनिसा सेवा चोक्मा साम्जीक मुन्धुम,

क) माङनिसाओ युमामाङ सेवा चोक्मा साम्जीक मुन्धुम,

ख) माङनिसाओ थेबामाङ सेवा चोक्मा साम्जीक मुन्धुम,

ग) माङनिसाओ हिम्माङ सेवा चोक्मा साम्जीक मुन्धुम,

४२. अक्वामा हेना मेप्मा साम्जीक मुन्धुम,

४३. सभा साम्माङ थेप्मा साप्मारे सेवा चोक्मा साम्जीक मुन्धुम,

४४. वे? वे? साम्जीक मुन्धुमहाः कःयो मेबत।

क) तगी साङसेसे चोक्सिङमा मुन्धुम,

ख) साप्योक सेवा मुन्धुम,

ग) तगीप सेवा मुन्धुम,

घ) माङलाक फोङमा मुन्धुम,

ङ) सेवा चोक्मा कुबेथिम मुन्धुम,
छ) चोक्फूङमाङ मुन्धुम,
ज) थुङवामा इक्वा काक्मा मुन्धुम,
झ) खाम्बेक्मा कुयामसेमा मुन्धुम,
ञ) लिसिबिसाङ साम्जीकओ सेवा तोम्मा मुन्धुम,
ट) सावायेत्कोक्मा माङओ सेवा तोम्मा मुन्धुम,
ठ) कन वामाङ हुप्लो मुन्धुम,
ड) मिधुङमिराकमाङ मुन्धुक्मा मुन्धुम,
ढ) मिधुङमिराक फोङमा मुन्धुम,
ण) मिधुङमिराकले कुयाम सेमा मुन्धुम,
त) हान्सोकओःमा मिधुङ मिराक मुन्धुम,
थ) सोमाङ केमाङ साम्जीक मुन्धुम,
द) केरेकमाङहा चाःबिमसी मुन्धुम,
ध) माङवा हाङवा नाक्मा मुन्धुम,
न) तुङदुङगेमाङ थेप्मा मुन्धुम,
प) हाङसाम युमा हेनामेप्मा मुन्धुम,
फ) हाङसाम थेबा हेनामेप्मा मुन्धुम,
ब) हाङसाम सोसाम हेनामेप्मा मुन्धुम,
भ) सबामाङ साःप्मा मुन्धुम,
म) सबामाङ थेप्मा मुन्धुम,
य) इक्साखाम्बेक मामाङओ सेवा तोम्मा मुन्धुम,
र) तरक ताङसाङ मामाङओ सेवा तोम्मा मुन्धुम,
ल) केरेक माङओ सेवा तोम्मा मुन्धुम,
व) थिक्किकप्पाङ येच्छी केओप्पा तोम्मा मुन्धुम,

श) सेवा चोक्माल्ये खाजोङ नुः चइत हा,

ष) खिम्बुङनारा (चेमानारा) सेवाचोक्मा मुन्धुम,

४५. मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन माङसिवाखाहुन मुन्धुम,

४६. अङसीमाङ आत्मानन्द लिङ्देन माङसिवाखाहुन मुन्धुम,

उल्लिखित साम्जीक मुन्धुमहरूमध्ये सबैभन्दा मूलरूपमा भने निम्न ८ भागमा लेखिएका मुन्धुमहरू मुख्य मानिन्छन्।

मूल र विधामा साम्जीक मुन्धुम

१. कुसाङसेमा मुन्धुम : पूजापाठ, ब्रत, सेवा।

२. ताम्भुङ तेत्ला मुन्धुम : वन, जंगल, डाँडाकाँडा देवी देउराली।

३. साक्मुरा वादेम्मा मुन्धुम : गालीश्राप बगाउने र मानव वंश।

४. साप्पोक चोमेन : भुँडीपूजा, कोखपूजा मुन्धुम।

५. थेबा युमा चेःसोक सेवा : इष्टदेव आराधना अर्चना।

६. तेन्धाम मेत्खिम मुन्धुम : लगन विधि।

७. सामसामा मुन्धुम : मृतात्मा तारन्तार मुक्ति।

८. खाप्पुनामा मरङनामा मुन्धुम : संस्कार संस्कृतिको इतिवृति।

३. सम्पूर्ण मुन्धुमहरू किरात लिपि र मुन्धुमी भाषामा प्रतिपादन एवं संग्रह

सावायेत्हाङसा किरातहरूको कुनै साम्जीक मुन्धुमहरू लिपिवद्ध वा लिखित थिएन। मुखकै सखेराले सम्पूर्ण कामकाज कर्मकाण्ड र कार्य व्यवहार चल्दै आएको जंगलीपन असभ्य संस्कार संस्कृतिलाई हराउन लागेका सहस्रौ मुन्धुमहरू गाथा, कथा र लोककथाहरू, भविष्यवाणी, माङइङघङ, माङसेवा चोक्मा, जन्म, विवाह र मरणका संस्कारगत कार्यहरू संकलन, सम्पादन, पुनर्निर्माण पुनर्स्थापना, पुनर्लेखन, पुनसिर्जना, पुनर्सकलन, पुनर्सग्रह

गर्ने महान इश्वरीय काम पोरोक्मी यम्फामीमाङको खाजोङ गर्नु भई भगवानको काम फाल्गुनन्दले गर्नुभयो। जसलाई धर्मको प्रवर्द्धन गर्नु भएको बुझ्नु पर्दछ।

यस संग्रहलाई पाँच भागमा बाँड्न सकिन्छ :

१. कर्मकाण्ड

कर्मकाण्ड जीवनमा गरिने सबै खाले, सबै प्रकारका कर्मकाण्डहरू, संस्कारहरू विधि र विधानहरू प्रविधि आदिको व्यवस्थापन गर्न सम्पादन, संकलन गरी सम्पूर्ण किरात संस्कार संस्कृतिको अनुसन्धान गरी सुसभ्य, सुसंस्कृतिको संकलन लेखन गरी एकाएक विधागत प्रतिपादन आफ्नै मुन्धुमी भाषा र किरात लिपिमा लिपिवद्ध छन्। जुन माथि विधा विधाको १ नं. सूचीमा नामाङ्कित मुन्धुमहरू हुन्।

२. ज्ञानकाण्ड

ज्ञानकाण्ड स्वयंमा महादर्शन महाविद्या हो। ज्ञान दर्शन अज्ञेय अजेय, अमर, अजर, शाश्वतरूपमा सर्वकालीन, सर्वयुगीन, सर्वव्यापी, सर्वाधिक सर्वोच्च, सर्वोपरीरूपमा सदैव अटल रहिरहने ज्ञान सत्ता हो। यस विधाअन्तर्गत प्राचीन सशी मुन्धुम, साम्जीक मुन्धुम, साम्यो मुन्धुम, थकसाप मुन्धुम, पेसाप मुन्धुमहरू संकलित छन्। यही ज्ञान जीवन दर्शन नै (१) भौतिक दर्शन, (२) आध्यात्मिक दर्शन र (३) राजनैतिक दर्शन बनेका छन्। यसमा ध्यान, ज्ञान, दान र भगवानको उल्लेख्य दर्शन राजविद्या र देवविद्याका मार्गहरू समाहित छन्।

३. माङइङघङ (भविष्यवाणी)

भूत, वर्तमान र भविष्य तीनै काल, तीनै समयको असंख्य भविष्यवाणी माङइङघङहरू जीवन मार्ग, भौतिक मार्ग र विश्व ब्रम्हाण्डको मार्ग भएर अनमोल अखण्ड, महाविद्याका ईश्वरीय

माङवाणीहरू दिएर मार्ग प्रसस्ती गर्नु भएको संग्रहित छ।

४. उपदेश (सिवाखाहुन)

धर्मभक्तगण एवं मानवमात्रको जीवनलाई सार्थक जीवनमय वरणको लागि पर्याप्त मात्रामा आचारसंहिता, जीवन चरित्र अर्थात् सर्वमूलम् चरित्रं भने झै आहार, विहार, विचार र व्यवहारगत जीवनशैली जीउने, शिक्षादीक्षा, जपतप, ध्यानज्ञान, दान भगवान आदिका महत्वपूर्ण उपदेशहरू दफावार, पृथक-पृथक, विधा-विधा, समय-समय, बेला-बेला र ठाउँ-ठाउँमा दिनुभएको महावाणी, महाउपदेशहरू संग्रहित छन्।

५. लिपिवद्ध

उपरोक्त सम्पूर्ण ज्ञानगुण, कर्मसंस्कार, कथाहोस् वा लोककथा, चाहे गाथा होस् वा ज्ञानकाण्ड र कर्मकाण्डका सम्पूर्णका सम्पूर्ण, साराका-सारा, सबका-सब किरात लिपि (सिरीजङगा) माङशकशक शकसे लिपिमा हु-बहु लिपिवद्ध गर्ने महाविद्या, महाशास्त्र, महाज्ञानका साम्जीक मुन्धुमहरू हस्तलिखित पहाडे कागज काँचो ताउमा लिपि दिनु भएकोले युग युगसम्म पाण्डुलिपि जीवन्त रहन सक्ने महत्वपूर्ण काम किरात लिपिबाट अक्षरबद्ध गराउनु भयो। यस लिपिले माङशकशक अर्थात् ईश्वरको लिपि येहाङ लिपि र सिरीजङगा लिपि भनि प्रामाणित गर्दै लिपि शिलालेख पनि पत्ता लगाई दिनुभयो।

६. थुमथुम, मौजा मौजामा सार्वजनिक माङहिम

खेतीपाती गरे झैं परिश्रम र मिहनेतबाट भक्तजन श्रद्धालु चेलाभूला र गाउँ समाजको लागि नित्य सेवा गर्ने, सिद्धिशक्तिका पीठको रूपमा थुम-थुम, मौजा-मौजा गाउँ गाउँमा माङहिम माङहिमहरू स्थापना गरी दैनिक पाठपूजा गर्ने माङसेवासाबा पूजारी नियुक्ति गराई, विश्वशान्ति, मानव शान्ति सावायेत्हाङको

नाममा बिहान, दिउँसो, बेलुकी तीनै काल तीन समय, प्रातः काल (१) तान्छोगेन साकनाम तारेल्ये मेवानाम्बिन सेवा, (२) सञ्जय - युन्छोदिङ खमाङ लरेल्ये मेवा नाम्धा सेवा, निरन्तररूपमा अटुटभक्ति दर्शाउने मानव मात्र नभएर विश्वभरिका जीव सकल प्राणी पशुपक्षी कीट पतङ्ग जयरक्षाको लागि धुप, बात्ती, यज्ञसेवा, शंख, घण्टा, डमरू र, सितार घन्काएर नियमित सेवा गराउने स्थायी परम्परा बसाली दिनाले लिम्बुवान भूमिमा सम्पूर्ण किरात जनजातिहरूकै सामाजिक संस्कारमा आमूल परिवर्तन आउँदा मठ, माङहिम, सार्वजनिक माङहिम नदेखेका गाउँ घरका समाज, व्यक्ति र श्रद्धालु भक्तजनहरूको संसारिक जीवनमा, भौतिक धरातलमा व्यापक रूपान्तर भएको लठकवादी कार्यमा ज्ञानवादी छायाँ परेको महसुस हुनुले कायापलट स्वभाविकरूपमा आयो। यस महान् धार्मिक अभियान सामाजिक रूपान्तरले, न्वारान, विवाह, मरणका कर्मकाण्ड संस्कारहरूको सुधार, वलिपूजा त्याग, सात्विक आहारा सेवन, मद, मंस, धूमपान निषेध, जीवहत्या, हिंसा, परित्याग गर्दै एउटा सुसभ्य सुसंस्कृत सुकर्म व्यवहारको नौलो कर्मले नौलो बिहानी ल्याइदियो, जसरी सूर्योदयको बिहानी बेलाले दिउँसोभर उज्यालो पार्दछ भन्ने बुझाइ झैं अब किरात धर्मावलम्बीहरूको माझमा पनि सुदिन, सुमार्ग, सुभक्ति, सुसन्देशको ईश्वरीय प्रभातकालीन मिरमिरे सूर्यकिरण छाएको अनुभूतिले स्वर्गलोक परिकल्पनाको सुरूवात भयो। ती ठाउँहरू निम्नानुसार छन् :

१. पान्थर थुम - लोब्रेकुटि नाम्भून्यक - वि. सं. १९८६, आठजिल्ला माङहिम।

२. पाँचथुम - लोब्रेकुटीमा माङहिम - वि. सं. १९८८ सत्रथुम माङहिम।

३. पान्थर थुम सिलौटी कुटीमा माङहिम - वि. सं. १९९५।

४. ताप्लेजुङ काबेली दोभानमा माङहिम - वि. सं. १९९२।

५. आठराई चिलिङसे पोखरीमा माङहिम – वि. सं. १९९७।
६. चारखोला इलाम इभाङ गौरीगाउँमा माङहिम – वि. सं. १९८५।
७. चारखोला इलाम जीतपुर गढिथुम्कीमा माङहिम – वि. सं. १९९९।
८. भूटान लामीटार घुमाउने ब्लकमा युमा माङहिम – वि. सं. १९९४।

जम्मा ८ वटा मुख्य माङहिमहरू किरातेश्वरधामबाहेक धनकुटा चौबिस डाँडागाउँ ओडारमा माङहिम (१) कुम्भकर्ण घुन्सामा माङहिम, वि. सं. १९९९ (२) छत्थरमा माङहिम (३) लिम्बुवानभरका विभिन्न ठाउँ–गाउँमा सार्वजनिक साझा माङहिमहरू बनेर किरात याक्थुङ लाजेमा पनि सुन्दर बिहानीको शुरूवातको थालनी भयो भने विदेश भूटानसम्ममा पनि माङहिम निर्माण हुनुले शुरूमा जन्मन्दै अन्तर्राष्ट्रिय किरात धर्म बन्यो। यसरी यो भूलोकमा पहिलो पटक माङको भक्तिभाव गर्ने, आराधना, अर्चना र उपासना गर्ने पवित्र ठाउँहरू स्थापित भई प्रचार–प्रसार हुनुले विश्व धार्मिक वाङमयमा किरात धर्मको पुनरोत्थान पुनर्जन्म, पुनर्जागरण धर्म ज्योतिको सर्वप्रथम उदय भयो। र, इतिहासको अन्तरालमा मानव जातिको धार्मिक ऐतिहासिक पृष्ठभूमिमा प्रथम पैताला टेक्ने सुनौलो सुअवसर प्रारम्भ भयो। यसको दैनिक सञ्चालन, भूमि, गुठि, दान, अन्नदान, रूपैयाँ, पैसा, चरू, अछेता, धुपबात्तीको आर्थिक प्रबन्ध, सञ्चालन विधि विधान, आचारसंहितालगायत पाठपूजा गर्ने माङसेवा चोक्मा कुसाङसेमा मुन्धुमहरू, युन्छोन तान्छोन, सेवा र अन्य विभिन्न शक्ति सेवा, सिद्धिसेवा, ग्रहजप, ग्रहदान, जाप, ताप र न्वारान, विवाह, मृत्यु संस्कार सम्पूर्ण कर्मकाण्ड जान्ने विज्ञ पूजारीहरू माङसेवासाबा तालिम दिई नियुक्ति गरी निरन्तरता प्रदान गर्ने महत्वपूर्ण सामाजिक सुधारको अमरधाम प्राप्तिको कार्यगरी फाल्गुनन्द माङधक कुधक हुनु भई महायुगपुरूषले सर्वसिद्धि हुनुभयो।

५. सत्राथुम दश लिम्बुवान चुम्लुङ र १० बुँदे सत्यधर्म मुचुल्का लेखन

सावायेत्हाङसा किरातवंशीहरू सुधारको लागि कैयौं पटक मुहिगुम अङसीमाङहरू अवतरण भए। यसै पंक्तिका येहाङ, लेप्मुहाङ, माबोहाङ, कान्देनहाङ, सिरीजङगाहाङ र कैयौं ज्ञात अज्ञात युगपुरूषहरू आए, गए र किरात मुक्तिको शंखघोष गर्दै अनेक धर्मशास्त्र, शिक्षाशास्त्र मुन्धुमशास्त्रका धर्मोपदेशहरू पालना नगरी अल्मलिएका यी वर्गको सामाजिक, सांस्कृतिक, धार्मिक, सांस्कारिक चरित्र फाल्गुनन्दलाई थाहा थियो। सत्यधर्म मुचुल्कामा सहिछाप गराई, दियो, कलश, धुपबात्ती र ताम्रापत्र गर्दा मात्र सत्य, ठहर्ला कि भनेर भन्ने सोचेर वि. सं. १९८८ बैसाक २४ गते बुधबार पान्थरको लोब्रेकुटीमा १७ थुम १० लिम्बुवानका सम्पूर्ण सुब्बा, अमाली, कर्ता कारवारी ठूलाबडा, सानातिना र समस्त भक्तजनहरू भेला गराई १० बुँदे निर्णय गराउनु भएको उपस्थितिसहितको जस्ताको तस्तै विवरण माथि नै उल्लेख गरिएको छ। अज्ञानीलाई ज्ञान दिनु, अचेतलाई चेतना दिनु, अमुक्तिलाई मुक्ति दिनु स्वार्थी संसारमा पहिलो मानव सेवा हो। यस्तो महान् सेवा गर्ने उपादेयताका मुक्तिसूत्रहरू युगपुरूषहरूले देश काल, पात्र, परिस्थितिअनुरूप मिसन सदुपयोग गर्नुपर्ने उच्च बौद्धिकता, उच्च मानसिकता र उच्च आदर्शताले युगको वास्तविक प्रतिनिधित्व गर्ने काम ठूलठूला सन्त महात्मा युगपुरूषहरूको हुन्छ। यही मन्त्र फाल्गुनन्दले लागु गर्ने महान् कुटनैतिक विधिले सत्यधर्म मुचुल्का खडागरी १० बुँदे निर्णय पारित गराई सबैको हस्ताक्षर र ल्याप्चे सहिछाप गराई सत्य वाचाबन्धनको दीयो बाल्नुभयो। अन्ततः यही मुचुल्का नै कालान्तरमा किरात समाज सुधार दिवसको पवित्र दिन बन्न गयो। प्रत्येक बैसाक २४ गतेका दिन समाज सुधारको शंखघोषको पवित्र दिन हो।

मुहिगुम अङसीमाङको जातिप्रतिको योगदान, भाषा, धर्म र संस्कृतिप्रतिको देन, समाज र देशप्रतिको योगदान, अनुदान, श्रमदान, ज्ञानदान, महादान, दिनुभएको मिहेनत, परिश्रमलाई मूल्याङ्कन गरेर तिर्न नसक्नेगरी ऋण बोकाउनु भएकोले उहाँको सो सबै कामको एउटै शब्दले सम्बोधनगरी अर्थ खुल्ने वाक्य हो : मुक्तिदाता, मानवमात्रका महान् मुक्तिदाता मुहिगुम अङसीमाङलाई साम्याङवा लिङ्डे युप्पावा लिङ्डे थाकथाकुम लिङ्देनहाङमा फाल्गुनन्द निस्से सेक्खाहाङमा उक्तिले सम्बोधन गर्नुपर्ने देखिन्छ। उहाँको आफ्नो वाणी यस्तो छ।

इङगा साम्याङवा लिङ्डे युप्पावा लिङ्डे थाकथाकुम लिङ्देनहाङमा फाल्गुनन्द सिवाखाहुन ताङमाआरो म हिरा मोति सुन चाँदीको झै दर्शनदाता फाल्गुनन्द धर्मोपदेशदाता, मुक्तिदाता हुँ भन्ने सन्देशले पनि स्पष्ट बताउछ कि फाल्गुनन्दलाई मुक्तिदाता, ज्ञानदाता, चेतनदाता र दर्शनदाताको रूपमा स्वीकार्नु पर्दछ।

कन खाःजोङङिन कुसङमेन खाम्याङमेन कुवातमेन्लो। उन्छोन तागेरा निङवाभूमाङले साप्योक लिङयोक थक्साप पेसाप, साम्जीक मुन्धुमह्म निङवा केभेत्छुम्माङ एतुगेन याङमो इङगा तागेरा निङवाभूमाङङिल्ये पाङखाङबारो भन्ने उक्तिले यहाँ जति पनि नाम्बाचा लाबाचा, साम्यो बाचा सशीमुन्धुम हाः नौलो होइन है। हिजै सृष्टिकालीन परमात्मा परमेश्वर तागेरा निङवाभूमाङले दिएको मुन्धुम, ज्ञान, दर्शनहरू बिर्सेर हराएकोले म आएको हुँ।

साप्योक साप्तुङ, लिङयोक लिङघुङधाङलो यहाँ पुर्वलेखन पुनर्सरक्षण, पुनर्सृष्टि गरिदिएको छु है भन्ने तथ्यले मुहिगुम अङसीमाङले परिवर्तनमा ल्याउनु भएको धार्मिक प्रवर्द्धन र प्रवर्तन नयाँ नीति, नौलो धर्म, नवीन कर्मकाण्ड नभएर हिजोको प्राचीन किरात धर्म दर्शनको मूलसार मूख्यरूप, गुण र आधारबाट प्रेरित छ, सूत्रहरू सूत्रसम्मत छन् भन्ने तथ्यबोध हुन्छ।

माथि संकलित तथ्य सत्यहरूको खोज अनुसन्धान गर्दा मुहिगुम अङसीमाङ फाल्गुनन्दको विशिष्टता वैशिष्ट्यता मूलभूतरूपमा निम्न ५ भागमा विशेषगरी, विभक्तगरी उहाँको अमर योगदानको कदर गर्दै निम्न पाँच भागमा पञ्चशील बर्गीकरण गर्न सकिन्छ :

१. भाषा, लिपि, साहित्य मुन्धुमको विकास विस्तार
२. संस्कार संस्कृति, धर्म र आध्यात्मको चिन्तन
३. ग्रामीण, समाज, राष्ट्र औ देशको सुधार
४. जन्मभूमि, ज्ञानभूमि, कर्मभूमि र तीर्थभूमि दर्शनीय थलोको निर्माण
५. ध्यान, ज्ञान, जप, तप, सन्यास, ब्रम्हचर्य, ईश्वर प्राप्तिका मोक्ष मार्ग निर्माण।

धर्मोपदेशहरू (माङसिवाखाहुन)

१. सदासर्वदा सत्य, साँचो कर्म गर्नु, धर्म गर्नु, सदावहार सादा आहार, सादा विहार सदैव सत्यमा बस्नु, साँचो भन्दा ठूलो संसारमा अर्को छैन।
२. सकेसम्म ब्रम्हचर्य ब्रतमा रहनु, सन्यासयोग भन्दा संसारमा अर्को जन्म छैन। ब्रम्हचार्य ब्रतमा आजीवन रहनु ईश्वरीय वरदान हो।
३. धर्मशास्त्र, सशी मुन्धुम, साम्यो मुन्धुम, साम्जीक मुन्धुम ज्ञानबर्द्धक शास्त्रादिहरू अध्ययन, मनन, चिन्तन गर्नु।
४. राम्रो-नराम्रो, धर्म-पाप, साँचो-झुट्टो, खाने-नखाने, पिउने-नपिउने, गर्ने-नगर्ने, विवेक गरी छुट्याउनु।
५. जाँड, रक्सी, मासु, मंस, धूमपान निषेध गरी सदैव धार्मिक आचारसंहितामा रहनू।

६. बिहान, दिउँसो, बेलुकी, त्रिकाल समय पाठपूजा माङसेवा गर्नु, अहोरात्र दिनरात माङको स्मरण गरी रहनू।

७. ध्यान, ज्ञान, जप, तप, तपस्याभन्दा संसारमा अर्को ठूलो खेती छैन। असल परम खेती तपस्या गरी जीवनमा जिउँदै मुक्ति पाउने काम गर्नू।

८. हत्या, हिंसा, काम, क्रोध, लोभ, मोह, घमण्ड र अहंकारबाट टाढा रहनू।

९. दया, शान्ति, अहिंसा र सत्य, यी ४ मार्गपथमा सदासर्वदा अग्रसर हुनु।

१०. धर्मशास्त्र नपढ्दा पशुसरह भयौ। कालो-सेतो, सकरात्मक-नकरात्मक, दिन-रात, ज्ञान-अज्ञान, शिक्षा-दीक्षा, जप-तप, ध्यान-ज्ञान, धर्म-कर्म, खाने-नखाने, साँचो-झूटो, धर्म-पाप, छुट्याउनू।

११. अर्काको नक्कल गरेर आफ्नो सक्कली पहिचान हराउने भएकोले आफ्नो सतमार्ग, आफ्नो इतिहास, संस्कृति, संस्कार, भाषा, लिपि, धर्म, कर्ममा दृढ अडिग रही संस्कार, भाषा, लिपि, धर्म कर्ममा समेत दृढ अडिग रही बस्नू।

१२. आफूभन्दा सानोलाई माया गर, आफूभन्दा ठूलाबडाको आज्ञा पालना एवं कदर गर।

१३. माता, पिता, गुरुजनको सेवा भक्ति गर्नु, अतिथिको सेवा सत्कार गर्नू।

१४. आँखी, डाही निन्दा कुभावना, कुविचार, दुष्ट स्वभाव दरिद्र, कुदृष्टि नगर्नु।

१५. विश्व बन्धुत्व, प्रेम, माया, सद्भाव, सदविचार, सदाचारी सहयोगी, परोपकारी हुनु।

१६. ढाँट्नु, छल्नु, परस्त्रीगमन, लुटपिट, कुटपिट, अन्धविश्वास, घृणा निषेध।

१७. ज्ञान दिनेहरू, जन्मदिने माता, कर्मदिने पिताको नीति शास्त्र पालन गर्नु। अर्काको ज्यान हत्या नगर्नु, ज्यान मारेको पशु प्राणी, अर्को जन्ममा उसैले आफ्नो हत्या गर्छ। हत्यारा लाखौं वर्षमा पनि मनुष्य जुनिमा पुनर्जन्म हुँदैन। घोर नर्कमा यमराजले कालो अँध्यारो कोठामा राख्नेछन्।

१८. राजसेवा, देवसेवा गर्दा फलफूल, तुलफूलले मात्र सेवा गर्नु, रक्तबलि, मादक पदार्थले नगर्नु।

१९. देवी देवता, इष्टदेव युमासाम-थेबासाम, उधौली, उभौली, पूजाआजा गर्दा जीवहिंसा, हत्या निषेध गरी दूध कुण्ड, फलफूल, नैवेद्य, सिंदूर सुपाडी आदिले मात्र मुन्धुम पढी वाची सेवा गर्नु।

२०. मासु नखानु, सुँगुरको मासु खाए सुँगुरको बुद्धि, कुखुराको मासु खाए कुखुराकै बुद्धि मात्र पाउँछौ। पशु प्राणी भनेको निर्दोष प्राणीहरू हुन्। उनीहरू पनि ईश्वरकै सृष्टि ईश्वरकै सन्तान हुन्। मारेर खाने सन्तान होइनन्, मारी खानु महापाप हो।

२१. ईश्वरका सन्तान पशुप्राणीलाई काटी मारेर भोग बलि चढाई ईश्वरलाई दिई बरदान माग्नु मूर्खता हो।

२२. गरीब दीन दुःखी, निर्धो दरिद्र जनलाई हेला गर्नु हुँदैन, रक्षा एवं संरक्षण गर।

२३. धनको धनी पनि सम्पत्तिको रखबार गर्ने रक्षकमात्र हुन्। धन सम्पत्तिको गोठाला मात्र हो। हर्ताकर्ता लिनेदिने हर्ने मर्ने जे गर्ने त उनै माङ मात्र हुन्।

२४. ज्ञानभन्दा ठूलो महामित्र, रिसभन्दा ठूलो शत्रु, योगभन्दा अर्को बल संसारमा छैन। त्यसैले ज्ञान, बुद्धि र विवेक आफ्नो सम्पत्ति ठान्नु।

२५. मनुष्यको सबैभन्दा उत्तम वस्तु हो, विश्वास। विश्वास नै सुखको मूल श्रोत हो।

२६. उत्तममा महाउत्तम सत्य हो। सत्यभन्दा ठूलो धर्म संसारमा अर्को छैन।

२७. जुवा, तास, रण्डीवाज, अर्काको आँशु खाने, गरीबमारा, बलिपूजा हत्यागरि नर्ककुण्डमा जाने काम बन्द गर्नु।

२८. जुन मुलुकमा आफ्नो मान मर्यादा हुँदैन। गाँस, बास, कपास र शिक्षा दीक्षाको व्यवस्था र आफ्नो वंशज दाजूभाइको बसोवास नभएको ठाउँमा बस्नु व्यर्थ हुन्छ।

२९. छोरा र छोरी समान शिक्षा दीक्षा, अंशबण्डा हिस्सा चलअचल सम्पत्ति भागबण्डा गरी दिनु पर्दछ। छोरीको सोतरीत, सुनौली रूपौली खाने लिने प्रथा बिल्कुल बन्द गर्नु।

३०. भविष्यमा यो धर्म राजाले मान्न नदिए, तिरो शुल्क तिरेर भएपनि मान्न नछोड्नु है।

३१. चूला सोधे अचुक्त चोला भन्नु।
शाखा प्रश्न गरे अनन्त शाखा भन्नु।
वंश सोधे सूर्यवंशी भन्नु।
मुक्ति सोधेमा संयुक्त मुक्ति भन्नु।
काया प्रश्न गरे निर्मलकाया भन्नु।
खागी कि त्यागी सोधे खागी पनि त्यागी पनि दुबै हौं भन्नु।

३२. प्रत्येक गाउँघर ठाउँ–ठाउँमा माङहिम, पाठशाला बनाई माङसेवा र हाङसेवा, मातृभाषा र लिपि पढ्नु।

३३. हात, खुट्टाले अंकुश नलाउनु, मनले, वचनले, कर्मले नराम्रो नचिताउनु पाप हो।

३४. राम्रो खानु, राम्रो बोल्नु, राम्रो जान्नु नै शुद्ध मन, शुद्ध विचार, शुद्ध बोली र शुद्ध कर्म हो।

३५.हातले मारे पाप, खुट्टाले मारे पाप, धनुकाँडले हानीमारे पाप, गुलेलीले मारे पाप, खुकुरीले मारे पाप, पासोले पारे पाप, प्रतापले मारे पाप, साधनाले मारे पाप, रिसले मारे पाप यी पापकर्म हुन्।

३६.जाल, झेल, किर्ते, षड्यन्त्र, झुट्टा काम, दुःखै दुःख र पापै पाप काम नगर्नु।

३७.यी आठ मार्ग नछोड्नु, सदा ग्रहण गर्नु

क) ध्यान, ज्ञान, दान र भगवान।

ख) आहार, विहार, विचार र व्यवहार।

३८.एउटै उद्देश्य र लक्ष पूरा गर्न एउटै भाँडोमा खाना भान्सा खुवाएको छु। एकताबद्ध भएर हाङचोःलुङ माङचोःलुङ माङलुङधुङ हाङलुङधुङ केप्मा ढोका उघारेको छु। पुग्ने लिस्नु एकमात्र किरात एकता हो।

३९.मैले दिइराखेको सहस्र शास्त्र एवं हतियार सात चीज मात्र हुन् :

१. तिलको पानी, २. जौको पानी,

३. दूबोको पानी, ४. ढुङ्गाको पानी,

५. सुनको पानी, ६. चाँदीको पानी,

७. मुन्धुम शास्त्र।

४०.जीवन भनेको जन्मदेखि मरणसम्मको यात्रालाई जीवन भनिन्छ। यसभित्र तीन कर्म मात्र छ।

१. जन्ममा न्वारान,

२. यौवनमा विवाह,

३. मरणमा अन्त्येष्टि।

यी तीन कर्म गर्दा संस्कारगत केही पनि रक्तबलि भोग पूजा

नगरी विशुद्ध दीयो, कलस, फलफूल, नैवेध, अच्छेता पाती आदि पवित्र सामग्रीबाट मुन्धुम वाचाले कर्म गर्नु।

४१.केलाङ च्याब्रुङ ढोलबाजा किरात जातिहरूको शुभ बाजा हो। शुभ कार्यक्रम एवं विवाहमा मात्र बजाउनु नाच्नु पर्छ। सुँध्याई दुःखकर्म अन्त्येष्टिमा बजाउनु हुँदैन।

४२.मृत आत्मा सिसामलाई मासुको पिण्ड कहिल्यै नचढाउनु, बदलामा दूध कुण्ड, नैवेद्य, खीर, फलफूल इत्यादि।

४३.सदा सर्वदा आफ्नो स्वधर्ममा रहनु, खराब व्यक्तिसँग संगत नगर्नु, टाढा रहनु, कसैको विरोध नगर्नु, आफूलाई चित्त बुझेन, मन परेन भने चुप लागेर बस्नु।

४४.मुद्धा, मामला, झै झगडा, बाझोजुझो कहिल्यै नगर्नु, निर्विवादरूपमा रहनु।

४५.गाउँ घरका जग्गा जमीन, साँध सिमाना, तेरो-मेरो भई वादविवाद, झगडा-तगडा भएमा गाउँकै पञ्च भलादमीले मिलाई दिनु। घुस लिनेदिने भ्रष्टचारले जाली, शोषण, सामन्ती फटाहाहरूको प्रश्रय बढ्छ। न्याय, सुख शान्ति पाउँदैन।

४६.एउटा झुट्टो कुरोलाई सत्य बनाउनु पर्दा सयौं सत्यलाई झुट्टो बनाउनु पर्छ। एकदिन पानीको जन्तर पाखा निस्के झैं निस्किन्छ।

४७.दीन दुःखीहरूलाई खुवाउनु पिलाउनु दान गर्नु। आफैले दान गरेको मात्र पछि आफूले पाइन्छ। करले होइन, रहरले दान गर्नु, करले दान दिएको पुण्य मिल्दैन, उल्टै पाप मात्र थपिन्छ।

४८.माङहिम बनाएर मात्र हुँदैन। पाठशाला बनाएर छोराछोरीलाई समान शिक्षा दिनुपर्छ। बिनाशिक्षा एकता हुँदैन।

४९.ब्रम्हचर्य ब्रत बस्नेले गुरूको उपदेश मन्त्र लिई कुनै माङहिम

अखडामा रही एकल भजन कीर्तनमा रमाउनु। योगसाधना, गुफानन्द, अवाकसिद्ध साधन, जपतप, ध्यान, ज्ञान, तपस्यारत रहनु। मुन्धुम प्रचार गर्नु, स्त्रीको सम्मुख नपर्नु, घरायशी व्यवहार परित्याग गरि घरबारबाट अलग रहनु। धन्दा, व्यापार वर्जित गर्नु। जट्टा नकाट्नु। खटिया, पलङ या उच्च जग्गामा शयन नगर्नु। कालो कपडा कहिल्यै नपहिरनु, सफेद वा पिताम्बर बस्त्र मात्र पहिरनु। मदमंस धूमपान कदापि नगर्नु। देशविदेश पदयात्रा गरी रहनु। ४५-४८ वर्षको उमेरसम्म ब्रम्हचर्य ब्रतमा रही सन्यास योगमा रहनु। ६० वर्षदेखि गृहाश्रम त्यागी वन आश्रम लिनु। अनादि आत्मा, परमात्मा ज्योतिरूप पूर्ण परब्रज्म अविनाशीको ध्यान गर्नु। मुजोलुङ खेजोलुङ माङलिङमा, माङओप्मा, माङकेप्मा तागेरा निङवाभूमाङमा लीन हुने आजीवन तत्परतामा बस्नु। ब्रम्हचर्य ब्रत सन्यास योगभन्दा महान संसारमा अर्को छैन।

५०. यो धर्ती आकाश, चन्द्र सूर्य अग्नितत्वले प्रकाश दिलाउँछ। ओतकारदेखि परमतत्व ब्रम्हलीन हुने, ज्ञानी न रमाउँछ, न दुःखी, न सुखी नै हुन्छ। राजनीतिमा पनि ब्रम्हा नै छ।

५१. कुन कर्म पाप हो। कुन कर्म धर्म हो। कुन कर्मले नासिन्छ। कुन कर्मले मोलिन्छ। पाप र धर्म कहाँ तौलिने। कुन चीज पछिसम्म बाँच्ने, कुन चीज यहाँ छोड्ने र कुन वस्तु साथमा लाने हो? कुन कर्म गर्नाले अघोर नर्कमा परिन्छ, कुन कर्मले परम पद पाइन्छ, तिमीहरूलाई केही ज्ञान छैन। त्यसैले तिमीहरूको भाषा, लिपि, धर्म, संस्कृति, साहित्य, सभ्यता, सबै हराइसकेको छ। तिमीहरू किरात जाति हौ। किरात भाषा र धर्ममै आफ्नो अस्तित्वको खोजी गर।

५२. देवकर्म, धर्म त चन्द्रसूर्य रहुञ्जेलसम्म रहन्छ। राजर्षि कर्म त केही समयसम्मलाई मात्र हो। देवकर्मले देवसमान, राजकर्मले

राजसमान पाइन्छ। नीच कर्मले घृणित र पाप कर्मले सर्वनाश भइन्छ।

५३. भविष्यमा पृथ्वीतलमाथि तागेरा निङवाभूमाङले चक्र घुमाउँदा भूकम्प आउँछ। सुक्खा खडेरी लाग्ने, राजावासा राजपरिवारमा गडबडी हुने, देवग्रह-राजग्रह दिन दशा लागेर भै झगडा लडाँई हुनेछ। विध्वंशकारी युद्ध चर्केर रक्तरूपि भलपैह्रो चल्छ। डुबाउ हुन्छ। त्यतिबेला पृथ्वी माताको सेवा उपकार गरी स्वस्ती शान्ति गर्नु, मानव मात्रको रक्षार्थ सेवा गर।

५४. सिङजाङगो फूलजस्तो (सुनाखरी) पवित्र, सेकमुरी फूङ फूलजस्तो सुगन्धित, अम्लिसोको फूलजस्तो फुत्त छिचोले भै, धर्म-कर्म-मुन्धुम-शास्त्र-शिक्षा, राजविद्या-देवविद्या, ज्ञान-महाज्ञान हासिल गर्नु।

५५. विद्वान मानिस विदेशी भएपनि आफ्नो मित्र हुन्छ। घरकी श्रीमती जीवन संगिनी हुन्छिन्। बिमारीको साथी औषधी र मर्ने मानिसको साथी धर्म हुन्छ।

५६. सेन्चेई फक्तालुङ, मारूङफुक्कु, पारूङफुक्कु युमासाम युक्ना थेबासाम युक्ना, तागेरा निङवाभूमाङ फुक्कु युक्नाको नाहाङमा हाल्लासो पिचम्मा, माङ्गेन्ना चोःलुङ, सावायेत्हाङ मेन्छाम्मोन नाम्याप्मीसा चोःलुङ, हाङवा चोःलुङ, माङवा चोःलुङ, माङलुङधुङ हाङलुङधुङ, सावाला साम्बा, येबा येमा, फेजिकुम फेदाङमा, सबैको माङगेन्ना लुङधुङ चोःलुङ हो। जान सक्ने सालमा एकचोटी र नसक्नेले जीवनमा एकपटक अनिवार्य पुग्नु।

५७. मनुष्य जीवन अमूल्य जीवन हो। मानव जीवन अपरम्पार छ। यो जुनि हुन देवताहरू पनि मन पराउछन्। अघिल्लो जन्मको तपस्याले मान्छे भएर जन्म्यौ। अब पनि मनुष्य भएर जन्मने चेष्टा गर्नु।

५८. मसँग सिस्नु खाँदै भोकभोकै तलमाथि उकालो-ओरालो हिंड्दै

कति दुःख पाई घुमी-घुमी ज्ञान उपदेश दिन्छु, र पनि सुन्दैनौ, उल्टो रिसाउछौ। नभनौं भने तागेरा निङवाभूमाङ रिसाउने फेरि यो कुरा सुन्यो भने नेपालको राजा पनि रिसिने अनि मैले खै के गर्नु र?

५९. हिनी लक्कीन मिक्से थोक्ताआङ पत्लो, नाममानी-लामानी खीरिरीरी हिःर ताःर पत्लो। सिङसिङ येकयेक लरेम्मेओ, हेक्केल्येरक तेमकेयान्दुमलो हेन तेम्केन्यान्दुम्मीङग्र चार चार युग आठ आठ युग हिःता पेक्साङ आफाल्येआङ मेदानिन्लो।

६०. जाई नलाग्नु, आइलागे पाप हुन्न भन्ने उक्ति भैं जाई कटक नगर्नु झिकी कटक गर्नु।

६१. तान्दिल्ये कन साम्योइन खीःबे फोप्मा माकनारारे तेम्सुल्ले सेन्यान्देम्ये ओ? यो धर्म भविष्यमा प्रचार-प्रसार हुँदा विशाल छाहारी बन्छ। त्यसबेला यसलाई नकारात्मकताले अंल्मलाउन खोज्दा बचाउनु सक्नु है।

६२. कन इक्सा खाम्बेक लक्पेक्कीन पोङमादेन, तामादेन, हिङमादेन, पेक्मादेन सिमादेन्नलो। यो पृथ्वी जन्मने ठाउँ, हुर्कने ठाउँ, बढ्ने ठाउँ, बाँच्ने ठाउँ अनि जाने ठाउँ, प्राण त्याग गर्ने ठाउँ यही हो।

६३. मेन्छाम्गेन नाम्याप्मीसाःरे हिङमाल्ये हिङमा याम्बक, पोङमाल्ये पोङमा याम्बक, तामाल्ये तामा याम्बक, पेक्माल्ये पेक्मा याम्बक चोक्मारो। मनुष्य गणले जन्मदाको काम बढ्दाको काम, मर्दाको काम सबै कार्य गर्नुपर्दछ।

६४. हाङनिङवारे हाङ आगेत्, माङनिङवारे माङ आगेत्। योकनिङवारे योक आबोङ। लायोक निङवारे आमेक्लो। राजविद्या मनले राजर्षि होइन्छ। देवविद्या विचारले देवर्षि भइन्छ। नोकर विद्या बुद्धिले नोकरै भएर पाप कर्मले त झन नासिन्छ मासिन्छ।

मुहिगुम अङसीमाङ फाल्गुनन्दको साम्जीक मुन्धुम, माङवाणी र धर्मोपदेशहरू गहिरिएर अध्ययन गर्दा किरात धर्म दर्शन पुनर्रूत्थान गर्न महायोगी महातपस्वीको रूपमा आउनु भएको देखिन्छ। मानव मूल्य, मान्यता र अस्तित्वसँग जोडिएका नैसर्गिक तत्व, मानवीय अस्मिताहरू, सशी मुन्धुम प्रतिपादन गर्नु भएको एकाएक धर्मशास्त्रले ज्ञानदाता, चेतनदाता, मुक्तिदाता र समग्रमा भन्नुपर्दा दर्शनदाताको रूपमा महान् दार्शनिक मुहिगुम अङसीमाङ हुन भन्न सकिन्छ। विश्वको पूर्वीय दर्शनलाई नियालेर हेर्दा फाल्गुनन्द दर्शन उतरी दर्शन वा किरात धर्म दर्शन भनि थप आयाम दिनुपर्ने हुन्छ। यस दर्शनले के शिक्षा दिएको छ भने प्रकृतिपूजक किरात धर्मावलम्बी विश्व मानवतावादी समान दृष्टिकोण, समान हक, अधिकार र व्यवहार भएको, जात, जाति, प्रजाति, उपजाति वर्णभेद, वर्गभेदजस्ता केही विभेद नभएको, जातीय लैङ्गिक, छुवाछुत, स्त्री, पुरूष, ठूलो, सानो, धनी, गरीब, लाटो, बाठो तेरो, मेरो नभई सबै हाम्रो हो भन्ने साझा भावनाले ओतप्रोत भई साझा सवाल, साझा प्रश्न, साझा धन, जन, सम्पत्तिजस्ता साझेदारी सहकार्य, सहकारिता सिद्धान्तको आधारमा गाउँ, जिल्ला, राष्ट्र, समाज, देश सञ्चालनमा समानताको दर्शन, समान हक, हित, अधिकार, मूल्य, मान्यता बोकेको विहङ्गम दृष्टिकोण, व्यापक विचार, महान् मानवतावादी प्रकृतिपूर्णले स्वायत्तता, स्वतन्त्रता, मौलिकता बढी वैज्ञानिक र व्यवहारिक भएकोले फाल्गुनन्दका विचार, विवेक र उपदेशमूलक ज्ञानहरू सर्वव्यापी, सर्वयुगिन, सर्वकालीन, सर्वोपरी ठहरिन्छ। उदाहरणको लागि मानव जातिमा केवल दुई जात मात्र ठान्दछ।

१. फेम्बो साः – धोती पहिरिने पुरूष।

२. सिम्बोसाः – साडी लगाउने महिला।

यी दुई स्त्री र दुई पुरूष दुई जात मात्र भएकोले वैवाहिक

कर्ममा जुनसुकै जातकी ल्याए पनि चूलाबाट हटक गर्न नपाइने जातीय छुवाछुतजस्ता कुप्रथा, यस धर्म र मार्गमा छँदैछैन। मेन्निमामाङ मेन्धामामाङ निस्से सेक्खामाङ कुनोमाङ, आनोमाङ तागेरा निङवाभूमाङ मान्ने दर्शनशून्य एउटा सुनसान सूक्ष्मातिसूक्ष्म जिरो बिन्दुबाट उत्पति हुने शून्यको उद्‌गम थलो मान्ने र शून्यबाट सृष्टि भई सारा चराचर जगत, ब्रम्हाण्ड वायुमण्डल, पञ्चतत्व, पञ्च महाभूत सिर्जना भएको र कालान्तरमा पुनः शून्यमै बिलिन हुने वर्णनले निश्चितरूपमा वैज्ञानिक सिद्धान्तको परिभाषासँग मिल्दोजुल्दो देखिएकोले पनि मुहिगुम अङसीमाङ फाल्गुनन्दद्वारा पुर्नत्थान गर्नु भएको किरात धर्म दर्शन एउटा अलौकिक लौकिकमय शक्तिलाई समेटेर आत्मा, अनात्मा र परमात्मा यो त्रिगुणात्मक आत्मावादीय दर्शनको मूल संगालो मुख्य सम्वाहकको रूपमा स्पष्ट मुन्धुम बोल्दछ। मुहिगुम अङसीमाङको मूल साहारा मुन्धुम हो। र मुन्धुम दर्शनभन्दा पनि सुहाउँछ भने अर्कोतिर मुन्धुमवाद भनेर अर्को गहना थपेमा अत्युक्ति हुनेछैन। र, मुहिगुम अङसीमाङ फाल्गुनन्दका मुन्धुमका अनुसार मूल प्रकृतिपूजक एउटै ईश्वर तागेरा निङवाभूमाङ मान्ने तर एउटै तागेराको छाताभित्र अनेक देवी देवता, भूत, स्याहा, सिःया, येप्या मान्ने अर्थात धेरै देवी-देवता मान्ने आध्यात्मवादी दर्शनअनुरूप मुन्धुम दर्शनमा उल्लेख रहेको पाइन्छ। यसरी फाल्गुनन्द सत्यहाङमाले मुन्धुम दर्शनमा अवतरण हुनुभएका येहाङदेखि सिरीजंगासम्मका अग्रज युगपुरूषहरूको सशीमुन्धुम तिमीहरूले बिर्सेकोले म पुनः अवतरित भएर पुनर्निर्माण पुनर्उत्थान गरेको छु भन्ने वाक्यांशले प्रमाणित गर्दछ।

फाल्गुनन्द ए मिगिसेन्नो खेने केबाप्पा मेन्लो इङगा तागेरा निङवाभूमाङ पात्ताबारो। कन साम्यो खिबेरे इङघङङिन क्येजेक्खु केबात्तुल्ये मेङखेप्सुन्छाङ इङघङ चोक्मानु सेवा चोक्मा मेलेरेन्नो। तान्दिल्ये मनाहारे थकथक यामयाम सिक्कुम्दीङनिङवा सिगाङ

नाम्धुङ–नाम्लाक, लाधुङ–लाराक, मिधुङ–मिराक हेक्के तित्ल पोक्लः थाङडाङ कन लाम्मीन मेदिक्तुरो।

तपस्वी फाल्गुनन्द आफ्नो दार्शनिक भाषामा यसरी भन्नुहुन्छ, परमेश्वरको सन्देशलाई उधृत गर्दै फाल्गुनन्द तिमी नडराउ, तिमी बोलेको होइन म परमेश्वर तागेरा निङवाभूमाङ बोलेको हुँ। यो धर्मको प्रचार गर्दा अहिले नसुने पनि प्रचार गर्नु र सेवा गर्नु नछोडनु है। भविष्यमा मानिसहरूको शरीर–शरीर, मन–मन, बुद्धि–बुद्धि, भित्र अग्नी ज्वाला बिष्फोट भए झैं ज्योति बलेर आउँछ है।

वर्तमानमा यो संसार अँध्यारो बादलले मडारेर बेरिएको जस्तो देखिन्छ। अनेकौं आणविक बमहरूले विश्व ढाकी सक्दैछ। आफ्नो काल आफैंले बनाएको हो। गोलाबारी बमले क्रान्ति खोज्छ। क्रान्तिले आफ्नै काल रोज्छ। मुन्धुम वंशीहरू चाहिं शान्त रहनु। माङसेवा–हाङसेवा गर्नु, युमा–थेःबाको सेवा तागेरा निङवाभूमाङको सेवा गर्न नछोड्नु। तिमीहरूले लडाई गर्नु पर्दैन। डारामुक्मा आफेक पोक्काङ थकः हेक्केल्ये सिन्युक मुदेन लामा, तेमेनवरङ ओभ्मा, लामा, साक्ची कुरूम्हेःयो अङसी, बैदाङ, फेदाङमा पण्डित, अंग्रेजी पादरी साहेब केरेक्ले शान्ति मेजोगुल्येसाङ शान्ति मेबोङडीन, माङनारा मेसेनेन, हेकेल्येः लु... लु... लु... कन्हारे शान्ति मेजोगु। खेम्बेला हिनी सावायेत्हाङहाः केमगोती। हिनीरक याम्नारा सेसे केजोगुम्मील्येः आनाराः सेः से पोङथाङलो खिनिरक शान्ति चोक्मा केसुक्तुम्लो। हेक्केआङलक् चार राजावासाहरूले खोज्नेछन्। सिर्तोक किम्बीरी क्येःबसे हेक्याङलक साम्याङवा च्येःथ्या, युप्पावाः च्येःथ्याओ तक्फूः केजाःबा चोक्निङलो।

विश्व विध्वंश हुने दिन आउँदैछ। तिमीहरू लड्नु पर्दैन। पञ्च महाभूत पञ्चतत्व आफै उठेर लडिदिन्छ, र लड्दा लड्दा सघर्षै संघर्ष भई संसार धुजा–धुजा भइरहेको बेला ओभ्मा, लामा,

पण्डित, बैदाङ, पादरी, ठूल्ठूला महात्मा विद्वानहरूले विश्व शान्ति गर्न लाउँदा पनि शान्ति हुन नसकेपछि तिमीहरू किरात पुत्र-पुत्रीहरूलाई खोजेर शान्ति गर्दा मात्र शान्ति गर्न सक्छौ। अनि मात्र चार राजाबासाहरूले सिर्तोक दिन्छन्। मूर्ख हो, त्यसपछि मात्र सुन चाँदीको थालमा खाना खुवाउने बनाउँछु भन्ने वाणीले के बोध गराउँछ भने विश्व धर्म वाङमयमा विश्व शान्तिको कामना गरिरहेका संसारका ठूल्ठूला शक्तिशाली धर्म दर्शनहरूले शान्तित्व अनुभूति गर्न शान्तिको द्वीप बाल्न नसकेको स्थितिमा अर्थात् मानव बिनासक्रममा अत्यन्त हिंस्रक क्रान्तिकारी युद्धमा युग होमिरहेको अवस्थामा अन्य धर्मगुरूहरूको मन्त्रले शान्ति नहुने, किरात मुन्धुम मन्त्रले मात्रै शान्ति ल्याउनसक्ने तथ्यले महाशक्ति ज्ञानमन्त्रहरू यस मुन्धुमहरूमा समाविष्ट छ भन्ने बुझिन्छ।

तब मात्र मुन्धुमपथ, मुन्धुम दर्शनको उचाई र धर्मदर्शन हुबहु सफल हुन्छ भन्ने वास्तविकताले मुन्धुम दर्शन कतिको गहन छ, मानवीय छ, शान्तिको शक्ति समाहित छ भन्ने महाज्ञान महासत्यको उदघोषण माङवाणीद्वारा ईश्वरको सन्देश मानव धरातलमा दिनुभएको देन, त्यो दिनको भविष्यको प्रतीक्षामा सम्पूर्ण किरात धर्मावलम्बी अनुयायीहरु आशारत एवं अपेक्षारत छन्। यस पंक्तिलाई विश्लेशणात्मक ढंगले व्याख्या गर्नुपर्दा किरात धर्म र मुन्धुम विश्व शान्ति, विश्व मानवतावादीको लागि अचुक शस्त्र-अस्त्र, शान्तिको अमृत, मानवताको जीवन बुटी, जीवन सञ्जीवनी, जीवन प्राणाधार -प्राण सञ्चार गरिदिने र विश्व शान्तित्वको मूल सार, मुख्य बिन्दु मूल मुटु रहेछ भन्ने रहस्यमय तर अत्यन्त मानवतावादी शान्तिवादी धर्म रहेछ भन्ने ज्ञान उजागर गरिदिनु भएको छ। मुहिगुम अङसीमाङ फाल्गुनन्द तपस्वी साच्ची नै किरात कूलमा भगवानरूपि माङ अवतार आउनु भएको उल्लिखित माङवाणी माङइङघङले प्रमाणित गर्दछ।

मरण २००५ चैत २२

आफ्नो आयु नजिकिन्दै गएको थाहा पाएर तपस्वीले आफ्ना गोप्य चेलाभूला र मुख्य मुख्य माङहिमका पूजारीहरूलाई साह्रै गहिरो ढंगले उपदेश दिन थाल्नुभयो।

अब खाँडी लुगा फेर्दैछु, खासा खादी लाउन उत्तर जाँदैछु चीन, तासको चीन लगाउन जाने। म यहाँ नबस्ने यो पृथ्वी म हेर्न सक्दिन। अब चाँडै रक्त तलाउ हुन्छ। पछि तिमीहरूको सेवा पुग्यो भने फेरि आउँछु।

Z.४ ९Ž ५८Ž७ ŽŽ३१०५Z ५७ŽŽ४७ Ž१३Ž५ ५Ž०१ ॥ Ž१ŽŽ ५ŽŽ Z८१ ९ŽŽ. ३.५१॥ Ž१५Ž ५Ž५Ž ९Ž०.५ ५३ ॥ ९ŽŽŽ ९Z३ ५.५१ ॥ ९Z Ž१५Ž ५Ž५Ž ९Z Z१८५ ŽŽ८७ ९Ž ५८Ž७ ५१ ॥ ९Z ३१५ ५५५Ž४ ०ŽŽ ०.०. ३८३८ ५Ž१५ ९८Z१५Z ŽŽ१०१५Z ŽŽ५१ ॥ ५७Z१५४Z X-X ३४ V-V ३४ ९Ž३०. ५५०५५. ५ŽŽŽ७ ॥

तिमीहरूको भाग्य चन्द्र सूर्यको ज्योति झै, चर्खाजस्तो घुम्दै फिर्दै आउँदैछ। त्यो भाग्य समात्न सक्नुको लागि साह्रै चङखो, चनाखो, होशियार, सतर्क औ सदैव तत्परतामा रहनु। चन्द्रमाको ज्योतिर्मय चक्र, सूर्यको ज्योतिर्मय चक्र फिरिरीरी फिर्के झैं चन्द्र सूर्य घुमे झैं एकदिन न एकदिन आउदैछ। त्यस भाग्यलाई जोगाई राख्न संसारमा प्रयोग गर्न सारै नै सारै चेतनशील, ज्ञानशील, विवेकशील, ज्ञानकारी, आज्ञाकारी, विवेककारी भएर बस्नु, दिनरात सेवा गर्न नछोड्नु। त्यो भाग्य उम्क्यो भने फेरि ४/४ युग होइन ८/८ युग घुमेर आउँदा जाँदा पनि फेरि आउँदैन।

Z७ ९.३.८ ९Ž.८ ३७६१९७ ०१५ ९१८१५७ ८Ž

[illegible] ॥

मैले दिइ राखेको ज्ञान धर्मोपदेश, धर्म कर्म संस्कारगत सेवा आफ्नो जीउ समान सुन, चाँदी, धन सम्पति दिएर फकाउँदा पनि गर्न नछोडनु है। म फेरि किरात कुलमा संसारिक जीवनमा आउँछु, पुनः हाम्रो भेट हुन्छ। कुनै युग कालमा नलराजा र दमयन्ती रानीको छोरा राजकुमार थिए भन्ने गुप्त कुरा गर्नुहुने यिनै महापुरूष युगदर्शी त्रिकालज्ञ भगवानरूपि फाल्गुनन्द वि. सं. २००५ चैत २२ गते सोमबारको दिन अपरान्ह २–३ बजेको समयमा ६३ वर्ष ४ महिना २७ दिनको उमेरमा पान्थर याम्बोङ (इम्बोङ) को हाङयकमा मरणबिन्दु खेलबाट परमधाम हुनुभयो। आफ्नो इच्छा मरण र विवेक पूर्णदृश्य देखिएको पुष्पक विमान बसेको अगाडि नै प्राप्त सांकेतिक ठाउँ सिलौटिको ध्वजे डाँडामा दाह संस्कार अग्निमा चढाउने साथ छिनभरमै जलेर जानु र धुवाँको मुस्लो बटारिएर हिमालतर्फ हुइँकिनु साथै सिम्सीने पानी परी आगो आफ्सेआफ मार्नु दैविक शक्तिका लीला हुन्।



फाल्गुनन्दको अन्तिम समयको कुण्डली

यिनै महान् दार्शनिक फाल्गुनन्द अबको २१ औं शताब्दीका तेस्रो आयामिक दर्शनदाता, तेस्रो आँखाको रूपमा उदाउने गरी अस्ताउनु भयो। एक्काइसौं शताब्दीका महान् दार्शनिक आत्मातत्व, परमात्मातत्व र अनात्मातत्वका मूल व्याख्याता दर्शनदाताको दर्शनमा चुर्लुम्म डुबौं, युगानुकुल ब्याख्या विश्लेषण गरौं। यहीं र यत्ति आजलाई। सेवारो, चुरेरो।

मुहिगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको वंशवृक्ष



लेखकका कृतित्वहरू

१. धर्मगुरू आत्मानन्द लिङ्देनको जीवन परिचय - २०४२
२. किरात धर्म दर्शन प्रथम - २०४८, द्वितीय - २०५८, तृतीय - २०६६
३. किरात ज्योतिष गणित (मुन्धुम खाःइक) - २०५०
४. वर्णमाला-बान्तवा लिम्बु नेपालीमा प्रथम - २०५१, द्वितीय - २०५७
५. किरात राई खम्बूहरूको लिपि तथा भाषिक सन्दर्भ - २०५२
६. मुहिगुम अङसीमाङ फाल्गुनन्दबारे रोमाञ्चक अन्तर्वार्ता - २०५४
७. याःलाक्मा मुन्धुम धान नाचको उत्पति कसरी भयो - २०५६
८. किरात कर्मका संस्कार विधि - २०५७
९. किरात याक्थुङ पापोहाङ सेर्मावंशीहरूको चिनारी - २०५७
१०. किरात धर्म प्रश्नोत्तर माला प्रथम - २०५८, दोस्रो - २०६४
११. फक्ताङलुङ महादर्शन - २०५९
१२. धर्म र जीवन - २०६०
१३. पितामाता स्व. चतुरघोज रनमाया जीवनी - २०६३
१४. किरातका गाथा, कथा र लोककथा - २०६४
१५. मुहिगुम अङसीमाङ फाल्गुनन्दका चार अमर धाम - २०६६
१६. चन्द्रकुमार सेर्मा ५९औं जीवन यात्रा व्यक्तित्व कृतित्व - २०६६

प्रकाशक परिचय

नाम : **नरवीर (नरबहादुर) एभेङ लिम्बु**
जन्म : २०१७-०८-१०, सन्- २५-११-१९६०
श्रीमती : शान्ति आङबुहाङ एभेङ लिम्बु
पिता : शेरबहादुर एभेङ लिम्बु
माता : नन्दरानी चङबाङक्याक लिम्बु
ठेगाना : थिङलाबु-३, ताप्लेजुङ, मेची नेपाल,
ललितपुर उपमनपा विशाल चौक, हाल- हङकङ (चीन)
शिक्षा : माध्यमिक तह
फोन : ००८५२-२६२५१४१५ मो. नं: ००८५२-९६७४५९१२
भ्रमण : भारत, चीन, हङकङ, सिंगापुर, मलेसिया, न्यूजिलेण्ड, युके, जर्मन, ब्रुनाई, क्यानडा, इन्डोनेसिया, अमेरिका, फ्रान्स, फिजी, अष्ट्रेलिया

व्यक्तित्व :

बृटिश आर्मी राइफलमेन नं २११६२७०७-१० जी आर मा १५ वर्ष सेवा निवृत
सहकोषाध्यक्ष - किरात धर्म तथा साहित्य उत्थान संघ हङकङ चीन,
संस्थापक - किरात साम्जीक मुन्धुम निसामहिम भवन निर्माण, माङसेबुङ २०५६
संस्थापक - किरातेश्वर माङहिम निर्माण, भरौल सुनसरी,
आजीवन सदस्य - किरात धर्म तथा साहित्य उत्थान संघ,
आजीवन संरक्षक सदस्य - किरात ज्योतिष उत्थान संघ,
संस्थापक सदस्य - किरात साम्यो पेनथक्सुबा पान्जुम्भो

श्रीमतीको परिचय

नाम : **शान्ति आङबुहाङ एभेङ लिम्बु**
जन्म : २०२०-६-७, सन् २३-९-१९६३ सोमबार
ठेगाना : हाङपाङ ४, ताप्लेजुङ, मेची अञ्चल नेपाल
पिता : डिल्लीबहादुर आङबुहाङ लिम्बु
माता : सञ्चमाया चोङबाङ लिम्बु
शिक्षा : माध्यमिक तह
हाल : हङकङ, चीन
फोन : ००८५२-२६२५१४१५ मो: ००८५२-९८३४०८१४
भ्रमण : हङकङ, चीन, भारत, ब्रुनाई, सिंगापुर, यु के, सिन्चेई फक्ताङलुङ महातीर्थयात्रा २०६५

व्यक्तित्व :

आजीवन सदस्य - किरात धर्म तथा साहित्य उत्थान संघ
आजीवन संरक्षक सदस्य - किरात ज्योतिष उत्थान संघ
सचिव - किरात साम्यो माङसेवासाबा हङकङ चीन
निर्माण किरातेश्वर माङहिम, भरौल, सुनसरी
किरात साम्जीक मुन्धुम निसामहिम निर्माण २०५६

9789937 215442